# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको स्थापना वि.सं.२०४९ सालमा भएको हो । प्रतिष्ठित नूर प्रताप राणा र उनकी धर्म पत्नी गङ्गा राणाले यस पुरस्कार गुठीको स्थापना गरेका हुन् । नेपाली भाषा, साहित्य एवम् गीत सङ्गीतको क्षेत्रमा विशिष्ट योगदान दिने स्रष्टाहरूलाई सम्मान गर्ने उद्देश्यले उक्त पुरस्कार गुठीको स्थापना गरिएको हो । उक्त गुठीले राष्ट्रिय स्तरका र लुम्बिनी अञ्चल अन्तर्गत ६ जिल्लाका नवप्रतिभा र स्थापित प्रतिभाले नेपाली साहित्य, बाल साहित्य र लोक गीत गायनका क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन गरी पुरस्कृत र सम्मानित गर्ने विशिष्ट उद्देश्य लिएको छ । साथै आवश्यक देखिएमा स्रोतको विचार गरी पुरस्कृत कृतिको प्रचार-प्रसार गर्ने उद्देश्य पनि यस संस्थाले लिएको छ । प्रथम पटक यस गुठीका संस्थापक तथा संरक्षक श्री नूर प्रताप राणा र अध्यक्षमा श्रीमती गङ्गा राणा तथा उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षमा क्रमशः डा. चूडामणि वन्धु, श्री शिवभक्त शर्मा र श्री रामबाबु नेपाल रहेका थिए । त्यसै गरी गुठीका सदस्यहरूमा श्री विद्यानाथ नेपाल, श्री गोपीकृष्ण शर्मा, श्री शम्भुप्रताप राणा, श्री कुन्दनप्रताप राणा तथा अमर के.सी.रहेका थिए । यस गुठीले राष्ट्रिय र क्षेत्रीय स्तरमा रहेका नवप्रतिभा र स्थापित प्रतिभा गरी आठ विधामा दुई-दुई वर्षमा पुरस्कार वितरण गर्दछ । यस गुठीले पाल्पा जिल्लाका सामुदायिक माध्यमिक विद्यालयबाट सर्वाधिक अङ्क प्राप्त गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने एक जना छात्रा र एकजना छात्रलाई ५/५ हजारका दरले प्रत्येक वर्ष नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार प्रदान गर्दछ । यसरी हेर्दा यस गुठीले प्रत्येक दुई वर्षमा नौ प्रकारका पुरस्कार प्रदान गर्दछ ।

## १.२ समस्या कथन

नेपाली साहित्यमा नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीले पुऱ्याएको योगदानका बारेमा यस अघि त्यति धेरै चर्चा-परिचर्चा हुन सकेको थिएन । त्यसैले नेपाली साहित्यमा नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीले पुऱ्याएको योगदानका बारेमा अध्ययन गर्नु नै यस शोध कार्यको प्रमुख समस्या रहेको छ । यस शोध कार्यमा निम्न समस्याहरू रहेका छन् :

(१) नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको परिचय के कस्तो छ ?,

(२) नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट के कति प्रकारका पुरस्कारहरू दिइएका छन् ?,

(३) नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत के कस्ता कृति र कृतिकारहरू रहेका छन् ?,

(४) नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले नेपाली साहित्यमा के कस्तो योगदान दिएको छ ?

## १.३ शोध कार्यको उद्देश्य

प्रस्तुत शोध कार्यको उद्देश्य नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको अध्ययन गर्नु रहेको छ । यस क्रममा यो शोध कार्यमा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत प्रमुख स्रष्टाका बारेमा अध्ययन गर्नु प्रमुख उद्देश्य रहेको छ । यस शोध पत्रमा निम्न उद्देश्यहरू रहेका छन् :

(१) नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको परिचय दिनु,

(२) नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट दिइएका पुरस्कारहरूको विवरण दिनु,

३) नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत कृति र कृतिकारहरूको परिचय दिनु,

(४) नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले नेपाली साहित्यमा दिएको योगदानको निर्क्योल गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीका प्रतिनिधि प्रतिभाहरू र तिनका कृतिहरूको समग्र रूपमा अध्ययन गरिएको छैन तापनि केही शोध कार्य, पुस्तक एवम् पत्रपत्रिका आदिमा यस गुठीको साहित्यिक गतिविधि र योगदानबारे आंशिक रूपमा चर्चा गरिएको पाइन्छ । नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीका साहित्यिक गतिविधिहरूका सम्बन्धमा भएका केही अध्ययन कार्यलाई यहाँ पूर्वकार्यको समीक्षाका रूपमा वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ :

प्रमोद प्रधानले **नूर–गङ्गा बाल साहित्य पुरस्कार र नेपाली बाल साहित्य** शीर्षकको लेखमा नेपालमा रहेका बाल साहित्यमा पुरस्कार दिने सङ्घ-संस्थाहरूको विवरण दिँदै बाल साहित्यमा पुरस्कार दिने यो नेपालको पाँचौ संस्था भएको कुरा उल्लेख गरेका छन् ।

भवेश्वर पंगेनीले **नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको पहिलो वर्ष** (२०४९-५०) **एक सिंहावलोकन** शीर्षकको लेखमा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको पहिलो वर्षमा भएका क्रियाकलापहरूको समीक्षा गरेका छन् र उनले नेपाली साहित्यमा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले राष्ट्रिय स्तर र क्षेत्रीय स्तरका स्थापित तथा नवप्रतिभाहरूलाई सम्मान गरेको कुरा उल्लेख गरेका छन् ।

यी बाहेक नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीका बारेमा त्यति धेरै चर्चा-परिचर्चा भएको पाइँदैन । यसरी नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको साहित्यक गतिविधि तथा त्यस संस्थाले नेपाली साहित्यमा गरेको योगदानका बारेमा विस्तृत, व्यवस्थित र पूर्ण अध्ययन हुन सकेको छैन । त्यसैले नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले नेपाली साहित्यमा पुऱ्याएको योगदानको समग्र विश्लेषण यस शोध कार्यमा गरिएको छ ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यको विकासमा योगदान दिने नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीका बारेमा यस शोधपत्रमा अध्ययन गरिएको छ । यस प्रकारको क्षेत्रीय अध्ययनले सम्बन्धित क्षेत्रको साहित्यको परम्परा र विकास आदिलाई प्रकाशमा ल्याउने हुनाले यसको महत्त्व रहेको छ । यस विषयमा जानकारी लिन चाहने जिज्ञासु पाठकहरूका लागि पनि यस्तो

संस्थागत अध्ययन सूचनाप्रद एवम् उपयोगी बन्न सक्छ । यस शोधपत्रमा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीका बारेमा व्यवस्थित र प्रामाणिक अध्ययन गरिएको हुँदा यसले संस्थागत अध्ययन-अनुसन्धान परम्पराको विकासमा पनि टेवा पुऱ्याउन सक्छ, साथै समग्र नेपाली साहित्यमा पनि पर्याप्त सामग्री उपलब्ध गराउने हुँदा प्रस्तुत शोध कार्यको औचित्य स्वतः स्पष्ट हुन्छ । यसका साथै भविष्यमा शोध कार्य गर्न चाहने शोधार्थीहरूका लागि पनि आवश्यक ऊर्जा प्रदान गर्ने भएकाले प्रस्तुत शोधपत्र उपयोगी रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोध कार्यमा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको क्रियाकलापको सीमाभित्र रही यस गुठीको इतिहासको अध्ययन गरिएको छ । नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको परिचय, नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट दिइएका पुरस्कारहरूको विवरण, नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत कृति र कृतिकारहरूको परिचय दिइएको छ । नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले नेपाली साहित्यमा दिएको योगदानको निक्यौंल गरिएको छ । नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत सम्पूर्ण प्रतिभाहरूको सङ्क्षिप्त विवरण र परिचय दिनु र यस गुठीले नेपाली साहित्यमा दिएको योगदानको मूल्याङ्कन गर्नु नै यस शोध कार्यको सीमाङ्कन रहेको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोधपत्रमा शोधविषयसँग सम्बद्ध आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका निमित्त क्षेत्रीय अध्ययन पद्धति र पुस्तकालयीय स्रोत उपयोग गरिएको छ । प्रस्तुत शोध विषयसँग सम्बन्धित पत्रपत्रिका, टीकाटिप्पणी एवम् समीक्षा आदिलाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विद्वान्, समालोचक, प्राध्यापक एवम् सङ्घ-संस्थाहरूबाट पनि आवश्यक जानकारी एवम् परामर्श लिइएको छ । यसै क्रममा नूर-गङ्गा

प्रतिभा पुरस्कार गुठीको पुरस्कार वितरणको परम्परा र विकासको अध्ययन गर्दै पुरस्कृत प्रतिभाहरूको जीवनी प्रस्तुत गर्ने क्रममा जीवनीपरक समालोचना प्रणालीलाई अवलम्बन गरिएको छ । त्यस्तै विविध कृतिहरूको अध्ययन गर्दा वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिद्वारा प्रतिनिधि प्रतिभाका कृतिहरूको अध्ययन गरिएको छ ।

## १.८ शोध कार्यको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित छ परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । उक्त विभाजनलाई पनि आवश्यकता अनुसार उपशीर्षकहरूमा राखी व्यवस्थित ढङ्गले शोधपत्र तयार पारिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको परिचय |
| तेस्रो परिच्छेद | : | नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट दिइएका पुरस्कारहरूको विवरण |
| चौथो परिच्छेद | : | नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत कृति र कृतिकारहरूको परिचय |
| पाँचौ परिच्छेद | : | नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको नेपाली साहित्यमा योगदान |
| छैटौ परिच्छेद | : | उपसंहार/निष्कर्ष |

सन्दर्भ ग्रन्थ सूची

परिशिष्ट

# दोस्रो परिच्छेद

# नूर-गङ्गा प्रतिभा पुरस्कारको सङ्क्षिप्त परिचय

## २.१ परिचय

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको स्थापना २०४९ सालमा भएको हो । उक्त गुठीको स्थापना नूर प्रताप ज. ब. रा र उनकी श्रीमती गङ्गा राणाले स्थापना गरेका हुन् । यस गुठीको कार्यलय काठमाडौं महानगरपालिका-३२, मैतीदेवीमा रहेको छ । नेपाली भाषा, साहित्य, गीत सङ्गीत तथा विशिष्ट प्रतिभालाई सम्मान गर्ने उद्देश्यले उक्त गुठीको स्थापना गरिएको हो । उक्त गुठीले राष्ट्रिय स्तरका र लुम्बिनी अञ्चल अन्तर्गत ६ जिल्लाका नवप्रतिभा र स्थापित प्रतिभाले नेपाली साहित्य, बाल साहित्य, लोक साहित्य र गायनका क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन गरी पुरस्कृत र सम्मानित गर्ने विशिष्ट उद्देश्य लिएको छ । साथै आवश्यक देखिएमा स्रोतको विचार गरी पुरस्कृत कृतिको प्रचार प्रसार गर्ने उद्देश्य पनि यस संस्थाले लिएको छ ।

प्रथम पटक यस गुठीको संस्थापक श्री नूर प्रताप राणा संरक्षक र अध्यक्षमा श्रीमती गङ्गा राणा तथा उपाध्यक्ष, सदस्य सचिव र कोषाध्यक्षमा क्रमश डा. चूडामणि बन्धु, श्री शिवभक्त शर्मा र श्री रामबाबु नेपाल रहेका थिए । त्यसै गरी गुठीका सदस्यहरूमा विद्यानाथ नेपाल, श्री गोपीकृष्ण शर्मा, शम्भुप्रताप राणा, कुन्दन प्रताप राणा तथा अमर के.सी. रहेका थिए । यस गुठीले राष्ट्रिय र क्षेत्रीय स्तरमा रहेका नव प्रतिभा र स्थापित प्रतिभा गरी ८ विधामा दुई दुई वर्षमा पुरस्कार वितरण गर्दछ । यस गुठीले पाल्पा जिल्लाको सामुदायिक माध्यमिक विद्यालयबाट सर्वाधिक अङ्क प्राप्त गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने एक जना छात्रा र एक जना छात्रलाई पाँच पाँच हजारका दरले प्रत्येक एक वर्ष नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार प्रदान गर्दछ । यसरी हेर्दा यस गुठीले प्रत्येक दुई वर्षमा नौ प्रकारका पुरस्कार प्रदान गर्दछ ।

## २.२ स्थापनाका उद्देश्यहरू

उद्देश्य विना कुनै पनि कार्य सफल हुन सक्दैन । निश्चित उद्देश्य लिएर प्रारम्भ भएको संस्था नै गन्तव्यमा पुग्न सक्दछ । नेपाली भाषा साहित्य र संस्कृतिको संरक्षण र

सम्बर्द्धन गर्न स्थापना भएको नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीले आफ्नो उद्देश्य विधान मार्फत व्यवस्थित र नियमित गर्दै लगेको देखिन्छ ।

(क) निम्न अनुसार चारथरीको पुरस्कारहरूको प्रबन्ध गर्ने

१. बाल  साहित्यको क्षेत्रमा योगदान गर्ने प्रतिभाको छनौट गरी प्रत्येक दुई वर्षमा प्रदान गरिने रु २१,५०१ (अक्षरेपि एक्काइस हजार पाँच सय एक रुपियाँ) र नूर-गङ्गा समावेश भएको नूर-गङ्गा बाल  प्रतिभा पुरस्कार ।

२. लोक गीत  र गायनका क्षेत्रमा प्रत्येक वर्ष प्रदान गरिने रु २१, ५०१ (अक्षरेपी एक्काइस हजार पाँच सय एक रुपियाँ) र सम्मान पत्र समावेश भएको नूर-गङ्गा संस्कृति लेखन पुरस्कार ।

३. साहित्यका लोक गीत  र गायनका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका ६ जिल्लाहरू (पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रूपन्देही र नवलपरासी) का प्रतिभालाई प्रदान गरिने रु २०,००० ( अक्षरेपी बीस हजार) को नगद पुरस्कार र सम्मान पत्र समावेश भएको नूर-गङ्गा प्रतिभा पुरस्कार ।

४. पाल्पा जिल्लाको सामुदायिक विद्यालयका दुई विद्यार्थीलाई प्रतिवर्ष प्रदान गरिने पाँच हजारका दरले जम्मा रु १०,००० (अक्षरेपी दश हजार) को शैक्षिक पुरस्कार र प्रशंसा पत्र ( सुवेदी र अन्य,२०६६:७-१३)।

(ख) बाल साहित्य र लोक गीत गायनका क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तिलाई सम्मानित गर्ने ।

(ग) पुरस्कार पाउने प्रतिभा छनौटको आधार निश्चित गर्ने ।

(घ) पुरस्कार वितरण कार्यक्रम आयोजना गर्ने ।

(ङ) आवश्यक देखिएमा स्रोतको विचार गरी पुरस्कृत कृतिको प्रचार गर्ने ।

(च) गुठीको आय-व्यय हिसाब किताब व्यवस्थित राख्ने ।

(छ) अन्य आवश्यक कार्य गर्ने

उपर्युक्त उद्देश्यहरू बोकेर स्थापना भएको नूर–गङ्गा साहित्य सङ्गमले आफ्नो १८ वर्षीय यात्रा विभिन्न आरोह अवरोह छिचोल्दै पार गरिसकेको छ । यस अवधिमा सङ्गमले भाषा-साहित्य र संस्कृतिको संरक्षण, प्रचार-प्रसारका साथै इतिहास र पुरातात्विक क्षेत्रमा गरेको खोज अनुसन्धान उल्लेख्य रहेका छन् । यसै गतिमा संस्थाको यात्रा निरन्तर रहेमा आगामी दिनहरूमा आफ्नै लक्ष्यमा पुग्ने आशा गर्न सकिन्छ ।

## २.३ गुठीको गठन र सदस्यता सम्बन्धी व्यवस्था

गुठीको स्थाई अङ्गको रूपमा साधारण सभा र प्रबन्ध समिति रहेको छ । गुठीको उद्देश्यमा सघाउ पुऱ्याउन सक्ने भनी संरक्षकले नियुक्ति गरेका व्यक्ति साधारण सभाको सदस्य हुने व्यवस्था छ । साधारण सभाका सदस्य मध्येबाट नै प्रबन्ध समितिको गठन गर्ने प्रावधान छ । साधारण सभाको काम, कर्तव्य र अधिकार निम्न अनुसार छन् ।

) साधारण सभाले मूल्याङ्कन परिषद् र प्रबन्ध समितिले पुरस्कारको लागि छनौट गरी सिफारिस गरेका प्रतिभाको सम्बन्धमा आवश्यक छानविन गरी अनुमोदन गर्ने ।

) आवश्यक ठानेमा वैकल्पिक प्रतिभाको नाम समेत पुनः विचारका लागि सिफारिस गर्न निर्देशन दिने ।

) गुठीको हिसाब किताब अनुमोदन गर्ने ।

) गुठीको काम कारवाहीलाई प्रभावकारी बनाउने उपायबारे सुझाव दिने ।

) कुनै सदस्यले गुठीको उद्देश्य विपरीत कार्य गरेमा दुई तिहाइ बहुमतबाट सदस्यताबाट हटाउने ।

) गुठीको उद्देश्यमा सघाउ पुऱ्याउन सक्ने भनी यस गुठीका संरक्षकले नियुक्त गरेका व्यक्ति यस गुठीको सदस्य हुन सक्ने छन् (सुवेदी र अन्य,२०६६:४३-४५)।

### २.३.१ पदाधिकारिको काम र कर्तव्य

१) **प्रवन्धक :** गुठीको उद्देश्य प्राप्तिका लागि प्रबन्ध समितिबाट भएका कामकारवाहीको रेखदेख एवम् निगरानी राख्ने र त्यसमा पर्न आएका समस्याहरूको समाधानका लागि निर्देशन दिने ।

२) **अध्यक्ष :** गुठीको बैठक बोलाउन सदस्य-सचिवलाई निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने, गुठीको कामकारबाहीको रेखदेख गर्ने, समन्वय गर्ने र पुरस्कार प्रदान गर्ने विषयमा बराबर मत परेमा निर्णायक मत दिने ।

३) **उपाध्यक्ष** : गुठीका अध्यक्षको काममा सघाउने र अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

४) **सदस्य सचिव :** गुठीको सम्पूर्ण प्रशासनिक काम कारवाही गर्ने, अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने, निर्णय पुस्तिका व्यवस्थित र सुरक्षित गरी राख्ने गुठीको काम कारवाही बारे सदस्यहरूलाई जानकारी दिने ।

५) **कोषाध्यक्ष :** गुठीको कोषको हिसाब किताब व्यवस्थित राख्ने, गुठीको उद्देश्य अनुसार कोषको परिचालन गर्ने, हिसाब किताबको लेखा परीक्षण गराउने (सुवेदी र अन्य,२०६६:४१-४२)।

## २.४ साधारण सभा र कार्यसमिति

गुठीको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने भनी संरक्षकले मनोनयन गरेका सबै व्यक्ति यस गुठीको साधारण सभाका सदस्य हुने छन् भन्ने व्यवस्था गरिएको छ (सुवेदी र अन्य,२०६६:४१)।

## २.५ सङ्गठनात्मक स्वरूप

सङ्घसंस्था स्थापना गरिसकेपछि त्यसलाई जीवन्त तुल्याउन, गति दिन र लक्ष्य अनुसार निरन्तरता प्रदान गर्न सङ्गठनात्मक स्वरूप निर्धारण गर्नुपर्ने हुन्छ । सङ्गठित व्यक्तिहरूको आ-आफ्नो जिम्मेवारी रहेको हुन्छ र सोही अनुरूप एउटा सिङ्गो संस्था

सञ्चालित भइरहेको हुन्छ । त्यस्तै नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी पनि सङ्गठित रूपमा अगाडि बढिरहेको साहित्यिक संस्था हो । नूर-गङ्गा प्रतिमा पुरस्कार गुठीको विधान २०४९ अनुसार सङ्गठनात्मक स्वरूप निम्न अनुसार रहेको छ :

| | | |
|---|---|---|
| संरक्षक | – | १ |
| अध्यक्ष | – | १ |
| उपाध्यक्ष | – | १ |
| कोषाध्यक्ष | – | १ |
| सदस्य | – | ५ |
| सदस्य सचिव | - | १ |

यसरी ४ पदाधिकारी र ५ सदस्य गरी जम्मा ९ सदस्यीय केन्द्रीय कार्यसमितिको रहने व्यवस्था गरेका पाइन्छ (सुवेदी र अन्य,२०६६:४०) । केन्द्रीय समितिका ९ जना पदाधिकारीहरू र सदस्यहरू प्रत्येक २ वर्षमा साधारण सभाले चयन गर्नुका साथै ५ सदस्यीय सल्लाहकार समितिको पनि गठन गर्दछ ।

वि. सं. २०४७ को प्रजातान्त्रिक शासन पद्धतिको सुरुवात सँगै स्थापना भएको नूर-गङ्गा प्रतिमा पुरस्कार गुठीले नेपालको भाषा, संस्कृति, कला साहित्य र इतिहासको प्रचार प्रसार र संरक्षणका साथै पुरातत्व सम्बन्धी खोज अनुसन्धान गर्दै यस क्षेत्रलाई राष्ट्रिय स्तरमा पहिचान गराउने उद्देश्य लिएर स्थापना भएको यस संस्थाको प्रथम नेतृत्व समाज सेवीले गरेको पाइन्छ (सुवेदी र अन्य, २०६६:४) ।

वि. सं. २०४९ को अवसर पारेर ९ सदस्यीय केन्द्रीय कार्य समितिको गठन भएको पाइन्छ । यो विधान परिवर्तन भई पछि ११ सदस्यीय हुने व्यवस्था गरिएको छ । जुन यस संस्थाको पुस्तिका र मुख पत्रमा निम्न अनुसार उल्लेख गरिएको छ :

संरक्षक : श्री नूर प्रताप ज.ब.रा.

अध्यक्ष : चूडामणि बन्धु

उपाध्यक्ष : श्री शिवभक्त शर्मा

कोषध्यक्ष : श्री अमीर प्रताप ज.ब.रा.

सदस्य : प्रा. गोपीकृष्ण शर्मा

सदस्य : प्रा. राजेन्द्र सुवेदी

सदस्य : डा. गोविन्द नेपाल

सदस्य : भवेश्वर पंगेनी

सदस्य : श्रीमती जानुकी राणा

सदस्य : श्रीमती रक्षा पहाडी

सदस्य : श्रीमती विदुषी राणा

सदस्य सचिव : श्री यज्ञ प्रसाद शर्मा

## २.६ आर्थिक स्रोत

गुठीको स्रोत संरक्षकले अक्षय कोषका लागि रु दुई लाख एक हजार एक रुपैयाँ प्रदान गर्नु भएको रकम र त्यसबाट आर्जित व्याज, लाभांश आदि रहेको छ । गुठीको कोष वाणिज्य बैङ्कमा मुद्धति वा वचत खाता खोलेर अथवा राष्ट्रिय वचत पत्र अथवा ऋण पत्रमा लगानी गर्न सक्ने व्यवस्था गरेको छ (सुवेदी र अन्य,२०६६:४२) ।

पहिलो पटक अक्षय कोषलाई प्राप्त भएको रकममा संरक्षकको इच्छानुसार वृद्धि गर्न सक्ने व्यवस्था गरेको छ । गुठीको कोषको सञ्चालक प्रबन्ध समितिको निर्णय अनुसार रहेको छ । प्रत्येक वर्ष कानुनी मान्यता प्राप्त लेखापरीक्षकबाट हिसाब किताबको लेखापरीक्षण गराई जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन पेश गर्ने व्यवस्था गरेको छ (सुवेदी र अन्य,२०६६:४३) ।

## २.७ पुरस्कार सम्बन्धी व्यवस्था

नेपाली साहित्य, सङ्गीत  कला र अन्य क्षेत्रमा राष्ट्रिय तथा क्षेत्रीय स्तरमा योगदान गरी स्थापित भएका साधक तथा नवप्रतिभालाई सम्मानित र पुरस्कृत गर्ने उद्देश्यले नूर–गङ्गा प्रतिमा पुरस्कार गुठी वि.सं. २०४९ मा नूर प्रताप ज.ब.रा र उहाँकी धर्मपत्नी गङ्गा राणाबाट साहित्य कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका प्रतिभाहरूलाई बाल साहित्य तथा संस्कृति संरक्षणको क्षेत्रमा योगदान पुऱ्याउने राष्ट्रिय स्तरको लेखकलाई तथा पाल्पा जिल्लाबाट प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउने दुई जना छात्र-छात्रालाई प्रत्येक वर्ष पुरस्कृत गर्ने, लुम्बिनी अञ्चलका साहित्य, कला र संस्कृतिका क्षेत्रमा योगदान दिने प्रतिभालाई पुरस्कृत गर्ने अभिप्रायले सुरुमा रु २,०१,००१।- (अक्षरेपी दुई लाख एक हजार एक रुपैयाँ) राखी अक्षयकोष खडा भएको थियो । हाल आएर उक्त अक्षय कोषको रकममा वृद्धि गरी रु १०,००,००० ।- (अक्षरेपी दस लाख रुपैया) पुऱ्याइएको छ र २०५८ सालदेखि राष्ट्रिय स्तरमा बाल  साहित्य र संस्कृतिका क्षेत्रमा योगदान पुऱ्याउने प्रतिभालाई समेत सम्मान गर्ने प्रक्रियाको थालनी गरी डा. टीकाराम पन्थी, कवीन्द्रमान सिंह पनि यस गुठीबाट सम्मानित भइ सक्नु भएको छ । अहिले यसै वर्षदेखि पुरस्कारलाई सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई दिने लुम्बिनी अञ्चलका साहित्यकार तथा लोक गीत गायनका क्षेत्रमा विशिष्ट योगदान दिने प्रतिभालाई र राष्ट्रिय स्तरमा बाल  साहित्य र लोक गायनका क्षेत्रका प्रतिभाहरूलाई दिने गरी साधारण सभाले विधानमा परिवर्तन गरेको छ । संस्थापक द्वयको उदारता र महानताबाट स्थापित यो पुरस्कार नेपालका विशिष्ट पुरस्कारहरू मध्येमा पर्दछ । गुठीको उचित परिचालनका लागि हाल ९ सदस्यीय प्रबन्ध समिति र साधारण सभा सदस्यहरूको व्यवस्था गरिएको छ । यसरी आजको परिस्थितिमा अधिकांश मानिसहरू आफू र आफ्ना बारेमा मात्र सोच्न बाध्य हुनु पर्ने अवस्थामा साहित्य, बाल  साहित्य, लोक गीत गायन तथा शिक्षा क्षेत्रका व्यक्तिहरूलाई प्रोत्साहन दिने हेतुले पुरस्कारको व्यवस्था गर्न यो गुठी स्थापित गरिएको हो । अक्षय कोष खडा गरी त्यसमा समय समयमा धनराशी थप्दै जाने  श्री नूर प्रताप ज. ब. राणा र स्व.

गङ्गा राणाको साहित्य प्रेम लोक गीत  र सङ्गीतप्रतिको समर्पण एवम् उदारता प्रशंसनीय रहेको छ (सुवेदी र अन्य,२०६६:७)।

## २.८ गुठीको सम्मान र पुरस्कारको विवरण

यस गुठीद्वारा दिइने सम्मान र पुरस्कारको विवरण निम्न प्रकारका रहेका छन्:

१) राष्ट्रिय स्तरमा बाल  साहित्यको क्षेत्रमा योगदान गर्ने स्थापित प्रतिभाको छनोट गरी एक वर्ष बिराएर रु २१,५०१ ।-(एक्काइस हजार पाँच सय एक) को नूर-गङ्गा बाल  साहित्य पुरस्कार,

२) राष्ट्रिय स्तरमा नेपाली लोक गायनमा विशिष्ट योगदान दिने स्थापित प्रतिभालाई  एक वर्ष बिराएर रु २१,५०१ ।- (एक्काइस हजार पाँच सय एक)  को नूर-गङ्गा लोक गीत गायन पुरस्कार,

३)  नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका ६ जिल्लाहरू ( पाल्पा, गुल्मी, अर्घाखाची, कपिलवस्तु, रूपन्देही र नवलपरासी) का स्थापित प्रतिभालाई रु २०,००१।- (बिस हजार एक)को नूर-गङ्गा प्रतिभा पुरस्कार एक वर्ष बिराएर प्रदान गरिने,

४) लुम्बिनी अञ्चलका लोक गीत क्षेत्रमा योगदान गर्ने प्रतिभालाई  प्रत्येक वर्ष २०,००१।- (बिस हजार एक) रकमको लुम्बिनी अञ्चल स्तरीय नूर-गङ्गा प्रतिभा पुरस्कार,

५) राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान गर्ने नव प्रतिभाको छनोट गरी एक वर्ष बिराएर रु १०,००१।- (दस हजार एक)को नूर-गङ्गा बाल  साहित्य पुरस्कार,

६) राष्ट्रिय स्तरमा नेपाली लोक गायनका योगदान दिने नव प्रतिभालाई  एक वर्ष बिराएर रु १०,००१।- (दस हजार एक) को नूर-गङ्गा लोक गीत गायन पुरस्कार,

७) नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका ६ जिल्लाहरूका नव प्रतिभालाई  १०,००१।- (दस हजार एक)को नूर-गङ्गा पुरस्कार एक वर्ष बिराएर प्रदान गरिने,

८) लुम्बिनी अञ्चलका लोक गीत गायनका क्षेत्रमा योगदान दिने नवप्रतिभालाई प्रत्येक वर्ष १०,००१।- (दस हजार एक) रकमको लुम्बिनी अञ्चल स्तरीय नूर-गङ्गा प्रतिभा पुरस्कार,

९) पाल्पा जिल्लाका सामुदायिक माध्यमिक विद्यालयबाट सर्वाधिक अङ्क प्राप्त गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने एकजना छात्रा र एकजना छात्रलाई ५,५ हजारका दरले प्रत्येक वर्ष दिइने नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार (सुवेदी र अन्य,२०६६:८-१०)।

## २.९ मूल्याङ्कन समिति

पुरस्कार पाउने प्रतिभाको छनोट गर्नका लागि सम्बन्धित विषयमा दक्षता हासिल गरेका महानुभावहरू मध्येबाट बढीमा ५ जनासम्मको मूल्याङ्कन उपसमितिको गठन गरी प्रतिभाको छनौट गरिन्छ । पुरस्कार वितरण समारोह पश्चात् उपसमितिको स्वतः विघठन हुने व्यवस्था गरिएको छ । मूल्याङ्कन समितिको काम र कर्तव्य निम्न अनुसार रहने व्यवस्था गरिएको छ :

क) पुरस्कारका लागि प्रबन्ध समितिको माध्यमबाट प्राप्त सिफारिस तथा निवेदन र त्यस साथ प्राप्त कृतिको विवरण राख्ने ।

ख) प्राप्त सिफारिस तथा निवेदनको मूल्याङ्कन गर्ने ।

ग) मूल्याङ्कनको आधार समेत प्रबन्ध समितिलाई सिफारिस गर्ने ।

घ) मूल्याङ्कन बारे प्रबन्ध समितिबाट कारण सहित पुनर्विचार गर्न अनुरोध भई आएमा पुनर्विचार गरी आफ्नो राय सहित सिफारिस गर्ने ।

ङ) मूल्याङ्कन भई पुरस्कारको घोषणा भइसकेपछि प्राप्त हुन आएका सिफारिस तथा निवेदन पत्र संलग्न कृति प्रबन्ध समितिलाई उपलब्ध गराउने (सुवेदी र अन्य, २०६६:४१)।

## २.१० पुरस्कारका आधारहरू

नूर-गङ्गा शैक्षिक पुरस्कार बाहेक अन्य पुरस्कारका आधार निम्न अनुसार राखिएका छन् :

(क) साहित्यका विभिन्न विधा र समालोचनालाई पनि यस पुरस्कारका सन्दर्भमा साहित्यका रूपमा लिइने,

(ख) अन्य क्षेत्रमा बाल साहित्यको जुनसुकै परिभाषा भए तापनि यस पुरस्कारको प्रयोजनका निमित्त १५-१६ वर्षसम्मका बाल वालिकाहरूका निम्ति लेखिएका कथा, कविता, उपन्यास, नाटक, निबन्ध आदिका साथै जीवनी, साहित्यिक कथा, वैज्ञानिक आख्यान आदि र बाल साहित्यको समालोचना ग्रन्थलाई पनि बाल साहित्य मानी शिशु साहित्य वा किशोर साहित्य भनी उल्लेख गरिएका कृतिलाई पनि यो पुरस्कार दिइने,

(ग) साहित्य र बाल साहित्यका सम्बन्धमा विधानमा उल्लेख भएका व्यहोरा अपर्याप्त भई यस बारे थप व्याख्या गर्नुपर्ने अवस्थामा प्रबन्ध समितिले मूल्याङ्कन उपसमितिको परामर्श लिई त्यस्तो व्याख्या गर्न सक्ने व्यवस्था गरिएको छ।

(घ) प्रतिभाको छनौट निम्नलिखित कुनै एक आधारमा प्राप्त विवरणको मूल्याङ्कनद्वारा गर्न सक्ने नियम बनाइएको छ :

१. कुनै व्यक्ति, सरकारी वा गैरसरकारी संस्थाले प्रतिभाको योगदानको विवरण स्पष्ट खुलाई गरेको सिफारिका आधारमा,

२. मूल्याङ्कन उपसमिति वा प्रबन्ध समितिका कुनै तिन सदस्यले प्रतिभाको योगदान बारे गरेको सिफारिसका आधारमा,

३. प्रतिभाको कृति र योगदान बारे सम्बन्धित विषयका दुई जनाको सिफारिस सहित गुठीमा पेस गरिएको निवेदनका आधारमा,

४. नवप्रतिभालाई दिइने पुरस्कार ३० वर्ष भित्रका नवप्रतिभालाई दिइने,

५. स्थापित प्रतिभाले कम्तिमा १० वर्ष निरन्तर योगदान गरेको हुनु पर्ने,

६. कुनै प्रकाशित कृतिका आधारमा सिफारिस गर्नेले बितेका २ वर्षभित्र प्रकाशित कृतिलाई मात्र सिफारिस गर्नु पर्ने र एक पटक सिफारिस भइ सकेको कृति पुनःसिफारिस गर्न नपाइने (सुवेदी र अन्य,२०६६:८-१०)।

## २.११ निष्कर्ष

नूर गंगा प्रतिभा पुरस्कार गुठी २०४९ सालमा दर्ता भई २०५० सालदेखि पुरस्कार दिने व्यवस्था गर्दै आएको छ । गुठीको विधानमा यसको परिचय, स्थापनाका उद्देश्यहरू, सदस्यता सम्बन्धि व्यवस्था, कार्यसमिति गठन तथा काम कर्तव्य र अधिकार, आर्थिक स्रोत, पुरस्कार सम्बन्धी व्यवस्था तथा वितरण, मूल्याङ्कन समिति तथा पुरस्कार वितरणका आधारहरूलाई स्पष्ट सँग उल्लेख गरेको पाइन्छ । यस गुठीबाट वितरण गरिने पुरस्कारहरू पटक-पटक परिवर्तन भएको पाइन्छ ।

## तेस्रो परिच्छेद

## नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट दिइएका पुरस्कारहरूको विवरण

### ३.१ परिचय

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले २०४९ सालदेखि स्थापना भए यता विभिन्न पुरस्कारहरू विभिन्न प्रतिभाहरूलाई दिइ सकेको छ । यस क्रममा यस संस्थाले नूर-गङ्गा संस्कृति लेखन पुरस्कार २०५० सालदेखि प्रदान गर्न थालेको हो । जसले गर्दा नेपाली भाषामा संस्कृति सम्बन्धी खोज अनुसन्धान गर्नेहरूलाई थप प्रेरणा मिलेको कुरा उल्लेख गरिएको छ । यहाँ यस गुठीद्वारा प्रदान गरिएका पुरस्कारहरूको उल्लेख गरिएको छ ।

### ३.२ नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट दिइएका पुरस्कारहरूको विवरण

यस गुठीले विभिन्न समयमा विभिन्न पुरस्कारहरू प्रदान गरेको छ । ती पुरस्कारहरूमा १) नूर-गङ्गा राष्ट्र स्तरीय विशिष्ट पुरस्कार तथा सम्मान, २) कला संस्कृतितर्फ उल्लेख्य योगदान दिनेहरू, ३) नूर-गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार, ४) नूर-गङ्गा स्थापित राष्ट्रिय लोक गायन पुरस्कार, ५) लुम्बिनी अञ्चल स्तरीय स्थापित नूर-गङ्गा साहित्य पुरस्कार, ६) लुम्बिनी अञ्चल स्तरीय नूर-गङ्गा प्रतिभा पुरस्कार, ७) नूर-गङ्गा बाल साहित्य नव प्रतिभा पुरस्कार, ८) नूर-गङ्गा लोक गीत गायन पुरस्कार, ९) नूर-गङ्गा प्रतिभा पुरस्कार १०) लुम्बिनी अञ्चल स्तरीय नव प्रतिभा नूर-गङ्गा लोक गायन पुरस्कार, र (११) नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार रहेका छन् । ती पुरस्कारहरूका बारेमा निम्न अनुसार चर्चा गरिन्छ :

### ३.२.१ नूर–गङ्गा राष्ट्र स्तरीय विशिष्ट पुरस्कार तथा सम्मान

नूर–गङ्गा राष्ट्र स्तरीय विशिष्ट पुरस्कार तथा सम्मान २०५० सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छ:

सूची नं १

नूर–गङ्गा राष्ट्र स्तरीय विशिष्ट पुरस्कार तथा सम्मानको सूची

| क.सं. | पुरस्कृत प्रतिभा | पुरस्कृत साल | कैफियत |
|---|---|---|---|
| १ | श्री अयोध्या प्रसाद प्रधान | २०५० | बौद्ध धर्म दर्शन र संस्कृति अध्ययनको क्षेत्रमा योगदान दिएको |
| २ | श्री जगत बहादुर जोशी | २०५१ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| ३ | श्री डा. वामदेव पहाडी | २०५४ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| ४ | श्री रत्नाकार देवकोटा | २०५६ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| ५ | श्री हर्ष ध्वज राई | २०५६ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| ६ | श्री टीकाराम पन्थी | २०५७ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| ७ | श्री कवीन्द्र मान सिंह | २०५७ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |

| | | | |
|---|---|---|---|
| ८ | श्री भवदीप | २०५७ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| ९ | श्री हरि प्रसाद पोखरेल | २०५८ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| १० | श्री जनक प्रसाद हुमागाई | २०५९ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| ११ | श्री मोदनाथ प्रश्रित | २०६५ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |
| १२ | श्री माधव प्रसाद घिमिरे | २०६६ | राष्ट्रिय स्तरमा साहित्य लेखी विशिष्ट यागदान पुऱ्याए वापत |
| १३ | श्री सत्य मोहन जोशी | २०६६ | संस्कृति लेखनको क्षेत्रमा योगदान दिए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

### ३.२.२ कला संस्कृति लेखन पुरस्कार

कला संस्कृति लेखन पुरस्कार कला संस्कृति लेखनतर्फ उल्लेख्य योगदान दिने व्यक्तित्वहरूलाई २०५४ सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं २

कला संस्कृति लेखन पुरस्कारको सूची

| **क्र. सं.** | **पुरस्कृत प्रतिभा** | **पुरस्कृत साल** | **कैफियत** |
|---|---|---|---|
| १ | श्री प्रा. डा. राम निवास | २०५४ | कला संस्कृति लेखनतर्फ उल्लेख्य |

| | | | |
|---|---|---|---|
| | पाण्डे | | योगदान दिए वापत |
| २ | श्री रत्नाकार देवकोटा | २०५५ | कला संस्कृति लेखनतर्फ उल्लेख्य योगदान दिए वापत |
| ३ | श्री हरि प्रसाद पोखरेल | २०५७ | कला संस्कृति लेखनतर्फ उल्लेख्य योगदान दिए वापत |
| ४ | श्री टीकाराम पन्थी | २०५७ | कला संस्कृति लेखनतर्फ उल्लेख्य योगदान दिए वापत |
| ५ | श्री कवीन्द्र मान सिंह | २०५७ | कला संस्कृति लेखनतर्फ उल्लेख्य योगदान दिए वापत |
| ६ | श्री राम शरण दर्नाल | २०६० | कला संस्कृति लेखनतर्फ उल्लेख्य योगदान दिए वापत |
| ७ | श्री कवीन्द्र मान सिंह | २०६१ | कला संस्कृति लेखनतर्फ उल्लेख्य योगदान दिए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

### ३.२.३ नूर–गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार

नूर–गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान गर्ने स्थापित प्रतिभालाई एक वर्ष बिराएर प्रदान गर्ने गरिने पुरस्कार हो । यो पुरस्कार २०५४ सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं ३

नूर–गङ्गा बाल साहित्य प्रतिभा पुरस्कारको सूची

| क्र.सं. | पुरस्कृत प्रतिभा | पुरस्कृत | पुरस्कार प्रदानको आधार |
|---|---|---|---|

| | | साल | |
|---|---|---|---|
| १ | श्रीमती देव कुमारी थापा | २०५४ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |
| २ | श्री रमेश विकल | २०५६ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |
| ३ | श्री जनक प्रसाद हुमागाईं | २०६२ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |
| ४ | श्री कृष्ण प्रसाद पराजुली | ०६४ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |
| ५ | श्री शान्त दास मानन्धर | २०६६ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

### ३.२.४ नूर–गङ्गा लोक गायन पुरस्कार

नूर–गङ्गा लोक गायन पुरस्कार राष्ट्रिय स्तरमा स्थापित प्रतिभाहरूलाई लोक गायन क्षेत्रमा योगदान गर्ने स्थापित प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो पुरस्कार २०५२ सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं ४

**नूर–गङ्गा लोक गायन पुरस्कारको सूची**

| क्र.सं. | पुरस्कृत प्रतिभा | पुरस्कृत साल | पुरस्कार प्रदानको आधार |
|---|---|---|---|
| १ | श्री बम बहादुर कार्की | २०५२ | लोक गायन क्षेत्रमा योगदान पुऱ्याए वापत |
| २ | श्रीमती हरिदेवी कोइराला | २०६५ | लोक गायन क्षेत्रमा योगदान पुऱ्याए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

### ३.२.५ लुम्बिनी अञ्चल स्तरीय स्थापित नूर–गङ्गा साहित्य पुरस्कार

लुम्बिनी अञ्चल स्तरीय स्थापित नूर–गङ्गा साहित्य पुरस्कार नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका स्थापित प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो। यो पुरस्कार २०५० सालदेखि प्रदान गर्न थालिएको हो। आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं ५

लुम्बिनी अञ्चल स्तरीय स्थापित नूर–गङ्गा साहित्य पुरस्कारको सूची

| क्र.सं. | पुरस्कृत प्रतिभा | पुरस्कृत साल | पुरस्कार प्रदानको आधार |
|---|---|---|---|
| १ | श्री जगत बहादुर जोशी | २०५० | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| २ | श्री अयोध्या प्रसाद प्रधान | २०५१ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| ३ | श्री बम बहादुर कार्की | २०५२ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी |

| | | | |
|---|---|---|---|
| | | | अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| ४ | श्री कुलमणि देवकोटा | २०५३ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखवनीय योगदान पुऱ्याए वापत |
| ५ | श्री डा. वामदेव पहाडी | २०५४ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| ६ | श्री होम बहादुर गन्धर्व | २०५४ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| ७ | श्री हर्ष ध्वज राई | २०५५ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| ८ | श्री शशी पन्थी | २०५६ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| ९ | श्री बूँद राना | २०५६ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| १० | श्री भगिरथी श्रेष्ठ | २०५७ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |

| | | | |
|---|---|---|---|
| ११ | श्री दुर्गालाल श्रेष्ठ | २०५७ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| १२ | श्री अशोक मान सिंह | २०५८ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| १३ | डा. चेत बहादुर कुँवर | २०५९ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| १४ | श्री माधव लाल श्रेष्ठ | २०५९ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| १५ | श्री नारायण रायमाझी | २०६० | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| १६ | श्री कवीन्द्र मान सिंह | २०६१ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| १७ | श्री अजम्वर ध्वज खाती | २०६२ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |
| १८ | श्री यादव भट्टराई | २०६४ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय |

| | | | |
|---|---|---|---|
| | | | योगदान पुऱ्याए वापत |
| १९ | श्री विष्णु प्रभात | २०६५ | नेपाली साहित्यको क्षेत्रमा लुम्बिनी अञ्चलमा रही उल्लेखनीय योगदान पुऱ्याए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

## ३.२.६ लुम्बिनी अञ्चल स्तरीय नूर–गङ्गा प्रतिभा पुरस्कार

लुम्बिनी अञ्चल स्तरीय नूर–गङ्गा प्रतिभा पुरस्कार नेपाली लोक गीतका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो पुरस्कार २०६३ सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं ६

लुम्बिनी अञ्चल स्तरीय नूर–गङ्गा प्रतिभा पुरस्कारको सूची

| **क.सं..** | **पुरस्कृत प्रतिभा** | **पुरस्कृत साल** | **पुरस्कार प्रदानको आधार** |
|---|---|---|---|
| १ | श्रीमती लक्ष्मी न्यौपाने | २०६३ | नेपाली लोक गीतका क्षेत्रमा लुम्बिनी अञ्चलमा जन्मी उल्लेखनीय योगदान पुऱ्याए वापत |
| २ | श्री भरत देउराली | २०६६ | नेपाली लोक गीतका क्षेत्रमा लुम्बिनी अञ्चलमा जन्मी उल्लेखनीय योगदान पुऱ्याए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

## ३.२.७ नूर–गङ्गा बाल साहित्य नव प्रतिभा पुरस्कार

**नूर-गङ्गा बाल साहित्य नव प्रतिभा पुरस्कार** राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान गर्ने नव प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो पुरस्कार २०५३ सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं ७

नूर–गङ्गा बाल साहित्य नव प्रतिभा पुरस्कारको सूची

| **क्र.सं.** | **पुरस्कृत प्रतिभा** | **पुरस्कृत साल** | **पुरस्कार प्रदानको आधार** |
|---|---|---|---|
| १ | श्री कपिल लामिछाने | २०५३ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |
| २ | श्री ध्रुव घिमिरे | २०५३ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |
| ३ | श्री दुर्गालाल श्रेष्ठ | २०५८ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |
| ४ | श्री कार्तिकेय घिमिरे | २०६५ | राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान पुऱ्याए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

## ३.२.८ नूर–गङ्गा लोक गीत गायन पुरस्कार

नूर-गङ्गा लोक गीत गायन पुरस्कार राष्ट्रिय स्तरमा नेपाली लोक गायनको क्षेत्रमा विशिष्ट योगदान गर्ने नव प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो पुरस्कार २०५२ सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं ८

नूर–गङ्गा लोक गीत गायन पुरस्कारको सूची

| **क्र.सं.** | **पुरस्कृत प्रतिभा** | **पुरस्कृत साल** | **पुरस्कार प्रदानको आधार** |
|---|---|---|---|
| १ | श्री बम बहादुर कार्की | २०५२ | राष्ट्रिय स्तरमा नेपाली लोक गायनको क्षेत्रमा विशिष्ट योगदान गरे वापत |
| २ | श्री दिनेश काफ्ले | २०६३ | राष्ट्रिय स्तरमा नेपाली लोक गायनको क्षेत्रमा विशिष्ट योगदान गरे वापत |
| ३ | श्रीमती हरिदेवी कोइराला | २०६५ | राष्ट्रिय स्तरमा नेपाली लोक गायनको क्षेत्रमा विशिष्ट योगदान गरे वापत |
| ४ | श्री खुमन अधिकारी | २०६६ | राष्ट्रिय स्तरमा नेपाली लोक गायनको क्षेत्रमा विशिष्ट योगदान गरे वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

## ३.२.९ नूर–गङ्गा प्रतिभा पुरस्कार

नूर-गङ्गा प्रतिभा पुरस्कार नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका नव प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो पुरस्कार २०५४ सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं ९

नूर–गङ्गा प्रतिभा पुरस्कारको सूची

| **क.सं.** | **पुरस्कृत प्रतिभा** | **पुरस्कृत साल** | **पुरस्कार प्रदानको आधार** |
|---|---|---|---|
| १ | डा. वामदेव पहाडी | २०५४ | नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिए वापत |
| २ | श्री डा. चेत बहादुर कुँवर | २०५९ | नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिए वापत |
| ३ | श्री अम्मर ध्वज खाती | २०६२ | नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिए वापत |
| ४ | श्री यादव भट्टराई | २०६४ | नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिए वापत |
| ५ | श्री दल बहादुर गुरुङ | २०६६ | नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

### ३.२.१० लुम्बिनी अञ्चल स्तरीय नव प्रतिभा नूर–गङ्गा लोक गायन पुरस्कार

लुम्बिनी अञ्चल स्तरीय नव प्रतिभा नूर–गङ्गा लोक गायन पुरस्कार लुम्बिनी अञ्चलका लोक गीत गायनका क्षेत्रमा योगदान गर्ने नव प्रतिभालाई एक वर्ष बिराएर प्रदान गर्ने पुरस्कार हो । यो पुरस्कार २०५४ सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं १०

लुम्बिनी अञ्चल स्तरीय नव प्रतिभा नूर–गङ्गा लोक गायन पुरस्कारको सूची

| क्र.सं. | पुरस्कृत प्रतिभा | पुरस्कृत साल | पुरस्कार प्रदानको आधार |
|---|---|---|---|
| १ | श्री इन्द्र जि.सी | २०६५ | लुम्बिनी अञ्चलका लोक गीत गायनका क्षेत्रमा योगदान दिए वापत |
| २ | श्री नारायण रायमाझी | २०६० | लुम्बिनी अञ्चलका लोक गीत गायनका क्षेत्रमा योगदान दिए वापत |
| ३ | श्री भरत देउराली | २०६६ | लुम्बिनी अञ्चलका लोक गीत गायनका क्षेत्रमा योगदान दिए वापत |
| ४ | श्रीमती लक्ष्मी न्यौपाने | २०६३ | लुम्बिनी अञ्चलका लोक गीत गायनका क्षेत्रमा योगदान दिए वापत |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल

### ३.२.११ नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार

पाल्पा जिल्लाका सामुदायिक माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण गरेवापत प्रत्येक वर्ष प्रदान गरिने । यो पुरस्कार २०५० सालदेखि प्रदान गर्न थालिएको हो । आजसम्म प्रदान गरिएका सम्मान, पुरस्कार तथा पुरस्कृत प्रतिभाको सूची यस प्रकार छः

सूची नं ११

नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार

| क्र.सं. | पुरस्कृत प्रतिभा | पुरस्कृत साल | विद्यालयको नाम |
|---|---|---|---|
| १ | श्री दीपेन्द्र मल्ल | २०५० | जनता मा.वि, तानसेन |
| २ | सुश्री अजिता शर्मा | २०५० | मोहन कन्या मा.वि,तानसेन |
| ३ | श्री सुरेन्द्र कुमार घिमिरे | २०५१ | शरदा मा.वि, मदन पोखरा |
| ४ | सुश्री निर्मला शर्मा | २०५१ | जनता मा.वि, तानसेन |
| ५ | श्री पदम बहादुर दर्लामी | २०५२ | किसान मा.वि, झँडेवा |
| ६ | सुश्री पुष्पा श्रेष्ठ | २०५२ | जनता मा.वि, तानसेन |
| ७ | श्री अजयकान्त सिहं | २०५३ | जनता मा.वि, तानसेन |
| ८ | सुश्री मनु पन्थी | २०५३ | जनता मा.वि, तानसेन |
| ९ | श्री आशिष खनाल | २०५४ | भैरव नवदीप मा.वि, छहरा |
| १० | सुश्री आशा श्रेष्ठ | २०५४ | पाल्पा आवासीय मा.वि,तानसेन |
| ११ | सुजन अधिकारी | २०५५ | श्री सेन मा.वि, तानसेन |
| १२ | सुश्री दिव्या शर्मा | २०५५ | ........ |
| १३ | श्री निर्मल पन्थी | २०५६ | जनता मा.वि, तानसेन |
| १४ | सुश्री निशा कार्की | २०५६ | न्यू होराइजन इ.वो.स्कुल,तानसेन |
| १५ | श्री अरविन्द पन्थी | २०५७ | ......... |

| | | | |
|---|---|---|---|
| १६ | सुश्री चाँदनी बस्याल | २०५७ | ……… |
| १७<br>१८ | श्री सुन्दर कुँवर<br>सुश्री श्रृजना भट्टराई | २०५८<br>२०५८ | न्यू होराइजन इ.वो.स्कुल,तानसेन<br>जनता मा.वि, तानसेन |
| १९<br>२० | श्री दीपक श्रेष्ठ<br>सुश्री सरोज बस्याल | २०५९<br>२०५९ | नेपाल प्रिपेटोरी वो.स्कुल,तानसे<br>न्यू होराइजन इ.वो.स्कुल,तानसेन |
| २१<br>२२ | श्री आशिष रेग्मी<br>सुश्री स्नेहलता सैजु | २०६०<br>२०६० | नेपाल प्रिपेटोरी वो.स्कुल,तानसेन<br>न्यू होराइजन इ.वो.स्कुल,तानसेन |
| २३<br>२४ | श्री सुशील घिमिरे<br>सुश्री प्रिस्का खड्का क्षेत्री | २०६१<br>२०६१ | नेपाल प्रिपेटोरी वो.स्कुल,तानसेन<br>न्यू होराइजन इ.वो.स्कुल,तानसेन |
| २५<br>२६ | श्री विजय रायमाझी<br>सुश्री अम्विका काफ्ले | २०६२<br>२०६२ | ………<br>……… |
| २७<br>२८ | श्री अशोक भट्टराई<br>सुश्री प्रिंयका भण्डारी र<br>सुश्री रीना महर्जन | २०६३<br>२०६३ | ………<br>न्यू होराइजन इ.वो.स्कुल,तानसेन |
| २९<br>३० | श्री सुमन श्रेष्ठ<br>सुश्री प्रशंसा शाक्य | २०६४<br>२०६४ | रिभरभेली वो.स्कुल<br>न्यू होराइजन इ.वो.स्कुल,तानसेन |
| ३१<br>३२ | श्री संङ्गीत पन्त<br>सुश्री अर्पणा रेग्मी | २०६५<br>२०६५ | ………<br>पाल्पा आवासीय मा.वि,तानसेन |
| ३३<br>३४ | सुश्री सदीक्षा गौतम<br>श्री राम प्रसाद सारु<br>मगर | २०६६<br>२०६६ | दैढाटी उच्च मा.वि<br>जनता मा.वि, तानसेन |

स्रोतः नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको माइनट फाइल र नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी संक्षिप्त परिचय २०४९

(नोटः-गुठीको माइनट फाइल र अन्य विवरणहरू पूर्ण स्पस्ट नभएकाले माथिका विवरणहरू पनि दोहोरिएका र छुटेका छन् ।)

## ३.३ निष्कर्ष

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी स्थापना भएदेखि आजसम्म विभिन्न समयमा विभिन्न पुरस्कारहरू प्रदान गरेको छ । ती पुरस्कारहरूमा (१) नूर–गङ्गा राष्ट्र स्तरीय विशिष्ट पुरस्कार तथा सम्मान, (२) नूर–गङ्गा कला संस्कृति पुरस्कार, (३) नूर–गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार, (४) नूर–गङ्गा स्थापित राष्ट्रिय लोक गायन पुरस्कार, (५) लुम्बिनी अञ्चल स्तरीय स्थापित नूर–गङ्गा साहित्य पुरस्कार, (६) लुम्बिनी अञ्चल स्तरीय नूर–गङ्गा प्रतिभा पुरस्कार, (७) नूर–गङ्गा बाल साहित्य नव प्रतिभा पुरस्कार, (८) नूर–गङ्गा लोक गीत गायन पुरस्कार, (९) नूर–गङ्गा प्रतिभा पुरस्कार (१०) लुम्बिनी अञ्चल स्तरीय नव प्रतिभा नूर–गङ्गा लोक गायन पुरस्कार, र (११) नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार रहेका छन् । यस क्रममा यस गुठीबाट ११ प्रकारका पुरस्कारहरू प्रदान गरि सकिएको छ । यस क्रममा १०० जना जति प्रतिभाहरू यस गुठीद्वारा पुरस्कृत तथा सम्मानित भई सकेका छन्, जसले गर्दा नेपाली भाषा, संस्कृति, लोक गायनका क्षेत्रमा खोज अनुसन्धान गर्नेहरूलाई थप प्रेरणा मिलेको पाइन्छ ।

# चौथो परिच्छेद
# नूर–गङ्गा प्रतिभा पुरस्कार गुठी स्मारिको अध्ययन

## ४.१ परिचय

नूर–गङ्गा प्रतिभा पुरस्कार गुठी 'स्मारिका' नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीद्वारा प्रकाशित हुने वार्षिक मुख पत्र हो । यसको प्रकाशन २०६६ सालदेखि हुन थालेको हो । गुठीसँग सम्बन्धित विभिन्न विषयको जानकारी र सूचना प्रदान गर्ने उद्देश्यले यो स्मारिका प्रकाशन गर्न थालिएको हो (सुवेदी र अन्य,२०६६: यो प्रकाशन किन? भूमिका)।

## ४.२ नूर–गङ्गा प्रतिभा पुरस्कार गुठी स्मारिका १ को अध्ययन

नूर–गङ्गा प्रतिभा पुरस्कार गुठी 'स्मारिका' नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीद्वारा प्रकाशित वार्षिक मुखपत्र **स्मारिका १** २०६६ सालमा प्रकाशित भएको हो । प्रस्तुत स्मारिकाको प्रकाशन समितिमा प्रा.राजेन्द्र सुवेदी, प्रा.गोपीकृष्ण शर्मा र डा. भवेश्वर पंगेनी रहेका छन् । प्रस्तुत स्मारिकाको मुख पृष्ठमा नूर-गङ्गा प्रतिभा पुरस्कार स्थापना घोषणा तथा पुस्तक विमोचन समारोह २०४९-०९-२६ गतेका दिन आयोजित कार्यक्रमको एक झलक दिने फोटो राखिएको छ भने मुख पृष्ठको पछाडि नेपाली लोक गायिका स्व. श्रीमती गङ्गा राणाको तस्वीर राखिएको छ । दोस्रो पृष्ठमा भित्र मुख पत्र राखिएको छ । तेस्रो पृष्ठमा यो प्रकाशन दिने शीर्षकमा प्रकाशकीय भूमिका राखिएको छ । प्रस्तुत स्मारिकामा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको पहिलो वर्ष २०४९-५०, एक सिंहावलोकन नूर-गङ्गा बाल साहित्य पुरस्कार र नेपाली बाल साहित्यले जीवनलाई उपयोगी दिशातर्फ डोहोर्‍याउँदैछ आदि लेख र नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी २०४९ : विधान, नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी २०४९ : नियमावली, लेखापरीक्षण, प्रतिवेदन २०६५/०६६ नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी परिवार (विवरण) प्रस्तुत गरिएको छ ।

### ४.२.१ नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी स्मारिकामा प्रकाशित सामग्रीको विषयगत अध्ययन

प्रस्तुत स्मरिकामा डा. भवेश्वर पंगेनी, प्रमोद प्रधान र प्रा. राजेन्द्र सुवेदीका लेख, समालोचना र अन्तर्वार्ता प्रकाशित छन् । यस अन्तर्गत डा. भवेश्वर पंगेनीको नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको पहिलो वर्ष (२०४९-५०) एक सिंहावलोकन, प्रमोद प्रधानको नूर–गङ्गा बाल साहित्य पुरस्कार र नेपाली बाल साहित्य र राजेन्द्र सुवेदीको नूर प्रताप ज.ब.रा.सँग लिइएको 'साहित्यले जीवनलाई उपयोगी दिशातर्फ डोहोऱ्याउँछ' शीर्षकको अन्तर्वार्ता प्रकाशित छन् । त्यसै गरी नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको विधान २०४९, निमावली २०४९ र २०६५/६६ को लेखा परीक्षण प्रतिवेदन पनि प्रकाशित छन् । यसरी हेर्दा यस स्मारिकामा ६ शीर्षकमा गुठीको गतिविधि र लेख रचना प्रकाशित छन् ।

#### (क) नूर–गङ्गा प्रतिभा पुरस्कार गठीको पहिलो वर्ष (२०४९/५०) एक सिंहावलोकन

प्रस्तुत नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको पहिलो वर्ष (२०४९/५०) एक सिंहावलोकन शीर्षकको लेख डा. भवेश्वर पंगेनीले लेखेका हुन् । यस शीर्षकमा नेपालका पुरस्कार दिने परम्पराको उल्लेख गर्दै नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीका स्थापनाको एक वर्षको कार्यकालको समीक्षा गरेका छन्, यहाँ उनले पुरस्कार शब्दको अर्थ, पुरस्कार दिनुको कारण उल्लेख गरेका छन् । यस क्रममा उनले कुनै व्यक्तिलाई निश्चित कामको सन्दर्भमा प्रोत्साहन स्वरूप दिइने भौतिक वस्तु तथा नैतिक समर्थनलाई नै पुरस्कार मानिएको पाइन्छ भन्ने निष्कर्ष दिएका छन् । यहाँ उनले नेपालमा शाहकालमा पुरस्कारको नमुना उपशीर्षकमा पृथ्वी नारायण शाहले नेपालमा पुरस्कार दिने व्यवस्थाको सुरुवात गरेको उल्लेख गरेका छन् । शाहले आफ्ना भारदार तथा सहयोगीहरूको मनोबल बढाउनका लागि अवस्था हेरेर प्रोत्साहन, नीति तथा अन्य किसिमका पुरस्कार दिएको उल्लेख गरेका छन् ।

वर्तमानसम्म पुरस्कार स्थापना सन्दर्भ उपशीर्षकमा नेपालमा राणाकालीन सन्दर्भमा पुरस्कार वितरणको स्थिति र पुरस्कार प्रदान गरिने परम्पराको चर्चा गरिएको छ । नूर-गङ्गा

प्रतिभा पुरस्कार गुठी स्थापनाको घोषणा उपशीर्षकमा २०४९ साल मंसिर २८ गतेका दिन स्थापना भएको नूर-गङ्गा पुरस्कारको स्थापनाको सन्दर्भको उल्लेख गरिएको छ । यस प्रसङ्गमा लुम्बिनी अञ्चलका ६ जिल्लाहरूका साहित्य, कला एवम् संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान गर्नेलाई प्रतिवर्ष रु २०,०००।- को पुरस्कार एवम् नूर-गङ्गा र रु १०,०००।- को शैक्षिक पुरस्कार प्रदान गर्ने लक्ष्य राखी २ लाख १ हजार रुपैयाँ छुट्याई यस संस्थाको स्थापना भएको उल्लेख गरिएको छ । यस क्रममा यस संस्थाले २०५० साल वैशाख शुक्ल पूर्णिमा अर्थात् बुद्ध जयन्तीका अवसर पारी पहिलो पटक पुरस्कार वितरण गरेको कुरा उल्लेख गरिएको छ । यहाँ शैक्षिक पुरस्कारको आधार अन्तर्गत पाल्पा जिल्लामा वितरण गरिने शैक्षिक पुरस्कारको वितरण आधार प्रस्तुत गरिएको छ । यस क्रममा शैक्षिक पुरस्कार, साहित्यिक पुरस्कारका लागि प्रतिभाको छनौट र पुरस्कार वितरणको आधार प्रस्तुत गरिएको छ ।

**(ख) नूर-गङ्गा बाल साहित्य पुरस्कार र नेपाली बाल साहित्य**

प्रस्तुत नूर–गङ्गा बाल साहित्य पुरस्कार र नेपाली बाल साहित्य शीर्षकको समीक्षात्मक लेखमा नूर-गङ्गा बाल साहित्य प्रतिभा पुरस्कारबाट पुरस्कृत प्रतिभाहरूले नेपाली साहित्यमा दिएको योगदानको चर्चा गर्दै तिनको बाल साहित्यिक कृतिको समीक्षा गरिएको छ । प्रमोद प्रदानले लेखेको प्रस्तुत लेखमा नेपालमा बाल साहित्य लेखनको सङ्क्षिप्त परिचय र नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीद्वारा पुरस्कृत प्रतिभाहरूको नेपाली बाल साहित्यमा दिएको योगदानको चर्चा गरिएको छ ।

यहाँ गङ्गाधर शास्त्री द्रविडको **गोर्खा पैल्हा किताब** नै नेपाली बाल वाङ्मयको पहिलो कृति हो भन्ने उल्लेख गरिएको छ । त्यस किताबदेखि विकसित हुँदै आएको बाल साहित्य लेखनले अहिले बृहत् रूप लिएको उल्लेख गरिएको छ । नेपाली बाल साहित्यका क्षेत्रमा योगदान दिए वापत नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले स्थापना भएको चार वर्षपछि २०५३ सालमा नूर-गङ्गा बाल साहित्य पुरस्कार स्थापना गरी बाल साहित्यका

प्रतिभाहरूलाई पुरस्कृत एवम् सम्मान गर्ने उद्देश्यले नूर-गङ्गा बाल  साहित्य पुरस्कारको स्थापना गरेको पाइन्छ ।

यहाँ यो पुरस्कार सर्वप्रथम २०५३ सालमा नेपाली बाल साहित्यका युवा स्रष्टाद्वय कपिल लामिछानेलाई **अक्षर**  र ध्रुव घिमिरेलाई **चमेरोको चुच्चो किन बुच्चो** ? कृतिलाई संयुक्त रूपमा प्रदान गरिएको उल्लेख गरिएको छ । यस क्रममा ती दुवै कृतिकारहरूको बारेमा चर्चा पनि गरिएको छ । यहाँ २०२४ सालमा नूर-गङ्गा बाल साहित्य पुरस्कार पाउने देव कुमारी थापा, २०५६ मा पुरस्कृत हुने रमेश विकल, २०५८ मा पुरस्कृत हुने दुर्गालाल श्रेष्ठ, २०६४ मा पुरस्कृत हुने कृष्ण प्रसाद पराजुली र २०६६ मा पुरस्कृत हुने घिमिरेका बाल  कृतित्वका बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ ।

### ग) साहित्यले जीवनलाई उपयोगी दिशातर्फ डोहोर्‍याउँछ

'साहित्यले जीवनलाई उपयोगी दिशातर्फ डोहोर्‍याउँछ' शीर्षकको अन्तर्वाता प्रा.राजेन्द्र सुवेदीले नूर-गङ्गा प्रतिभा पुरस्का गुठीका संरक्षक श्री नूर प्रताप जङ्गबहादुर राणासँग लिएको अन्तरवार्ता हो ।

## ४.३ नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी स्मारिका २ को अध्ययन

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी स्मारिका २ नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीद्वारा प्रकाशित यस स्मारिकाको सम्पादन प्रा. राजेन्द्र सुवेदी, श्री यज्ञ प्रसाद शर्मा र श्री यादव भट्टराईले गरेका छन् भने कार्यकारी सम्पादनको काम डा.भवेश्वर पंगेनीले गरेका छन् । यस स्मारिकाको प्रकाशकीय भूमिकामा यो प्रकाशन किन ? शीर्षकमा यस गुठीका अध्यक्ष चूडामणि बन्धुले लेखेका हुन् । यस  प्रकाशकीयमा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले नेपाली बाल  साहित्यमा कलम चलाउने साहित्यकारलाई गरेको सम्मान र यसले बाल साहित्य, लोक गीत  गायनमा दिएको योगदानको चर्चा गरिएको छ । यस स्मारिकामा 'रत्नाकर देवकोटा', 'नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको ऐतिहासिक परिचय सन्दर्भ', 'नूर-

गङ्गा संस्कृति लेखन प्रतिभा पुरस्कार २०५४', 'संस्मरण नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीमा सम्बद्ध रहँदाको', 'नूर-गङ्गा प्रतिभा पुरस्कारबाट सम्मानित बाल साहित्यकार रमेश विकल', 'प्रेरणा गङ्गा राणा चर्चा नूर-गङ्गा प्रतिभा पुरस्कार २०५२', 'सोरठी नाच', 'नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत प्रतिभा, नारायण रायमाझी-व्यक्ति एक व्यक्तित्व अनेक' र 'नेपालकी प्रसिद्ध गायिका गङ्गा राणा' जस्ता लेखहरू प्रस्तुत गरिएको छ ।

## ४.३.१ नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी स्मारिका २ मा प्रकाशित सामग्रीहरूको विषयगत अध्ययन

प्रस्तुत स्मारिकामा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीसँग सम्बन्धित विभिन्न व्यक्तिहरूका नौ वटा लेखहरू प्रस्तुत गरिएको छ । त्यसै गरी यसमा गुठीका २०४७ को विधान लेखापरीक्षण २०६६/२०६७ र गुठीका परिवारहरूको सूची पनि प्रस्तुत गरिएको छ । यस स्मारिकामा प्रा. चूडामणि बन्धुको 'रत्नाकर देवकोटा', शिवभक्त शर्माको 'नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको ऐतिहासिक परिचय', डा.भवेश्वर पंगेनीको 'सन्दर्भ नूर-गङ्गा संस्कृति लेखन प्रतिभा पुरस्कार २०५४' रामबाबु नेपालको 'संस्मरण नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीमा सम्बद्ध रहँदाको' डा.राजेन्द्र सुवेदीको 'नूर-गङ्गा प्रतिभा पुरस्कारबाट सम्मानित बाल  साहित्यकार रमेश विकल', बम बहादुर कार्कीको 'प्रेरणा गङ्गा राणा : चर्चा नूर-गङ्गा प्रतिभा पुरस्कार २०५२', सरोज नेपालको 'सोरठी नाच', यज्ञ प्रसाद शर्माको 'नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत प्रतिभा नारायण रायमाझी व्यक्ति एक व्यक्तित्व अनेक', नरेन्द्रराज प्रसाईको 'नेपालकी प्रसिद्ध गायिका गङ्गा राणा' शीर्षकका समालोचनात्मक र अनुसन्धानात्मक लेखहरू प्रकाशित भएका छन् । साथै यसमा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी २०४९ को विधान, लेखा परीक्षण प्रतिवेदन २०६६/२०६७ र नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी परिवार शीर्षकका सामग्री प्रकाशित छन् ।

### (क) रत्नाकर देवकोटा

प्रस्तुत 'रत्नाकर देवकोटा' शीर्षकको समालोचनात्मक लेख प्रा.डा चूडामणि बन्धुले लेखेका छन् । यस समालोचनात्मक लेखमा रत्नकर देवकोटाले नेपालको साँस्कृतिक अध्ययनमा गरेको योगदानको सङ्क्षिप्त आकलन गरिएको  छ । यस लेखमा कर्णाली अञ्चलको भाषा, साहित्य, संस्कृति र इतिहासको अध्ययनमा योगदान दिनेमा रत्नाकरको नाम अग्रणी रहेको कुरा उल्लेख गरिएको छ ।

यहाँ नेपालको सांस्कतिक अध्ययनमा योगदान गरे वापत रत्नाकर देवकोटालाई २०५५ सालको नूर–गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको उल्लेख गरिएको छ ।

यस लेखमा देवकोटाका **जर्मलेली शव्द र उखानहरू, जुम्लाको सामाजिक रूपरेखा, कर्णालीको अर्थनीति** र **कर्णाली अञ्चलका धार्मिक र सांस्कृतिक स्थलहरू** जस्ता कृतिहरू प्रकाशित भएको कुरा उल्लेख गरिएको छ । यस लेखमा देवकोटाको अप्रकाशित कृतिहरूको पनि नामोल्लेख गरिएको छ । साथै यहाँ देवकोटाको अनुसन्धानात्मक प्रोत्साहन र प्रेरणा तथा उनले नेपाली संस्कृतिको अध्ययनमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

### ख) नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको ऐतिहासिक परिचय

प्रस्तुत 'नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको ऐतिहासिक परिचय' शीर्षकको लेख शिवभक्त शर्माले लेखेका हुन् । यस लेखमा नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको स्थापनाका पृष्ठभूमिका कारणहरूबारे चर्चा गरिएको छ । यस लेखमा पाल्पाली सङ्गम नामको सम्पर्क समितिबाट नै यस गुठीको स्थापना भएको हो भन्ने कुरा उल्लेख गरिएको छ । साथै यहाँ गुठी स्थापना हुनु भन्दा पहिलाका ऐतिहासिक सन्दर्भहरूका बारेमा पनि चर्चा गरिएको छ । यहाँ नूर–गङ्गा प्रतिभा पुरस्कार पुरस्कृत गर्ने सन्दर्भका बारेमा पनि चर्चा गरिएको छ ।

### ग) सन्दर्भ नूर–गङ्गा संस्कृतिक लेखन प्रतिभा पुरस्कार-२०५४

प्रस्तुत 'सन्दर्भ नूर-गङ्गा संस्कृति लेखन प्रतिभा पुरस्कार-२०५४' शीर्षकको लेखक डा. भवेश्वर पंगेनीले लेखेका हुन् । यस लेखमा २०५४ सालमा नूर–गङ्गा पुरस्कृत लेखन

प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत हुने संस्कृतिविद् प्रा.डा. राम निवास पाण्डेका बारेमा चर्चा गरिएको छ । यहाँ नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको परिचय, पुरस्कारको प्रावधानका बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ । यहाँ डा. राम निवास पाण्डेको वैयक्तिक परिचयका साथै साहित्यिक तथा सांस्कृतिक व्यक्तित्वको परिचयका बारेमा चर्चा गरिएको छ । यहाँ पाण्डेको प्राज्ञिक योगदानको चर्चा गर्ने क्रममा उनका प्रकाशित पुस्तक र लेख रचनाहरूको विवरण प्रस्तुत गरिएको छ । यहाँ ती पुस्तक र लेख रचनाहरूको सङ्क्षिप्त चिनारी पनि प्रस्तुत गरिएको छ । यहाँ पाण्डेको संस्थागत संलग्नताको पनि चर्चा गरिएको छ । साथै उनले पाएका सम्मान पुरस्कारहरूको पनि चर्चा गरिएको छ । अन्तिममा उनका सांस्कृतिक, धार्मिक क्षेत्रका अनुसन्धानात्मक लेखहरूको अध्ययन गरी तिनको विशेषताका बारेमा पनि चर्चा गरिएको छ ।

## घ) संस्मरण : नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीमा सम्बद्ध रहँदाको

प्रस्तुत संस्मरण 'नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीमा सम्बद्ध रहँदाको' शीर्षकको लेख राम बाबु नेपालले लेखेका हुन् । प्रस्तुत संस्मरणमा सुवेदीले नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीमा रहेर कार्य गर्दाको संस्मरण प्रस्तुत गरेका छन् । यहाँ नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीमा पहिलो पुरस्कार वितरण समारोहमा सँगालेका अनुभावहरू पनि प्रस्तुत गरिएको छ । साथै यहाँ गङ्गा राणासँग भएको भेटका अनुभव पनि प्रस्तुत गरिएको छ । गङ्गा राणा विरामी पर्दा आफूले गरेको सहयोगको संस्मरण पनि गरिएको छ । संस्मरणकारले करिव सात वर्ष आवद्ध रहेको उल्लेख गरेका छन् साथै गङ्गा राणाको स्वभाव, रुचि र आनीबानीका बारेमा पनि चर्चा गरिएको छ । साथै यहाँ गुठीसँग सम्बद्ध अन्य व्यक्तित्वहरूको आनीबानीका बारेमा पनि चर्चा गरिएको छ ।

## ङ) नूर–गङ्गा प्रतिभा पुरस्कारबाट सम्मानित बाल साहित्यकार रमेश विकल

प्रस्तुत 'नूर–गङ्गा प्रतिभा पुरस्कारबाट सम्मानित बाल साहित्यकार रमेश विकल' शीर्षकको समालोचनात्मक लेख प्रा. राजेन्द्र सुवेदीले लेखेका छन् । यस लेखमा रामेश्वर प्रसाद चालिसे अर्थात् रमेश विकलले नेपाली बाल साहित्यमा दिएको योगदानको चर्चा गरिएको छ । सर्व प्रथम यहाँ नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको सामान्य परिचय दिएको छ । यहाँ रमेश विकलका प्रकाशित कृतिहरूको परिचय दिनु साथै उनका कृतिहरूका बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ । यहाँ उनका साहित्यिक कृतिहरूले नेपाली साहित्यमा दिएको योगदानको बारेमा चर्चा गरिएको छ । यहाँ विकलका बाल साहित्यिक कृतित्वको सङ्क्षिप्त मूल्याङकन गरिएको छ ।

### च) प्रेरण गङ्गा राणा ! चर्चा नूर–गङ्गा प्रतिभा पुरस्कार - २०५२

प्रस्तुत 'प्रेरणा गङ्गा राणा ! चर्चा नूर–गङ्गा प्रतिभा पुरस्कार -२०५२' शीर्षकको सस्मरण बम बहादुर कार्कीले लेखेका हुन् । यस सस्मरणमा आफू नूर–गङ्गा प्रतिभा पुरस्कारद्वारा पुरस्कृत हुँदाका अनुभवहरू प्रस्तुत गरिएको छ । यहाँ आफूले सानो छँदा सर्वप्रथम रेडियो देखेको र अचम्म लागेको, त्यसले मिठा मिठा लोक गीत गाएकाले आफू लोक गीत गायनमा लागेको कुरा उल्लेख गरिएको छ । यहाँ संस्मरणकारले आफ्नो लोक गीत र रेडियोमा प्रवेश गर्दाका घटनालाई संस्मरणात्मक रूपमा प्रस्तुत गरेका छन् । यहाँ संस्मरणकार कार्कीले आफ्ना गीत एल्वमहरू निकाल्दा गर्नु परेको सङ्घर्ष र तिनले दिएको हौसलाका बारेमा पनि चर्चा गरेका छन् । यहाँ संस्मरणकारले आफूले नेपाली लोक गीत गायनका क्षेत्रमा दिएको योगदानका बारेमा पनि संस्मरण गरेका छन् । साथै २०५२ सालमा नूर–गङ्गा प्रतिभा पुरस्कारद्वारा पुरस्कृत भए पछि त्यस क्षेत्रमा अझै योगदान दिने हौसला मिलेको कुरा उल्लेख गरेका छन् ।

### छ) सोरठी नाच

प्रस्तुत 'सोरठी नाच' शीर्षकको अनुसन्धानात्मक लेख सरोज नेपालले लेखेका हुन् । यस लेखमा सोरठी नृत्य नेपालको मौलिक, परम्परागत अत्यन्त प्रसिद्ध र महत्त्वपूर्ण नृत्य हो भन्ने उल्लेख गरिएको छ । यहाँ सोरठी नाच नाच्ने तरिका, त्यसको महत्त्वका बारेमा चर्चा गरिएको छ । यस लेखमा नेपालमा १६ वटा मारुनी प्रचलित रहेको उल्लेख गरिएको छ । यहाँ नेपालमा जयसिं राजा र हेमैती रानीको नाचको सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

**ज) नूर–गङ्गा प्रतिभा पुरस्कारद्वारा पुरस्कृत प्रतिमा नारायण रायमाझी ! व्यक्ति एक व्यक्तित्व अनेक**

प्रस्तुत 'नूर–गङ्गा प्रतिभा पुरस्कारद्वारा पुरस्कृत प्रतिभा नारायण रायमाझी ! व्यक्ति एक व्यक्तित्व अनेक' शीर्षकको लेख यज्ञ प्रसाद शर्माले लेखेका हुन् । यस लेखमा नारायण रायमाझीको वैयक्तिक परिचय दिइएको छ । यहाँ २०६१ सालमा नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीबाट पुरस्कृत भएका लोक गायक नारायण रायमाझी विशिष्ट व्यक्तित्व रहेको ठहर गरिएको छ । यहाँ रायमाझीको जन्म, शिक्षा दीक्षा, बाल्यकाल, काठमाडौं आगमन र रेडियो नेपालमा प्रवेश जस्ता घटनाको उल्लेख गरिएको छ । साथै यहाँ रायमाझीले पाएको सम्मान, पुरस्कार, उनी सम्बद्ध रहेका संस्था आदिको बारेमा पनि चर्चा गरिएको छ । यहाँ उनले भ्रमण गरेका देश तथा स्थानहरूका बारेमा पनि चर्चा गरिएको छ । यहाँ रायमाझीको स्वभावका बारेमा पनि चर्चा गरिएको छ ।

**झ) नेपाली प्रसिद्ध गायिका गङ्गा राणा**

प्रस्तुत 'नेपाली प्रसिद्ध गायिका गङ्गा राणा' शीर्षकको लेख नरेन्द्र राज प्रसाईंद्वारा लेखिएको हो । यहाँ गङ्गा राणाको सङ्क्षिप्त जीवनी प्रस्तुत गरिएको छ । यहाँ गङ्गा राणाको जन्म संवत १९९६ साल पुस ९ गते ओखलढुङ्गाको रुम्जाटारमा भएको उल्लेख गरिएको छ । उनले काठमाण्डौ आए पछि गीत गायनमा प्रवेश गरेको उल्लेख गरिएको छ । यहाँ राणा गायन, नृत्य र अभिनय कलामा बाल्यकालदेखि नै सक्रिय रहँदै आएको कुरा प्रस्तुत गरिएको छ । यहाँ राणाले आफू १४ वर्षको हुँदा सर्वप्रथम रेडियो नेपालमा गीत

गाएको उल्लेख गरिएको छ । यहाँ राणा २०१० सालदेखि केही वर्ष रेडियो नेपालमा जागिरे समेत भएको कुरा उल्लेख गरिएको छ । यस क्रममा राणाले गाएका उत्कृष्ट गीतहरूका बारेमा पनि चर्चा गरिएको छ । यहाँ राणाले नेपाली लोक गीत गायनका क्षेत्रलाई निकै माथि पुऱ्याएको उल्लेख गरिएको छ ।

### ञ) नूर–गङ्गा प्रतिभा पुरस्कार गुठी, २०४९ को विधान

प्रस्तुत शीर्षकमा 'नूर–गङ्गा प्रतिभा पुरस्कार गुठी, २०४९ को विधान' प्रस्तुत गरिएको छ । यहाँ विधानको सम्पूर्ण अंश प्रस्तुत गरिएको छ ।

### ट) लेखा परीक्षण प्रतिवेदन २०६५/०६६

प्रस्तुत शीर्षकमा नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको २०६५/०६६ को लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## ४.४ निष्कर्ष

नूर–गङ्गा प्रतिभा पुरस्कार गुठी स्मारिकाले गुठीको समग्र परिचय दिने काम गरेका छन् । साथै यसले गुठीका कार्य सञ्चालन विधि विधानलाई पनि छर्लङ्ग्याएको छ । यस गुठीले नेपाली कला, साहित्य, सङ्गीतका क्षेत्रमा पुऱ्याएको योगदानको पनि आकलन गरेको छ । साथै यसले नेपाली बाल  साहित्य, कला, सङ्गीतका क्षेत्रमा विशिष्ट योगदान दिने प्रतिभा सम्बन्धी खोज अनुसन्धान गरी तिनका बारेमा पनि नवीन यथार्थ प्रस्तुत गर्ने काम गरेको छ । यस स्मारिकाले गुठीको ऐतिहासिक सन्दर्भलाई उच्च राख्ने काम गरेको छ ।

# पाँचौ परिच्छेद

# नूर–गङ्गा प्रतिभा पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको परिचय

## ५.१ परिचय

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको स्थापना २०४९ सालमा भएको हो । उक्त गुठीको स्थापना नूरप्रताप ज.ब.रा. र उनकी श्रीमती गङ्गा राणाले स्थापना गरेका हुन् । यस गुठीको कार्यालय काठमाडौं महानगरपालिका ३२, मैतीदेवीमा रहेको छ । नेपाली भाषा, साहित्य, गीत, सङ्गीत तथा विशिष्ट प्रतिभालाई सम्मान गर्ने उद्देश्यले उक्त गुठीको स्थापना गरिएको हो । उक्त गुठीले राष्ट्रिय स्तरका र लुम्बिनी अञ्चल अन्तर्गत ६ जिल्लाका नवप्रतिभा र स्थापित प्रतिभाले नेपाली साहित्य, बाल साहित्य र लोक गीत गायनका क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन गरी पुरस्कृत र सम्मानित गर्ने विशिष्ट उद्देश्य लिएको छ । साथै आवश्यकदेखिएमा स्रोतको विचार गरी पुरस्कृत कृतिको प्रचार-प्रसार गर्ने उद्देश्य पनि यस संस्थाले लिएको छ ।

## ५.२ नूर-गङ्गा प्रतिभा पुरस्कारहरू

यस गुठीले २०४९ सालदेखि विभिन्न किसिमका पुस्कारहरू वितरण गर्दै आइरहेको छ । यस गुठीले पुरस्कार पाउने प्रतिभाको छनोट गर्नका लागि सम्बन्धित विषयमा दक्षता हासिल गरेका विद्वान्हरू मध्येबाट पाँच जनाको उपसमिति बनाई पुरस्कारका लागि सिफारिस भएका प्रतिभाहरूको छनोट गर्दछ । यस गुठीको नियमावली २०६६ अनुसार यस गुठीले प्रदान गर्ने पुरस्कारहरू निम्न प्रकार छन् :

(क) राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान गर्ने स्थापित प्रतिभाको छनोट गरी एक वर्ष बिराएर रु. २१,५०१ को नूर-गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार,

(ख) राष्ट्रिय स्तरमा नेपाली लोक गायनमा विशिष्ट योगदान दिने स्थापित प्रतिभालाई एक वर्ष बिराएर रु. २१,५०१ को नूर-गङ्गा लोक गीत गायन पुरस्कार,

ग) नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका ६ जिल्लाहरू ( पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रूपन्देही र नवलपरासी) का स्थापित प्रतिभालाई रु. २०,००१ को नूर-गङ्गा प्रतिभा पुरस्कार एक वर्ष बिराएर प्रदान गरिने,

(घ) लुम्बिनी अञ्चलका लोक गीत गायनका क्षेत्रमा योगदान दिने प्रतिभालाई प्रत्येक एक वर्ष बिराएर रु. २०,००१ रकमको लुम्बिनी अञ्चल स्तरीय नूर-गङ्गा प्रतिभा पुरस्कार,

(ङ) राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान गर्ने नवप्रतिभाको छनोट गरी एक वर्ष बिराएर रु. १०,००१ को नूर-गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार,

(च) राष्ट्रिय स्तरमा नेपाली लोक गायनमा विशिष्ट योगदान दिने नवप्रतिभालाई एक वर्ष बिराएर रु. १०,००१ को नूर-गङ्गा लोक गीत गायन पुरस्कार,

(छ) नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका ६ जिल्लाहरूका नवप्रतिभालाई रु. १०,००१ को नूर-गङ्गा प्रतिभा पुरस्कार एक वर्ष बिराएर प्रदान गरिने,

(ज) लुम्बिनी अञ्चलका लोक गीत गायनका क्षेत्रमा योगदान दिने नवप्रतिभालाई प्रत्येक एक वर्ष बिराएर रु. १०,००१ को लुम्बिनी अञ्चल-स्तरीय नूर-गङ्गा प्रतिभा पुरस्कार,

(झ) पाल्पा जिल्लाका सामुदायिक माध्यमिक विद्यालयबाट सर्वाधिक अङ्क प्राप्त गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने एक जना छात्रा र एक जना छात्रलाई ५⑤ हजारका दरले प्रत्येक वर्ष नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार,

(ञ) नेपालको साहित्य, बाल साहित्य, संस्कृति, लोकसंस्कृति, गायन, कला, शिक्षा जस्ता क्षेत्रमा योगदान पुऱ्याउने विशिष्ट प्रतिभाहरू मध्ये प्रत्येक वर्ष कम्तीमा एक जनालाई सम्मान (सुवेदी र अन्य,२०६६:४१-८-१०)।

यसरी हेर्दा नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले प्रत्येक वर्ष पाँच विधामा विभिन्न प्रतिभालाई पुरस्कृत गर्दछ। प्रत्येक जोर र विजोर वर्ष मिलाएर नेपाली भाषा साहित्य, कला,

संस्कृति तथा पाल्पा जिल्लाका सामुदायिक विद्यालय मध्येबाट सर्वाधिक अङ्क ल्याउने छात्र-छात्रा समेत गरी १० वटा पुरस्कार प्रदान गर्दछ । यस गुठीले नेपाली साहित्य, लोक गीत गायन, बाल साहित्य जस्ता क्षेत्रमा कलम चलाई विशिष्ट योगदान दिने प्रतिभाहरूलाई उक्त पुरस्कारद्वारा सम्मान गर्दछ । यस गुठीले प्रदान गर्ने विभिन्न पुरस्कारहरूद्वारा आजसम्म विभिन्न व्यक्तिहरू सम्मानित भइसकेका छन् । यस गुठीद्वारा स्थापना गरिएका पुरस्कारहरूलाई तालिकामा यस प्रकार देखाउन सकिन्छः

| | | |
|---|---|---|
| नवप्रतिभा | **क्षेत्रीय** | **राष्ट्रिय** |
| | १. साहित्य | १.बाल साहित्य |
| | २. लोक गीत-गायन | २.लोक गीत-गायन |
| | ३.पाल्पा जिल्लामा प्रवेशिका परीक्षामा सर्वाधिक अङ्क ल्याउने | |
| स्थापित प्रतिभा | **क्षेत्रीय** | **राष्ट्रिय** |
| | १. साहित्य | १.बाल साहित्य |
| | २. लोक गीत-गायन | २.लोक गीत-गायन |
| | ३. नेपालको साहित्य, बाल साहित्य, संस्कृति, लोकसंस्कृति, गायन, कला, शिक्षा जस्ता क्षेत्रमा योगदान पुऱ्याउने विशिष्ट एकजनाहरू | |

यस गुठीले साहित्य, कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने लुम्बिनी अञ्चलभित्रका ६ जिल्ला पाल्पा, गुल्मी, अर्घाखाँची, रूपन्देही, कपिलवस्तु र नवलपरासीका प्रतिभा छनोट गरी प्रतिवर्ष रु. २०,०००/- को पुरस्कार र नूर-गङ्गा प्रदान गर्न 'साहित्यिक प्रतिभा पुरस्कार' स्थापना गरेको छ ।

प्रथम पटक यस गुठीका संस्थापक श्री नूर प्रताप राणा संरक्षक र अध्यक्षमा श्रीमती गङ्गा राणा तथा उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षमा क्रमशः डा. चूडामणि वन्धु, श्री शिव भक्त शर्मा र श्री राम बाबु नेपाल रहेका थिए । त्यसै गरी गुठीका सदस्यहरूमा श्री विद्यानाथ नेपाल, श्री गोपीकृष्ण शर्मा, श्री शम्भुप्रताप राणा, श्री कुन्दन राणा तथा डा. गोविन्द नेपाल रहेका थिए । यस गुठीले राष्ट्रिय र क्षेत्रीय स्तरमा रहेका नवप्रतिभा र स्थापित प्रतिभा गरी आठ विधामा दुई-दुई वर्षमा पुरस्कार-वितरण गर्दछ । यस गुठीले पाल्पा जिल्लाका सामुदायिक माध्यमिक विद्यालयबाट सर्वाधिक अङ्क प्राप्त गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने एक जना छात्रा र एकजना छात्रलाई **५०** हजारका दरले प्रत्येक वर्ष नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार प्रदान गर्दछ । यसरी हेर्दा यस गुठीले प्रत्येक दुई वर्षमा नौ प्रकारका पुरस्कार प्रदान गर्दछ ।

## ५.३ नूर-गङ्गा प्रतिभा पुरस्कार प्राप्त गर्ने स्रष्टाहरू

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको २०४९ सालमा स्थापित भई २०५० सालदेखि नूर-गङ्गा प्रतिभा पुरस्कार वितरण गर्ने संस्था हो । यस संस्थाले २०५३ सालमा नौ प्रकारका पुरस्कार स्थापना गरी पुरस्कार-वितरण गरे पनि बेलाबखत्मा कहिले व्यक्ति, कहिले पुस्तक र कहिले संस्थालाई उक्त पुरस्कार प्रदान गरिएको पाइन्छ ।

### ५.३.१ अयोध्या प्रसाद प्रधान

अयोध्या प्रसाद प्रधानलाई (२०५१) को नूर-गङ्गा पुरस्कार प्रदान गरिएको हो । अयोध्या प्रसाद प्रधान नेपाली साहित्यका धार्मिक तथा अनुसन्धानात्मक क्षेत्रमा कलम चलाउने व्यक्तित्व हुन् । १९९६ सालदेखि तथा अनुसन्धानका क्षेत्रमा लागेका प्रधानले नेपाली र मगर भाषामा कलम चलाएका हुन् । उनका **नेपालको धार्मिक सहिष्णुता, पाल्पा** (परिचय)

२०३०, **मगर शब्द सङ्ग्रह** (१९९३) **र नेपाल गौरवगान** (काव्य) प्रकाशित छन् ( भट्टराई,२०५४:६१)।  यस बाहेक उनले नेपाली भाषामा कोश लेख्ने तयारी गरे पनि त्यो सफल हुन सकेन ।

उनको नेपालको **धार्मिक सहिष्णुता** कृतिमा नेपाल राष्ट्रको भौगोलिक, ऐतिहासिक, सांस्कृतिक महिमाको वर्णन गरी नेपालका नेपालीहरूमा पूरा प्राचीनकालदेखि नै जातीय र धार्मिक सहिष्णुता रही आएको उल्लेख गरिएको छ । यहाँ उनले नेपालमा धार्मिक सहिष्णुता मल्लकाल भन्दा अगाडिदेखि निरन्तर रही आएको उल्लेख गरेका छन् ।

**पाल्पा** (परिचय)मा पाल्पा जिल्लाको भौगोलिक परिचय देखाइएको छ ।  यहाँ पाल्पा जिल्लाको ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलको पनि परिचय दिइएको छ ।

**मगर शब्द सङ्ग्रह** शब्दकोशका रूपमा तयार पारिएको हो । यो कृति शब्दार्थ सङ्ग्रह जस्तो भएको छ । यस कृतिमा खाम मगर भाषाका शब्दहरूको सङ्ग्रह गरी त्यसको अर्थ दिइएको छ । आयामिक रूपले यस कृतिलाई लाघु आयामको शब्दकोश मानिएको छ ।

**नेपाल गौरव** कवितात्मक कृति हो । यसमा नेपालको ऐतिहासिक सांस्कृतिक महिमाको गायन गरिएको छ । यस कृतिमा नेपालको धार्मिक स्थलको महिमाको विशेष वर्णन गरिएको छ ।

### ५.३.२ अशोक मान सिंह

अशोक मान सिंह उपन्यासकार हुन् । उनी पौराणिक विषयमा उपन्यास लेख्ने उपन्यासकार हुन् । उनको **पाटाचरी** उपन्यास (२०५३) प्रकाशित छ (भट्टराई, २०५४:६७)। उनको उपन्यासमा पौराणिक विषयलाई लिई त्यसमा आधुनिक मानवमा आएका नैतिकता र शान्तिको समस्यालाई प्रस्तुत गरिएको छ । यस कृतिमा बौद्धकालीन समाजमा व्याप्त शान्ति, सद्भाव र सहिष्णुताको जीवन प्रस्तुत गरिएको छ ।  यस कृतिमा

बौद्धकालमा शान्ति उपदेशका लागि बनाइएको **पाटाचरी** उद्यानमा आएका भिक्षु भिक्षुणीहरूमा व्याप्त शान्ति, सद्भाव र सहिष्णुताको आर्दशको चित्रण गरिएको छ ।

## ५.३. ३ कपिल लामिछाने (२०१५)

कास्की जिल्लको पहाडी इलाकामा २०१५ सालमा जन्मेका कपिल लामिछाने नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । हाल उनी रुपन्देही जिल्लमा स्थायी बसोबास गर्दछन् । उनको प्रथम बाल साहित्यिक कृति **अक्षर** (२०५१) हो । उक्त कृतिलाई २०५३ सालमा नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको थियो । लामिछानेका हालसम्म **अक्षर** (२०५१), **काले कुकुर** (२०५१), **भाँडा कुटी** (२०५८), **सुनकथा** (२०५९), **म्याउँ म्याउँ बिरालो** (२०६०) **रमाइला गाउँ खाने कथा** (२०६१) **राँके भूत** (२०६१), **नाङ्लो जत्रो फूल** (२०६२), **रमाइला केही कथा** (२०६३) **दशैं, पिङ र हात्ती** (२०६३), **ठूलो मान्छे** (२०६३), र **मुसाको वस्ती** (२०६४), कृतिहरू प्रकाशित छन् (भट्टराई, २०५४:१०१)। लामिछाने विषेश गरेर आख्यानका क्षेत्रमा सफल रहेका छन् । लामिछाने बाल साहित्य लेखकमा सफल हुनुमा उनका बाल कथाहरूको विशेष भूमिका रहेको छ । लामिछानेका बाल कथाहरूको सङ्ख्या झण्डै ४० पुगेको छ । उनको **अक्षर** कथा सङ्ग्रहमा उनका मौलिक कथाहरू सङ्ग्रहित छन् । उनका बाल कथाहरूमा नैतिकता, शिक्षा, उपदेश तथा व्यवहारिक ज्ञानको महत्त्वलाई प्रमुख विषय बनाइएको हुन्छ । उनका कथामा अरूलाई दुःख दिनु हुन्न, मिहिनेतको फल भविष्यमा मिठो हुन्छ, मानिसले सधैं राम्रो काम गर्नु पर्छ भन्ने भाव पाइन्छ । हाम्रै परिवेशका पात्र, सरल भाषा शैलीले गर्दा उनका कथा अत्यन्त मीठा र रोचक हुन्छन् । बाल बालिकाहरूलाई शिक्षा, ज्ञान, चेतना र मनोरञ्जन दिनु यिनको वैशिष्ट्य हो ।

## ५.३.४ कृष्ण प्रसाद पराजुली (१९९२)

वि.सं. २०६४ मा नेपाली बाल साहित्यका विशिष्ट स्रष्टा कृष्ण प्रसाद पराजुलीलाई गुठीले नूर-गङ्गा बाल साहित्य पुरस्कार प्रदान गरी सम्मान गर्‍यो । बाल साहित्यतर्फ

उनका **रमाइला नानी** (भाग १, २०२२), **रमाइला नानी** (भाग २, २०२२), **रमाइला नानी** ( भाग ३, २०२५), **चरी आयो** (२०४७) **तारा मण्डल** (२०६४), **नातिनातिना** (२०६४) र **सुनकल्छे हिमाल** (२०६५) बाल कवितासङ्ग्रह, **जुनतारा** (२०४४) बाल गीतिकाव्य तथा **सुनौला तीन कुरा** (२०२७) **चार चङेरी** (२०२८) **लुकामारी** (२०३०) **सुनकेस्रा** (२०३५) **हिमाली डाँफे** (२०४४) **मेरो मुरली**

(२०४८) र **फूल जस्तो मन** (२०५९) बाल कथासङ्ग्रह तथा **इन्द्रिनी** (२०६१) बाल एकाङ्की सङ्ग्रह गरी जम्मा सोह्र कृति प्रकाशित छन् (भट्टराई,२०५४:१३७)। आजभन्दा अड्तीस वर्ष अघी उनले लेखेका **रमाइला नानी** आज पनि नेपाली बाल बालिकाका लागि उत्तिकै प्रिय छन् । **रमाइला नानीका** कविताहरूका माध्यमबाट कवि पराजुलीले नेपाली बाल बालिकालाई नेपाली समाज र संस्कृतिको, हाम्रो राष्ट्रियता र प्रकृतिको अनि ज्ञानका बिभिन्न पक्ष र समाजिक सम्पत्तिका बारेमा जानकारी दिएका छन् । कवि पराजुलीले एकातिर नेपाली गाउँ घरमा प्रचलित कतिपय लोक बाल कवितालाई परिष्कार र परिमार्जन गरी नयाँ स्वाद र मौलिकताका साथ प्रस्तुत गरेका छन् भने अर्कातिर पूर्ण मौलिक बाल कविताहरू सिर्जना गरी यस क्षेत्रमा नवीनता र रचनात्मकता पनि थपेका छन् । समग्रमा बाल भाषा र बाल बालिकामा प्रचलित शब्दको प्रयोग गरेका छन् । उनका कृतिको भाषामा सरलता, आकर्षण र मिठो प्रस्तुति पाइन्छ साथै लयात्मकता, अन्त्यानुप्रास, मनोरञ्जन, ज्ञान र चेतनाको त्रिवेणी कवि पराजुलीका बाल कविताका विशेषता हुन् । कवितामा प्रयुक्त अनुकरणात्मक शब्दले कवितालाई बाल बालिकाका लागि सुस्वदु बनाउन मद्दत गरेको छ । **जून तारा** गीतिकाव्यका माध्यमबाट भने कविले स्वर्थमा परेर अरुलाई हानि पुऱ्याउन खोज्दा त्यसको दुष्परिणाम स्वयम्ले भोग्नु पर्छ भन्ने सत्यलाई स्पष्ट पारेका छन् । हाम्रो समाजमा प्रचलित लोक आख्यानलाई विषय वस्तु बनाई लोक लयमा प्रस्तुत गरिएको प्रस्तुत गीतिकाव्यमा कथानक र काव्यात्मकताको उचित समन्वय पाइन्छ । लयात्मकता, अन्त्यानुप्रास र अनुकरणात्मक शब्दहरूको अझ श्रुतिमधुर काव्यले उपदेश होइन शिक्षा दिन खोजेको छ । बाल कथा लेखकका रूपमा पनि पराजुलीको योगदान रहेको छ । उनका हालसम्म

सातओटा कथा सङ्ग्रह प्रकाशित भइसकेका छन् । उनका अघिल्लो चरणका बाल कथाहरू लोक कथाहरू मौलिक छन् । उनका बाल कथामा बाल हृदय अनुकूल भाषा शैली र बाल मनोविज्ञान अनुसार विषय वस्तुको चयन भएको पाइन्छ । उनको सात एकाङ्कीको सङ्ग्रह इन्द्रिणीमा रहेका एकाङ्कीहरू भने विशेषताः किशोर किशोरीका लागि उपयोगी देखिन्छन् । यी मध्ये केही एकाङ्की मञ्चनसमेत भई सकेको लेखको भूमिकामा उल्लेख गरेको पाइन्छ ।

### ५.३.५ कवीन्द्रमान सिंह

कवीन्द्रमान सिंह नूर-गङ्गा प्रतिभा पुरस्कारद्वारा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई दिइने पुरस्कार २०६१ सालमा पुरस्कृत भएका हुन् । उनलाई लुम्बिनी अञ्चलमा रही साहित्य क्षेत्रमा योगदान दिएवापत यो पुरस्कार दिइएको हो । कवीन्द्रमान सिंह (१९८६)ले २००४ सालदेखि नै साहित्य लेखन आरम्भ गरेका हुन् । उनले २००४ सालमा कविता लेखनबाट साहित्य लेखन आरम्भ गरेका हुन् । हाल उनका **वरहिणी** (कथा सङ्ग्रह) २०१०, **पराग** (गीतिकाव्य) २०११, **पाल्पाको सेरोफेरो** २०५४, **जीवन पथको घुम्तीबाट** (कथा सङ्ग्रह) २०५३ र **रजकण** (कविता सङ्ग्रह) गरी पाँचवटा कृतिहरू प्रकाशित छन् (भट्टराई,२०५४:११०)।

**वरहिणी** (कथा सङ्ग्रह) २०१० सिंहको पहिलो कृति हो । कथा सङ्ग्रहमा सामाजिक यथार्थवादी कथाहरू छन् । यस कृतिका कथामा आदर्शवादी समाजको उद्देश्य राखिएका कथाहरू छन् । **पराग** (गीतिकाव्य) २०११ गीत लयमा लेखिएको काव्य हो । लघु आयामको यस कृतिमा झ्याउरे लयको मिठो समायोजन गरिएको छ । **पाल्पाको सेरोफेरो** २०५४ कृति सिंहको अनुसन्धानात्मक कृति हो । यस कृतिमा पाल्पा जिल्लाको भौगोलिक परिचय दिइएको छ । साथै यस कृतिमा पाल्पाको ऐतिहासिक र संस्कृतिका बारेमा पनि चर्चा गरिएको छ । **जीवनपथको घुम्तीबाट** (कथा सङ्ग्रह) २०५३ मा सामाजिक कथाहरू प्रस्तुत गरिएको छ । गुरु प्रसाद मैनालीको जस्तै आदर्शवादी चेतना भएका कथा यस कृतिमा प्रस्तुत गरिएको छ । **रजकण** (कविता सङ्ग्रह) २०५३ मा गद्य र पद्य कविताहरू सङ्कलित छन् ।

### ५.३.६ कार्तिकेय घिमिरे (२०३३)

वि.सं. २०६६मा भने नयाँ व्यवस्था अनुसार पहिलो पटक युवा बाल साहित्य प्रतिभा कार्तिकेय घिमिरे (२०३३)लाई यो पुरस्कारका लागि चयन गरिएको छ । घिमिरे नेपाली साहित्यको विशेष गरी कथा, उपन्यास र चित्र कथा विधामा कलम चलाउने समर्पित स्रष्टा हुन् । उनका **बुद्धिमान छोरी** (२०५३), **मेरी सानी राधा** (२०५६), **फुच्चे बन्यो राजा** ( २०५६), **भ्यागुताको प्रजातन्त्र** (२०५८), **सुगा बन्यो राजा** ( २०५८), **बाल दिवस** (२०६०), **परीको कल्पना** (२०६०), **छिः कस्तो नराम्रो हिरो** (२०६४), र **चङ्गा चेट** (२०६४), बाल कथासङ्ग्रह, **भुतराज** (२०५८), **डरलाग्दो राक्षसको खोजी** (२०५८), र **अचम्मको देश** (२०५९) बाल उपन्यास, **जादुको टोपी** (२०६४), **परीगााउँको कथा** (२०६४), **फर्सी बहादुरको कथा** (२०६४) र **तरबारको जादु** (२०६४), चित्रकथा तथा **जादुको कथा** (२०६४), विविध प्रकाशित भएका छन् (सुवेदी र अन्य,२०६६ ३३:)। बाल साहित्य सिर्जना र बाल साहित्यिक गतिविधिमा सक्रियता नै उनको जीवनको लक्ष्यदेखिन्छ । बाल साहित्यिक कृतिहरू केही लोक कथाका पुनर्कथन भए पनि अधिकांश मौलिक सृजनाका रूपमा रहेका छन् । बाल बालिकाका पीडा र व्यथा, उनीहरूका समस्या, बाल अधिकार नै उनका कथाका विषय हुन् । यस अतिरिक्त बाल बालिकालाई सिर्जनात्मक कार्यमा अघि बढाउनका लागि समेत उनले काम गर्दै आएका छन् । उनी नेपालको इ-बाल पत्रिका डटकमका सम्पादक पनि हुन् । उनका कथाहरूका अङ्ग्रेजी अनुवाद समेत भएका छन् र त्यस्ता तीन कृति प्रकाशनमा आएका छन् । बाल साहित्य प्रतिष्ठान नामक संस्थाका संस्थापकसमेत रहेका कार्तिकेय घिमिरे अहिले सो संस्थाका अध्यक्षसमेत छन् । यस प्रकार कार्तिकेय घिमिरे पूर्णतः बाल साहित्यमै समर्पित छन् ।

### ५.३.७ कुलमणि देवकोटा (१९८५)

कुलमणि देवकोटालाई २०५३ सालमा लुम्बिनी अञ्चलका सहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई दिइने नूर–गङ्गा प्रतिभा पुरकार प्रदान गरिएको हो । उनी विशेष रूपमा कविका रूपमा स्थापित छन् । उनी मौलिक गीति कविता स्थानमा पनि अग्रणि रहेको पाइन्छ । उनका प्रकाशित कृतिहरू **पाल्पाली गीत सङ्ग्रह** (२०१४) **छरिएका फूल** (कविता सङ्ग्रह) २०१५ **पुतलीको फुल** (बाल गीत सङ्ग्रह) **साक्षरताको प्रसार** (कविता सङ्ग्रह) २०३४ **गाईजात्रा** र **मुटुली बजै** आदि रहेका छन् (भट्टराई,२०५४:१२७)।

देवकोटाको **पाल्पाली गीत सङ्ग्रह**मा पाल्पामा प्रचलित लोक गीतहरूको सङ्कलन गरिएको छ । यस कवितामा पाल्पा जिल्लाका बिभिन्न ठाउँमा प्रचालित बिभिन्न भाकाको गीतहरू सङ्कलित छन् छरिएका । **फूल** सङ्ग्रह २०१५ मा पद्य कविताहरू सङ्कलित छन् । **साक्षरताको प्रसार** (कविता सङ्ग्रह) २०३४ मा बिषय पुरक कविताहरू सङ्कलित छन् । **पुतलीको फुल** कृतिमा बाल गीतहरू सङ्कलित छन् । **गाईजात्रा** कविता सङ्ग्रह हो यसमा व्यङ्ग्यात्मक गीतिलयका कविताहरू सङ्कलित छन् । **बारुलीबजै** बाल  कवितामा गीत सङ्ग्रह हो । यसमा बाल कथालाई गीतिलयमा प्रस्तुत गरी काव्यको आयाम प्रदान गर्ने काम गरिएको छ ।

देवकोटा सृजनशील व्यक्तित्व मात्र नभई अनुवादक व्यक्तित्वका रूपमा पनि चिनिएका छन् । उनको **मञ्जरी मदनम्, भानु भक्तीय रामायण** अनुवाद ग्रन्थ प्रकाशित छन् । **मञ्जरी मदनम्** लक्ष्मी प्रसाद देवकोटाको **मुना मदन**को संस्कृत अनुवाद हो । यस कृतिमा देवकोटाले स्वच्छन्दबादी भाव प्रभावहरूलाई संस्कृतमा यथाभाव प्रस्तुत गरेका छन् । भानुभक्तीय **रामायण** भानुभक्तको रामायणको हिन्दी अनुवाद हो । यस ग्रन्थमा देवकोटाले हिन्दी भाषामा रहेको अनुवाद क्षमतालाई प्रस्तुत गरेका छन् ।

देवकोटको कार्य शील्प गद्य तथा पद्य दुवैमा अगाडि बढेको पाइन्छ । उनका केही कृति तथा कविताहरू अझै अप्रकाशित रूपमा रहेका छन् ।

### ५.३.८ चेत बहादुर कुँवर (१९९६)

चेत बहादुर कुँवरलाई २०५९ सालमा लुम्बिनी अञ्चका बाल साहित्य क्षेत्रमा योगदान स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कारद्वारा सम्मानित गरिएको हो । कुँवर नेपाली साहित्यमा कवि, नाटकार, निबन्धकार र गीतकारका रूपमा स्थापित भएका छन् । उनका प्रकाशित कृतिहरू **दियालो** (गीतिकविता सङ्ग्रह) २०३१, **नरहोस केही बेकार** (एकाङ्की सङ्ग्रह) २०१९, **सृजनाका उषाहरू** (कविता सङ्ग्रह) २०२६, **बन्दनाका तृष्णाहरू** (कविता सङग्रह) २०२८, र **कुँवर चेतका कविताका तिन सङ्ग्रहहरू** २०४६ रहेका छन्  (भट्टराई, २०५४:२२७)।

कुँवरको **दियालो** २०१३ गीति कविता सङ्ग्रह हो । यस कृतिमा कुँवरका झ्याउरे लय र केही गद्य लयका कविता र गीतहरू सङ्कलित छन् । **नरहोस् कोही बेकार** कुँवरको एकाङ्की सङ्ग्रह हो । यस सङ्ग्रहमा कुँवरका ७ वटा एकाङ्कीहरू सङ्कलित छन् । उनका एकाङ्कीमा समाजका नारी, गरिब तथा निम्न आयआर्जन भएकाहरूको यर्थाथ अवस्थालाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । उनका एकाङ्कीमा विचारलाई बढि महत्त्व दिएको हुन्छ । सृजनाका उषाहरू कुँवरका कविता सङ्ग्रह हो ।

कुँवर साहित्य सृजनाका साथै पत्रपत्रिका सम्पादनमा पनि सक्रिय रहेका छन् ।  उनले *पाल्पा (साप्ताहिक), पाल्पा हिजोआज, पाल्पा दर्पण, आशा, अंकुर, कोपिला, गुराँस* जस्ता पत्र पत्रिकाको सम्पादन गरेका छन् । उनले मोतीस्मृति ग्रन्थ, राष्ट्रिय भाषा जस्ता कृतिको सम्पादन गरेको पाइन्छ । उनका साहित्यिक कृतिमा राष्ट्रवाद, मानवतावाद र यथार्थवादलाई मुख्य विषय बनाइएको हुन्छ ।

### ५.३.९ जगत बहादुर जोशी (१९८६ )

जगत बहादुर जोशीलाई २०५० सालमा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर–गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको पाइन्छ । जोशीको पहिलो प्रकाशित रचना 'गुलाबको फूल' कविता हो । उनको प्रस्तुत पहिलो कविता २००६ सालमा *युगवाणी* पत्रिकामा प्रकाशित भएको हो । जोशीका प्रकाशित

कृतिहरू **जसवन्ते** खण्डकाव्य २०२८ र **आज सूर्य विरामी छ** कविता सङ्ग्रह २०५० हुन् ( भट्टराई,२०५४:२३०)।

जोशीको **जसवन्ते** खण्डकाव्य पौराणिक पृष्ठ भूमिमा लेखिएको खण्डकाव्य हो । संस्कृतको यशोवन्तको कथालाई टिपेर **जसवन्ते** खण्डकाव्य रचना गरेको पाइन्छ । **आज सूर्य विरामी छ** कविता सङ्ग्रह जोशीको प्रयोगवादी कविताहरूको सङ्ग्रह हो । यस कृतिमा विश्वमा हराउँदै गएको मानवता, शान्ति र सद्भावका बारेमा वर्णन गरिएको छ । यस कृतिमा जोशीका गद्य तथा पद्य कविताहरू सङ्कलित छन् । उनका कृतिमा प्रयोगवादी चेतना र प्रवृत्ति पाइन्छ ।

जोशीका साहित्येत्तर कृतिहरूमा **नेपालका इतिहास निर्माता** भाग १,२ र ३ **नेपाल दर्शन** भाग १ अनुसन्धानात्मक कृति हुन् । उनको **बौद्ध दर्शन** अनुवाद ग्रन्थ हो । **मिथ्या दृष्टि र अन्धविश्वास र बौद्ध दर्शनका भौतिक सिद्धान्तहरू** बौद्ध धर्म दर्शन सम्बन्धी कृति हुन् । उनका अप्रकाशित कृतिहरूमा **भारतको पुरानो इतिहास, चिन्तनका फिलिङ्गाहरू** ( कविता) **उमेरको टालो उपन्यास, जीवन दर्शनमा शिक्षाको भूमिका, पाल्पा बोल्दछ** जस्ता ऐतिहासिक अनुसन्धानात्मक र सृजनात्मक कृतिहरू रहेका छन् (भट्टराई,२०५४:२३०)। उनका तामाङ भाषामा लेखिएको **पैष्वाला** कृति पनि अप्रकाशित रहेका छन् । यसरी हेर्दा जोशी कवि, इतिहासकार, उपन्यासकार, अनुसन्धानात्मक व्यक्तित्वका रूपमा परिचित रहेका छन् । उनका काव्यमा मानवीय जीवनका अस्तव्यस्तताहरूलाई पौराणिक र ऐतिहासिक दृष्टिमा समायोजन गरी प्रस्तुत गरिएको पाइन्छ ।

### ५.३.१० जनक प्रसाद हुमागाइँ (१९९४-२०६३)

वि.सं. २०६२ मा बाल साहित्यमा समर्पित लेखक जनक प्रसाद हुमागाइँलाई ( १९९४-२०६३) पुरस्कृत गरेर गुठीले उनको योगदान सम्मान गर्‍यो । बाल साहित्यका क्षेत्रमा उनका तेह्रवटा कथा सङ्ग्रह **गोकुलकी आमा कसरी निको भइन् ?** (२०६३), **गुनिला पाँच बाल कथा** (२०४१), **बाआमाको माया** (२०४३), **दिदीभाइको माया** (२०४७), **चम्पा र**

**मायालु काका** ( २०५०), **मालतीको यात्रावर्णन** (२०५१), **भाइ बहिनीका कथा** (२०५३), **गल्ती पत्ता लगाउने नाति** (२०५९), **असल मित्र** (२०६०), **सगुन र सडक** (२०६२), **विकृत ढोका** (२०६३), **नानीको प्रगति** (२०६३) र **रजनीको व्यथा** (२०६३), दुई चित्रकथा **लहरे पीपलको कथा** (२०५९) र **मुरली-वंशी** (२०६३), एक कविता सङ्ग्रह **नानी पढ्छ** ( २०६०) निबन्धसङ्ग्रह **शब्दज्ञान** (२०६०) छापिएका छन् (भट्टराई,२०५४:२३८)। बाल कथाकारको रूपमा आफ्नो छुट्टै पहिचान बनाइसकेका जनक प्रसाद हुमागाइँका बाल कथाहरूको विशेषता 'मौलिकता' नै हो । धेरै नेपाली बाल कथा लेखकले लोककथा, पुराकथा र धार्मिक आध्यात्मिक ग्रन्थका आधारमा कथाहरू लेखे पनि हुमागाइँका कथा भने मौलिक कथावस्तु लिएर लेखिएका छन् । साथै एउटै कथाका माध्यमबाट धेरै कुराहरू भन्नु पनि उनका बाल कथाको महत्त्वपूर्ण विशेषता रहेको छ । सरल र स्पष्ट कथावस्तु, भाषिक सरलता, सङ्क्षिप्तता, थोरै पात्रपात्रा र शैलीगत तरलता पनि उनका कथाका विशेषता रहेका छन् । हाम्रै गाउँघर, सहरबजार र समाजमा भइरहने स-साना घटनाबाट कथाको उठान गरी आफ्नै ढङ्गले कथा लेख्न हुमागाइँ खप्पिसदेखिन्छन् । वास्तवमा जनक प्रसाद हुमागाइँले आफूले कल्पना गरेको नेपाल र नेपालीको सुखद भविष्यलाई साकार बनाउने क्रममा नै सबै बाल रचनाको सिर्जना गरेकादेखिन्छन् । त्यसैले उनका रचनामा समानता, अन्याय, अत्याचार र शोषणको विरोध, न्यायको पृष्ठपोषण गरिएको पाइन्छ । उनका प्रायःजसो कथाका पात्रपात्रा बाल बालिका नै हुनाले ती कथा बाल बालिकाका लागि रुचिकर हुनपुगेका छन् । **मुरली वंशी** चित्रकथा भने जातीय समानताका पक्षमा वकालत गरिएको छ । ती बाल कथा सङ्ग्रह बाहेक पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित **टाटे-पाङ्ग्रे** (२०५७) र **अमूल्य उपहार** (२०५८) मा उनका क्रमश : दुई र पाँच बाल कथा छापिएका छन् । उनको एक मात्र कविता सङ्ग्रह **नानी पढ्छ** प्रकाशित भएको छ, जसमा एककाइस बाल कविता छन् ।

### ५.३.११ टीकाराम पन्थी (१९९६)

टीकाराम पन्थी (१९९६) लाई २०५७ सालमा लुम्बिनी अञ्चलका कला संस्कृतितर्फ उल्लेख्य योगदान दिने प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा विशिष्ट सम्मानद्वारा सम्मानित गरिएको हो । उनका प्रकाशित कृतिहरू **केही जनश्रुतिहरू** २०४२, **रुरुवृतम्** २०२१, **सुधर्मा** २०३९, **अश्रुपहार** २०३९ र **नेपाल** २०४४ हुन् । **पन्थीको केही जनश्रुतिहरू** २०४२ संस्कृतिक अध्ययनमा आधारित कृति हो (भट्टराई, २०५४:२५९)। उनले यस कृतिमा मानिसले मौलिक रूपमा विकसित गरेका श्रुतिहरूको संस्कृतिक दृष्टिकोणले अध्ययन गरेका छन् । **रुरुवृत्तम्** पन्थीको संस्कृत भाषामा रचिएको खण्डकाव्य हो । यस खण्डकाव्य नेपालको रुरु रिडी क्षेत्रको संस्कृतिक र ऐतिहासिक महत्त्वको महिमा गान गरिएको छ । पद्य लयमा रचिएको यस कृतिमा विशिष्ट सांगीतिक भाषाको प्रयोग गरिएको छ । **सुधर्मा** पन्थीको धार्मिक विषयमा आधारित खण्डकाव्य हो । **अश्रुपहार** पन्थीको करुण रसमा आधारित खण्डकाव्य हो । **नेपाल** पन्थीको ऐतिहासिक, सांस्कृतिक र धार्मिक महिमाको वर्णन गरी रचिएको खण्डकाव्य हो । उनका खण्डकाव्यहरू ऐतिहासिक र सांस्कृति विषयमा आधारित हुन्छन् । उनका ग्रन्थहरूमा नेपालको राष्ट्रिय गरिमा प्राचीन आदर्श कथासँग दाँजेर हेरिएको पाइन्छ । उनका काव्यहरूमा सांस्कृतिक विशिष्टताको महिमा गान गरेको पाइन्छ ।

### ५.३.१२ दुर्गालाल श्रेष्ठ ( १९९२ )

वि.सं. २०५८ सालको नूर-गङ्गा बाल साहित्य पुरस्कार नेवारी भाषाका प्रतिष्ठित कवि दुर्गालाल श्रेष्ठ ( १९९२ ) लाई प्रदान गरियो । आफ्नो साहित्यिक जीवनको उत्तरार्द्धमा आएर वि.सं. २०४८देखि नेपाली भाषामा पनि सशक्त ढङ्गले कलम चलाउन थालेका उनको **इच्छाको सिमाना** (२०५५)बाल गीतिकाव्य, **सन्तको छाता** (२०५८) बाल खन्डकाव्य, **कागजको डुङ्गा** (२०५८) बाल गीतसङ्ग्रह र **चिरीबिरी** (२०६३) बाल कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् भने अरु फुटकर बाल कविता गीत विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् (सुवेदी र अन्य २०६६: ३३)। उनको पहिलो बाल कृति **इच्छाको सिमाना** सोभियत

रुसका प्रसिद्ध कवि पुस्किनको **माझी र सुनको माछो**मा आधारति भए पनि लेखकले यसलाई मौलिकता दिन सकेसम्म प्रयास गरेका छन् । झ्याउरे लयमा संरचित यस गीतिकाव्यले मानवीय इच्छा अससीमित हुन्छन् भन्दैमा ती सबैलाई प्राप्त गर्न खोज्नु हुन्न भन्ने सन्देश दिएको छ । कथानक सँगसँगै बगेको कविको विचारले काव्यलाई रोचक र रमणीय बनाएको छ । कथानकको कसिलो बुनोट, सरल र सहज भाषाको प्रयोग र सन्देश सहितको कवि विचारले इच्छाको सिमानालाई बाल बालिकाका लागि अत्यन्त प्रेरणादायी काव्यको रूपमा प्रस्तुत गर्न सकेको  छ । कवि श्रेष्ठको बाल खण्डकाव्य **सन्तको छाता**ले सामान्य, सरल र प्राकृतिक जीवनमा पाइने मिठास र जीवन्तता भौतिक सुखसयल र विलासितामा नपाइने कुरालाई सशक्त ढङ्गले प्रस्तुत गरेको छ । यस काव्यका माध्यमबाट खण्डकाव्यकार श्रेष्ठले सामान्य लोभलालच विहीन व्यक्तिमा हुने सद्गुणहरूका कारण अन्य व्यक्ति प्रभावित हुने तथ्य औंल्याएका छन् । बिसवटा बाल गीतको सङ्ग्रह **कागजको डुङ्गा**मा भने बाल जगत्का विविध विषयलाई गीतिस्वरूपमा ढालिएको छ । विषयको चयनमा दृष्टिले मात्र नभई संरचनाका दृष्टिले पनि यी बाल गीत उल्लेखनीय लाग्छन् । विषयसँगसँगै बाल मनलाई छुने किसिमका अभिव्यक्तिका कारण पनि दुर्गालाल श्रेष्ठका बाल गीतहरू नेपाली बाल कविताका उल्लेखनीय प्राप्तिका रूपमा रहेकादेखिन्छन् । सललल, घिन्तिङ्-घिन्तिङ्, हुलहुल, ठुसुक्क, मुसुक्क, खुसुक्क, धुरुक्क, चमक-चमक, हुइँया जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले बाल गीतहरूलाई बाल रुचि अनुकूल बनाएको छ । समाजका उपेक्षित वर्गप्रति सहानुभूति र सम्मान कविले आफ्ना बाल गीत मार्फत् गरेका छन् । मीठो सङ्गीत-चेतना, विविध लय, गहिरो भाव र सरल शब्दको प्रयोग यस सङ्ग्रहका विशेषता हुन् ।

### ५.३.१३ देवकुमारी थापा (१९८४)

देवकुमारी थापा नेपाली बाल साहित्यमा अत्यन्त चर्चित नाम हो । विशेष गरेर बाल मनोविज्ञानलाई आधार मानेर कथा लेख्ने काममा उनी अग्रस्थानमा छिन् । थापाका बाल साहित्यमा मात्र नभएर अन्य साहित्यमा पनि सृजनाहरू सशक्त र चर्चित रहेका छन् ।

उनका बाल साहित्यतर्फ **पुण्यात्मा आमा (२००९), छ तारा (२०१०), रामको कथा** (२०१३), **वरपरबाट** (२०३३), **कथाको बटुलो** (२०३६), **जङ्गलको कथा** (२०३७) र **सुन पखेटी चरी** ( २०४२) गरी सात बाल कृतिहरू प्रकाशित छन् (भट्टराई,२०५४:३१०)। उनको पहिलो बाल साहित्यिक कृति **पुण्यात्मा आमा** जीवनीमा आधारित कृति हो । यसमा गुरु रामकृष्ण परमहंसकी श्रीमती शारदा देवीको जीवनीलाई प्रमुख विषय बनाइएको छ । उनको **छ तारा** पनि जीवनी सङ्ग्रह हो । यस कृतिमा नेपालका छ जना राष्ट्रिय विभूति राजा त्रिभुवन,आदि कवि भानुभक्त आचार्य, राष्ट्रनिर्माता पृथ्वी नारायण शाह, अमरसिंह थापा, बलभद्र कुँवर र कलाकार अरनिकोको जीवनीलाई प्रमुख विषय बनाइएको छ । रामको कथामा रामायणका मुख्य पात्र रामको केन्द्रीय चरित्रलाई कथा बनाइएको छ । यसै गरी **जङ्गलको कथा**मा सात र **सुनपखेटी चरी**मा आठ लगायत जम्मा सत्ताइस बाल कथाबाहेक विभिन्न पत्रपत्रिकामा पनि उनका थुप्रै बाल कथा छापिएका छन् । उनका बाल कथाहरूमा विशेषतः लोकजीवनमा प्रचलित विषयलाई कथानकका रूपमा प्रस्तुत गरिनुका साथै बाल रुचि अनुकूलका प्रकृतिका चराचुरुङ्गी, पशु, राजारानी आदि पात्रपात्राहरूका माध्यमबाट बाल बालिकाहरूलाई चेतनशील र जाग्रत बनाउने प्रयास भएको  छ । बाल कथा लेखिका थापाका बाल कथाहरूका विषयवस्तु साना भए पनि तिनले ठूला एवम् महत्त्वपूर्ण कुरा भनिरहेका हुन्छन् । बाल बालिकाका कोमल हृदयमा मायाप्रेम, दयाभाव, सहनशीलता, परिश्रम, धैर्य, स्वावलम्बन, जाँगर, सच्चरित्रता, इमान्दारी र आदर्शजस्ता मानवीय गुणहरूको प्रतिष्ठापन गरी विकृतिविरुद्ध उनीहरूलाई सजग पार्ने कार्यमा उनका कथाहरू अभिमुख छन् । बाल बालिकाहरूले बुझ्ने अत्यन्त सरल भाषाको प्रयोगले गर्दा ती बाल कथाहरू सरल बाल हृदयको स्वाभाविक प्रवृत्तिअनुकूल हुनपुगेका छन् । जसरी बाल बालिका सरल हुन्छन्, उनका बाल कथा पनि त्यस्तै सरल छन् । कथाले मागेअनुसारको भाषा, आवश्यकता अनुरूपको संवादको प्रयोग र केटाकेटीले रुचाउने खालका पात्रपात्राहरूको प्रस्तुतिले पनि उनका बाल कथाहरू बाल रुचिअनुकूल हुन पुगेका छन् ।

### ५.३.१४ ध्रुव घिमिरे (२०१५)

ध्रुव घिमिरे (२०१५) नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । उनको प्रथम बाल साहित्यिक कृति **जीत कसको हुँदैछ?**(२०५१) हो । उक्त कृतिलाई २०५३ सालमा नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको थियो । घिमिरेका हालसम्म **जीत कसको हुदैछ** ?(२०५१), **चमेराको चुच्चो किन बुच्चो** ? (२०५२), **पेटमा भूत कसरी पस्यो** ? (२०५७), **टुटिलो र धनेश** (२०६२), **कोइलीको घर** (२०६०), **जनावारहरूको दौड** (२०६२), **अघिअघि रोटो पछिपछि केटो** (२०६२), **खुट्टा गन्ने खेल** (२०६२), **मनुको मने** (२०६३) र **को, किन र कसरी** ?(२०५९) कृतिहरू प्रकाशित छन् (सुवेदी र अन्य २०६६: ३०)। घिमिरे विषेश गरेर आख्यानका क्षेत्रमा सफल रहेका छन् । घिमिरे बाल साहित्य लेखकमा सफल हुनुमा उनका बाल कथाहरूको विशेष भूमिका रहेको छ । घिमिरेका बाल कथाहरूको सङ्ख्या झण्डै ४० पुगेको छ ।

**पेटमा भूत कसरी पस्यो** ? कथा सङ्ग्रहमा नौ वटा कथा सङ्ग्रहित छन् । प्रस्तुत कथामा भूत भन्ने कुरा भ्रममात्र हो, त्यो त हामीले कल्पना गरेको अविश्वासको परिणाम हो भन्ने कुरालाई मुख्य विषय बनाइएको छ । यी कथाहरू प्राय:जसो जीव जन्तुसँग सम्बन्धित छन् । **टुटिलो र धनेश** कथा सङ्ग्रहमा मानिसको जस्तै पशुपक्षीहरूको संसार हुन्छ । उनीहरू पनि मानिस जस्तै आ–आफ्ना भावना साटासाट गर्न सक्छन् । मानिसले पशुपक्षीलाई पनि स्वतन्त्र बााच्न दिनु पर्छ भन्ने भावका कथाहरू समेटिएका छन् । यस कथासङ्ग्रहमा हाम्रो समाजमा रहेको रुढिवादी सोचलाई परिवर्तन गर्न विज्ञान विषयका कथाहरू समेटिएका छन् । उनका कथासङ्ग्रहमा मौलिक कथाहरू सङ्ग्रहित छन् । उनका बाल कथाहरूमा नैतिकता, शिक्षा, उपदेश तथा व्यावहारिक ज्ञानको महत्त्वलाई प्रमुख विषय बनाइएको हुन्छ । उनका कथामा अरुलाई दु:ख दिनु हुन्न, मिहिनेतको फल भविष्यमा मीठो हुन्छ, मानिसले सधैं राम्रो काम गर्नु पर्छ भन्ने जस्ता भावहरू पाइन्छन् । हाम्रै परिवेशका पात्र, सरल भाषाशैलीले गर्दा उका कथा अत्यन्त मीठा र रोचक हुन्छन् । बाल

बालिकाहरूलाई शिक्षा, ज्ञान, चेतना र मनोरञ्जन जस्ता महत्त्वपूर्ण कुराहरू आफ्ना बाल कथामार्फत् प्रदान गर्नु यिनको वैशिष्ट्य हो ।

यी कृतिहरूका आधारमा हेर्ने हो भने घिमिरेको पहिलो कृति **जीत कस्को हुदै छ ?** कथा सङ्ग्रहमा सोह्रवटा कथा सङ्ग्रहीत छन् । यी कथाहरूमा हामीले वरपरको वातावरणलाई संरक्षण गर्नु पर्छ भन्ने भावका कथाहरू समेटिएका छन् । यस कथामा हाम्रो जीवनमा वातावरण जोगाएनौं भने अबको समयमा मानिसको अस्तित्व नै सङ्कटमा पर्न सक्छ, त्यसैले हामीले हाम्रो वरपरको वातावरण जोगाइराख्नु पर्छ भन्ने भाव प्रस्तुत गरिएको छ । **चमेरोको चुच्चो किन बुच्चो ?** मा चार वटा कथा सङ्ग्रहीत छन् । यस कथा-सङ्ग्रहका कथामा चमेरा, बाघ,मुसा जस्ता जीव, जनवारले गरेका आश्चर्यजनक कामलाई मुख्य विषय बनाइएका कथाहरू सङ्कलित छन् ।

### ५.३.१५ नारायण रायमाझी

नारायण रायमाझीलाई २०६१ सालको नूर गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । उनलाई लोक गायनका  क्षेत्रमा विशिष्ट योगदान पुऱ्याए वापत यो पुरस्कार प्रदान गरिएको हो । उनले चौध दर्जन जति लोक गीत, करिव ६ दर्जन जति आधुनिक गीत, आधा दर्जन जति चलचित्रका गीत, दुई दर्जन जति टेलिफिल्मका गीत लेखिसकेका छन् । उनले तीनवटा गीति नाटिका, एउटा चलचित्र, दुईवटा वृत्तचित्र लेखिसकेका छन् । उनले आफै वा अरुसँग मिलेर झण्डै बाह्रसय गीत गाइसकेका छन् (सुवेदी र अन्य,२०६७:२६)। उनी नूर-गङगा प्रतिभा पुरस्कार गुठी लगायत २०० जति संघसंस्थाबाट सम्मानित भइसकेका छन् । उनी रिमा रेकर्डिङ स्टुडियोका संस्थापक भए लगायत विभिन्न संस्थाहरूमा आवद्ध रहेका छन् (सुवेदी र अन्य,२०६७:२६)। उनका गीतमा प्रेमी-प्रेमीका बिचको मिलन वियोगको कारण उत्पन्न मानवीय संवेदना, घात, प्रतिघातको वर्णन गरिएको  हुन्छ । उनका गीतमा लोक लयको विशिष्ट प्रयोग गरिएको हुन्छ ।

**५.३.१६ बूँद राना** (२००३)

बूँद राना २०५६ सालमा लुम्बिनी अञ्चलको साहित्यिक क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । उनका प्रकाशित कृतिहरू **पुष्टकारी,** २०५० **अब किन मान्थिन** २०५१, **सिर्जनाका स्वरहरू, मट्याङ्ग्रा** रहेका छन् (भट्टराई,२०५४:४२३)।

रानाको पुष्टकारी कविता तथा गजल सङ्ग्रह हो । यस कृतिमा रानाका समसामयिक विषय तथा प्रेम प्रणयमा आधारित रचना रहेका छन् । **अब किन मान्थिन** रानाको बाल कथा हो । सिर्जनाका स्वरहरू रानाको गजल सङ्ग्रह हो । **मट्याङग्रा** रानाका कविता सङ्ग्रह हो ।

रानाले लेख, रचना, गीत, गजलका साथमा कलम चलाएका छन् । उनी विशेष गरी गजलका क्षेत्रमा सिद्धहस्त मानिन्छन् ।

**५.३.१७ भागीरथी श्रेष्ठ** (२००५)

भागीरथी श्रेष्ठलाई २०५७ सालमा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । उनका प्रकाशित कृतिहरू **मालती** २०३४, **क्रमशः** २०४३, **मोहदंश** २०४४, **यस्तो एउटा आकाश** २०४६, **विभ्रम** २०४९, **रङ्गीन पोखरी** २०५० र **अभिनय टेलिफिल्म** हुन् ( भट्टराई,२०५४:४३७)।

**मालती** श्रेष्ठको उपन्यास हो । प्रस्तुत उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । **क्रमश** : श्रेष्ठको कथा सङ्ग्रह हो । यस कृतिमा श्रेष्ठका सामाजिक विषयमा आधारित लघुकथाहरू समेटिएका छन् । **मोहदंश** श्रेष्ठको कथा सङ्ग्रह हो । यस कृतिमा श्रेष्ठका समाजका विकृति र असमानताको विरोध गरिएका कथाहरू समेटिएका छन् । **यस्तो एउटा आकाश** श्रेष्ठको उपन्यास हो । नारी मुक्ति र समानताको विषयमा प्रस्तुत उपन्यास आधारित छ । **विभ्रम** श्रेष्ठको कथा सङ्ग्रह हो । यस कृतिमा सामाजिक यथार्थवादी र

मनोवैज्ञानिक यथार्थवादी कथाहरू समेटिएका छन् । **रङ्गीन पोखरी** श्रेष्ठको मनोवैज्ञानिक प्रतीकात्मक कथाहरूको सङ्ग्रह हो ।

श्रेष्ठका पुस्तकाकार कृति बाहेक अनेक कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका कथा तथा उपन्यासमा नारी चेतनालाई तीव्ररूपमा उठाइएको छ । उनका आख्यानमा नारी हृदयका कोमलतम अनुभूति भएका हुन्छन् । उनका कृतिमा समाजका नारी पात्र र पुरुष पात्रका मनस्थितिको गहिरो समीक्षा गरिएको छ । उनका कृतिमा परम्परागत समाजले निम्त्याएका र बोकेर ल्याएका नारी पुरुषबीचको विभेदलाई प्रस्तुत गरिएको छ । उनका आख्यनमा पात्र वा विषयलाई भन्दा विचारलाई महत्त्व दिएको हुन्छ ।

## ५.३.१८ मोदनाथ प्रश्रित (१९९९)

मोदनाथ प्रश्रितलाई २०६५ सालमा राष्ट्रस्तरीय साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको पाइन्छ । उनका प्रकाशित कृतिहरू नयाँ नेपाली **हितोपदेश** २०१६, **आमाको आशु** २०१९, **बुबा खै** २०२१, **मानव** २०२३, **देशभक्त लक्ष्मीवाई**, **देवासुर र संग्राम, नारी बन्धन र मुक्ति, गोलघरको सन्देश** २०४०, **अतितका पाइलाहरू, एकजोडा खेदहरू, आस्था र प्रथा एक विवेचना, भुत प्रेतको कथा** २०४५, **शहिद** २०६७, **जीवाणुदेखि मानवसम्म, महाकवि देवकोटा, जब चल्छ हुरी, मन्त्रीजी र सपनाहरू उपहार देशलाई** आदि हुन् ( भट्टराई,२०५४:४९६)।

प्रश्रितको **नयाँ नेपाली हितोपदेश** २०१६ निबन्ध सङ्ग्रह हो । **आमाको आँसु** २०१९ प्रश्रितको गीत तथा कविता सङ्ग्रह हो । यस कृतिमा प्रश्रितका हराउँदै गएको स्वतन्त्रता विश्व वन्धुत्व र मानवताको आवाज उठाइ रचिएका गीत तथा कविताहरू रहेका छन् । **बुबा खै** २०२१ प्रश्रितको निबन्ध सङ्ग्रह हो । यस कृतिमा प्रश्रितको प्रगतिवादी विचारधारा समेटिएका निबन्धहरू समावेश छन् । **मानव** प्रश्रितको महाकाव्यात्मक कृति हो । यस

कृतिमा बिसौं शताब्दीमा समस्याको जंजीरमा रुमल्लिएको मानव दयनीय स्थितिको चित्रण गरिएको छ । प्रस्तुत कृति प्रयोगवादी धारामा लेखिएको उत्कृष्ट महाकाव्य हो । **देशभक्त लक्ष्मीवाइ** प्रश्रितको उपन्यास हो । यस कृतिमा राष्ट्रवादी चेतना भएकी लक्ष्मीवाई पात्रले देशमा स्वतन्त्रता ल्याउने गरेको एकलव्य प्रयासलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । **देवासुर संग्राम** प्रश्रितको प्रयोगवादी महाकाव्य हो । यस कृतिमा पौराणिक सन्दर्भमा वर्णित देउता र दानवहरू बीचको संग्रामको सन्दर्भ उल्लेख गर्दै वर्तमानको मानव मानवबीच चलेको भयावह युद्धको खतराको सङ्केत गरिएको छ । **नारी बन्धन र मुक्ति** प्रश्रितको निबन्धात्मक कृति हो । यस कृतिमा नारी मुक्ति र स्वतन्त्रता सम्बन्धी प्रयोगवादी विचार धारा प्रस्तुत गरिएको छ । **गोलघरको सन्देश** प्रश्रितको प्रयोगवादी लामो कवितात्मक काव्य हो । यस कृतिमा प्रगतिवादी विचार धारा प्रस्तुत गरिएको छ ।

**अतितका पाइलाहरू** प्रश्रितको संस्मरणात्मक कृति हो । **एकजोडा लेखहरू** प्रश्रितको लेखहरूको सङ्ग्रह हो । **आस्था र प्रथा एक विवेचना** प्रश्रितको संस्कृतिक विषयमा आधारित लेखहरूको सङ्ग्रह हो । **भुत प्रेतको कथा** प्रश्रितको प्रगतिवादी विचार समेटिएको कृति हो । **शहिदको** कृति प्रश्रितको कविता सङ्ग्रह हो । प्रस्तुत कृतिमा प्रश्रितका देशभक्तिपूर्ण कविताहरू रहेका छन् । **जीवाणुदेखि मानवसम्म** प्रश्रितको विज्ञान सम्बन्धी वैचारिक ग्रन्थ हो । **महाकवि देवकोटा** प्रश्रितको समालोचनात्मक ग्रन्थी हो । **जब चल्छ हुरी** प्रश्रितको गीत सङ्ग्रह हो । **मन्त्रीजी** प्रश्रितको प्रयोगवादी नाटक हो । **सपनाहरू उपहार देशलाई** प्रश्रितको देशभक्ति पूर्ण नाटक हो ।

### ५.३.१९ रत्नाकर देवकोटा ( १९९९ )

रत्नाकर देवकोटालाई २०५५ सालमा नेपाली संस्कृतिमा विशिष्ट योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । देवकोटाका प्रकाशित कृतिहरू **जुम्लेली शब्द र उखान सङ्ग्रह** २०२७, **जुम्लेली सामाजिक रूपरेखा** २०२७, **बेन्नु** (भाग १-४, २०२६-२९), **कर्णाली अथ इति** (२०४६), **कर्णाली खोजी**

**खबरी** २०४७ र **कर्णाली अञ्चलका प्रमुख धार्मिक स्थलहरू** २०५२ आदि कृतिहरू प्रकाशित छन् (सुवेदी र अन्य २०६७ :१)।

उनका **जुम्लेली शब्द र उखान सङ्ग्रह** २०२७ खोज तथा अनुसन्धनात्मक कृति हो । यस कृति जुम्लामा प्रचलित शब्द र उखानहरू सङ्कलित गरिएको छ । **जुम्लाको सामाजिक रूपरेखा**मा २०२७ जुम्लाको सामाजिक स्थितिको खोज गरिएको छ । **बेन्नु** ( भाग १-४) मा कर्णाली अञ्चलका चालचलनको खोजी गरिएको छ । **कर्णालीको अथ इति** (२०४६) देवकोटाको कर्णालीको भौगोलिक स्थीति र सामाजिक स्थितिको खोज गरिएको छ । **कर्णालीको खोजी खबरी** २०४७ देवकोटाको कर्णालीको सांस्कृतिक र जातीय स्थितिको अनुसन्धान गरिएको कृति हो । **कर्णाली अञ्चलका प्रमुख धार्मिक स्थलहरू** २०५२ कृतिमा कर्णालीमा स्थित धार्मिक स्थलहरूको परिचय दिइएको छ ।

उनका उपर्युक्त प्रकाशित पुस्तकका अतिरिक्त अनेक लेख रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनले कर्णाली अञ्चलको चालचलन, भाषा, साहित्य, संस्कृति आदि विषयमा विशेष खोज अनुसन्धान गरेका छन् ।

### ५.३.२० रमेश विकल (१९८५-२०६५)

रमेश विकल नेपाली साहित्यका आख्यानका क्षेत्रमा चर्चित लेखक हुन् । उनले नेपाली बाल साहित्यमा कथा, नाटक, गीत, उपन्यास विधामा कलम चलाएका छन् । हालसम्म उनका **अँगेनाको डिलमा** (२०२३), **पञ्चतन्त्रका कथाहरू** (२०२३), **एककाइस रमाइला कथाहरू** (२०२४), **कथाकुसुम** (२०२४), **तेह्र रमाइला कथा** (२०४८), **केही मूर्खहरूको कथा** (२०४५), **हिउँदे छुट्टी** (२०४९), **सङ्गत गुनाको बुद्धि** (२०५७), **एउटा कथा भन्नु न हजूरआमा** (२०६१), **रमेश विकलका उत्कृष्ट कथाहरू** (२०६३), **बुद्धिको घैटामा घाम** (२०६३), **मलाई किताब मन पर्छ** ( २०६३) बाल कथा-सङ्ग्रहहरू, **सात थुङ्गा** (२०३७) र **अब तिमी नरोऊ किरण** (२०५९) बाल नाटक सङ्ग्रह; **बाह्र महिनाको गीत** (२०४३) बाल गीतसङ्ग्रह; **विक्रम र नौलो ग्रह** (२०३९), बाल-उपन्यास, **मान्छे, भैंसी र मुरी चामलको भात** (२०५७) चित्रकथा; र **गौंथलीको घर** (

२०५२) जस्ता सोह्रवटा कृतिहरू प्रकाशित रहेका छन् (भट्टराई,२०५४:५२६)। रमेश विकलका बाल कथाहरू मौलिक किसिमका हुन्छन् । उनका बाल कथाहरूमा घटना तथा चरित्रलाई बढी महत्त्व दिइएको  हुन्छ । उनका कथामा चरित्र चित्रणमार्फत् समाजका रुढिवाद, अन्धविश्वास र विकृतिलाई हटाउनु पर्छ भन्ने मान्यता रहेको पाइन्छ ।

### ५.३.२१ रामनिवास पाण्डे (१९९६)

रामनिवास पाण्डेलाई २०५४ रालमा नूर–गङ्गा संस्कृति लेखन पुरस्कार प्रदान गरिएको हो । उनलाई नेपाली संस्कृतिमा **मेकिङ् अफ मोर्डन नेपाल** शीर्षकको कृति लेखी विशिष्ट योगदान दिए वापत यो पुरस्कार प्रदान गरिएको  हो । उनका प्रकाशित कृतिहरू **अ व्रिफ सर्भि अफ नेप्लिज आर्ट फर्भस, इफेक्ट अफ ट्यरिज्म अन कल्चर एण्ड इन्योरोमेन्ट इन नेपाल, म्याप अप द सनमी स्यनसिज अफ ललितपुर, मेकिङ् अफ मोर्डन नेपाल : अ स्टडी अफ द हिस्टोरी आर्ट एण्ड कल्चर अफ द प्रिन्सिपलिटिस अफ वेस्टर्न नेपाल, नेपालको पौराणिक इतिहास, कपिलवस्तु हिजो र आज र प्रेहिस्टोरी अफ नेपाल र स्कर्ड कम्प्लेक्स अफ रुरुक्षेत्र : ए हिस्टोरी साइट अफ हिन्दू पाइलग्रिम इन वेस्टर्न नेपाल** आदि रहेका छन् (सुवेदी र अन्य:२०६७:७)। उनलाइ **मेकिङ अफ मोर्डन नेपाल** कृतिका लागि २०५४ सालको नूर-गङ्गा संस्कृति लेखन पुरस्कार प्रदान गरिएको हो । यस कृतिमा नेपाल एकीकारणभन्दा पूर्व उक्त राज्यहरूको इतिहास, संस्कृति र प्रशासन आदि विषयमा चर्चा गरिएको छ । यस कृतिमा पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गर्नु भन्दा पहिलेको बाइसे र चौबिसे टुक्रे राज्यहरूको जातीय संस्कृति र धार्मिक स्थितिका बारेमा चर्चा गरिएको छ । समग्रमा हेर्दा यस कृतिमा आधुनिक नेपालको निर्माणभन्दा पूर्वको नेपालको राज रजौटाहरूको उत्पत्ति, टुक्रेराज्यहरूको निर्माण तिनीहरूको इतिहास, ती राज्यमा जातजातिहरूको स्थिति, तिनले सञ्चालन गर्ने प्रशासन र त्यसका विधि, कानुन, ती राज्यहरूको आर्थिक स्थिति आदिका बारेमा चर्चा गरिएको छ ।

### **५.३.२२ रामशरण दर्नाल (१९९८-२०६८)**

रामशरण दर्नाललाई २०६० सालमा संस्कृति क्षेत्रमा विशिष्ट योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर–गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । दर्नालका प्रकाशित कृतिहरू **सङ्गीत परिक्रमा** २०३८, **नेपाली सङ्गीत साधक** २०३८, **प्रज्ञा पुरस्कारबाट पुरस्कृत प्रतिभाहरू** २०३९, **सङ्गीतको विस्तृत अवलोकन** २०४१, **विश्व विख्यात सङ्गीतकार** २०४१ र **नेपाली सङ्गीत संस्कृति** २०४५ हुन् (भट्टराई,२०५४:५५७)।

उनको अध्ययन सङ्गीत विशेषमा केन्द्रित रहेको छ । उनले नेपाली सङ्गीतमा विशिष्ट अध्ययन गरेका छन् । उनले नेपाली सङ्गीतको अनुसन्धान गर्न र नेपाली सङ्गीतकारहरूको परिचय दिएर नेपाली सङ्गीतमा विशिष्ट योगदान दिएका छन् । उनले नेपाली बाजा, पाश्चात्य वाद्ययन्त्र, नेपाली  सङ्गीतमा बहुभाषा, नेपालमा शोक सङ्गीतको परम्परा, नेपालमा समसामयिक जस्ता विषयमा पनि लामो खोज तथा अनुसन्धान गरेका हुन् ।

### **५.३.२३ वामदेव पहाडी (१९९३)**

वामदेव पहाडीलाई २०५४ सालमा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । उनलाई यो पुरस्कार साहित्य, कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान दिएवापत दिइएको हो । उनका प्रकाशित पुस्तकहरू **नयनवीर, विवेक र मन्थन, कैदी र झ्याल खाना, जय देश जय नरेश, विचारका केही क्षण** आदि रहेका छन् (भट्टराई,२०५४:५९१)।

उनले नेपाली साहित्यको समीक्षा र सृजना दुवै क्षेत्रमा कलम चलाएको पाइन्छ । उनको **नयन वीर** कविता सङ्ग्रह हो । यस कृतिमा पहाडीका मुक्तलयका कविताहरू सङ्कलित छन् । **विवेक र मन्थन** पहाडीको समीक्षा सङ्ग्रह हो । यस कृतिमा उनका गहन समीक्षाहरू रहेका छन् । **कैदी र झ्याल खाना** उनको उपन्यास हो । यस उपन्यासमा प्रजातन्त्रका लागि लडेकाहरूले पाएको दुःख र सास्तीलाई चित्र झैं उतारिएको छ । **जय देश**

**जय नरेश** पहाडीको कथासङ्ग्रह हो । यस कृतिमा देशभक्ति पूर्ण भाव भएका कथाहरू समेटिएका छन् । **विचारका केही क्षण** कृति पहाडीको समालोचना सङ्ग्रह हो । यस कृतिमा उनका नेपाली र पाश्चात्य साहित्य क्षेत्रमा प्रतिनिधि कृति र कृतिकारहरू माथिको समीक्षा समेटिएको छ ।

### ५.३.२४ विष्णु प्रभात

विष्णु प्रभातलाई २०६५ लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर–गङ्गा प्रतिभा पुरस्कारद्वारा सम्मान गरिएको हो । उनलाई लुम्बिनी अञ्चलमा जन्मी नेपाल साहित्यका क्षेत्रमा विशिष्ट योगदान दिएवापत यो पुरस्कार प्रदान गरिएको हो । उनका प्रकाशित कृतिहरूमा **मार्क्सवादी सिद्धान्त र व्यवहार, संस्कृतिमा विकल्पवाद**,भाग ( १ र २ ), **चिन्तन र सौन्दर्य, खुर्सनी पुरण, खुम्चिङ, खुसखुस कम्पनी, मातृत्व, परिजात र हरि माया, कम्युनिष्ट पार्टी र प्रजातन्त्र, समीक्षा सङ्ग्रह, पुष्पलालका छरिएका रचनाहरू र नेपाली पत्रकारहरू** विशिष्ट रहेका छन् (भट्टराई,२०५४:६१६)।

प्रभातको **मार्क्सवादी सिद्धान्त र व्यवहार** दार्शनिक कृति हो । यस कृतिमा उनले मार्क्सवादको सिद्धान्त र त्यसलाई प्रयोग गर्ने परम्परा र आवश्यकताका बारेमा चर्चा गरेका छन् । **संस्कृतिमा विकल्पवाद** (भाग १ र २) प्रभातको संस्कृति विषयमा लेखिएको अनुसन्धानात्मक कृति हो । यस कृतिमा उनले संस्कृतिमा विकल्पवाद अर्थात संस्कृति परिवर्तन सम्बन्धी गहन चर्चा गरेका छन् । **चिन्तन र सौन्दर्य** प्रभातको समीक्षात्मक कृति हो । यस कृतिमा मार्क्सवादी सौन्दर्य शास्त्रबाट कृतिको समीक्षा गर्ने अबधारणाका बारेमा चर्चा गरिएको छ । **खुर्सनी पुराण** प्रभातको हास्य व्यङग्यात्मक कृति हो । **खुम्चिङ** उनको दोस्रो व्यङग्यात्मक कृति हो । यस कृतिमा उनले नेपाली समाजको विग्रदो संस्कृतिप्रति तीव्र व्यङग्य प्रहार गरेका छन् । **खुसखुस कम्पनी** उनको हास्य व्यङ्ग्यात्मक कृति हो । यस कृतिमा उनले नेपाली समाजमा प्रचलित कुरा काट्ने प्रवृतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका

छन् । **मातृत्व** प्रभातको समाज शास्त्र सम्बन्धी कृति हो । **परिजात र हरिमाया** कृतिमा परिजात र हरि मायाका प्रगतिवादी कृतिहरूको समीक्षा गरिएको छ । यो समालोचनात्मक कृति हो । **कम्युनिष्ट पार्टी र प्रजातन्त्र** उनको दर्शन सम्बन्धी कृति हो । यस कृतिमा नेपालमा प्रजातान्त्रिक व्यवस्थाका सन्दर्भमा कम्युनिष्ट पार्टीको भूमिकाको चर्चा गरिएको छ । **समीक्षा सङ्ग्रह** प्रभातको समालोचनात्मक कृति हो । यस कृतिमा उनका नेपाली साहित्यका विभिन्न विधा सम्बन्धी समीक्षाहरू सङ्कलित छन् । **पुष्पलालका छरिएका रचनाहरू** उनले सम्पादन गरेको कृति हो । यस कृतिमा नेपाली कम्युनिष्ट आन्दोलनका अग्रणी पुष्पलाल श्रेष्ठका भाषणहरू सङ्कलन गरिएको छ । **नेपाली पत्रकारहरू** प्रभातको अनुसन्धानात्मक कृति हो । यस कृतिमा नेपालका विशिष्ट पत्रकारहरूको परिचय समावेश छ । यसरी हेर्दा प्रभातले नेपाली साहित्यका विभिन्न क्षेत्रमा गहन योगदान दिएका छन् ।

### ५.३.२५ शशी पन्थी (२००९)

शशी पन्थीलाई लुम्बिनी अञ्चलमा साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । उनका प्रकाशित पुस्तककार कृति नभए पनि उनले नेपाल साहित्यिक पत्रिकामा विशिष्ट योगदान दिएको पाइन्छ । उनको सक्रियतामा *हाम्रो पुरुषार्थ* नामक साहित्यिक पत्रिकका प्रकाशित हुँदै आएका छन् (भट्टराई,२०५४:६३३)।

### ५.३.२६ सत्य मोहन जोशी (१९७०)

सत्यमोहन जोशीलाई २०६६. सालको राष्ट्रस्तरीय साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर–गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । उनलाई यो पुरस्कार नेपाली साहित्यमा विशिष्ट योगदान दिए वापत प्रदान गरिएको हो । उनका प्रकाशित कृतिहरू **नेपाली लोक गीत एक अध्ययन** (२०११), **हाम्रो लोक संस्कृति** (२०१३), **लामा र पाचुको** (२०२०) **पुरातत्व एक रोचक कथा** (२०१९), **नेपाली राष्ट्रिय मुद्रा** (

२०१७), **सिपाही र रैती, कर्णाली लोक संस्कृति** (खण्ड १ इतिहास)(२०२८), **गुलब र गुराँस पैलाको वत्ति, नेपाली मूर्तिकलाको विकासक्रम (२०३३), जब घाम लाग्छ (२०३३), क्रन्तिका लहरहरू** (२०३३) **नेपाली चाडपर्व, अरनिको, फर्केर हेर्दा** (२०३५) र **न्यूजिल्याण्डमा पहिलो नेपाली** आदि रहेका छन् (भट्टराई,२०५४:६६४)।

जोशीले नेपाली संस्कृति, नाटक, कविता र पुरातत्वका क्षेत्रमा विशिष्ट योगदान दिएका छन् । उनले यसका अतिरिक्त नेपाली मुद्रा मूर्तिकला जस्ता क्षेत्रमा गहन अध्ययन, अनुसन्धान र विश्लेषण गरेका छन् ।

### ५.३.२७ हरिदेवी कोइराला

हरिदेवी कोइरालालाई २०६५ सालको नूर-गङगा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । उनलाई नेपाली श्लोक गायनमा लुम्बिनी अञ्चलबाट योगदान पुऱ्याए बापत यो पुरस्कार प्रदान गरिएको हो । उनको तरङग (२०५४) गीत सङ्ग्रह प्रकाशित छ (बराल,२०६०:२७८)। यिनका गीतमा मर्मस्पर्शी लोक लयको प्रयोग गरिएको हुन्छ । उनको गीतमा लेखनभन्दा गायन पक्ष सबल छ । उनले नेपाली लोक लयमा आधारित भएका गीत गाएको पाइन्छ । उनका गीतमा लाहुरे जीवनको पीडा बेदना प्रस्तुत गरिएको हुन्छ । उनका गीतमा राष्ट्रवादी भाव सवल भएको हुन्छ । उनका गीतमा सहिदको सम्झना, सहिदको योगदान, आमाको महत्त्व आदि प्रस्तुत गरिएको हुन्छ । उनका गीतमा मानवीय जीवन पीडा, वेदना र संवेदना आदि प्रस्तुत गरिएको हुन्छ । उनका गीतमा आदर्श प्रेमको जीवन्त चित्रण पाइन्छ । उनका १५/१६ भन्दा बढी गीति क्यासेटहरू तथा ४/५ वटा गीत-कविता सङ्ग्रह प्रकाशन गरेकी छिन् ।

### ५.४ निष्कर्ष

यसरी हेर्दा २०४९ सालमा स्थापित २०५३ सालदेखि नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीको नेपाली बाल साहित्य पुरस्कार स्थापना गर्ने पाँचौ संस्था हो । अयोध्या प्रसाद

प्रधानलाई (२०५१) को नूर-गङ्गा पुरस्कार प्रदान गरिएको हो । अशोक मान सिंह उपन्यासकार हुन् । उनी पौराणिक विषयमा उपन्यास लेख्ने उपन्यासकार हुन् । कवीन्द्रमा सिंह नूर-गङ्गा प्रतिभा पुरस्कारद्वारा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई दिइने पुरस्कार २०६१ सालमा पुरस्कृत भएका हुन् । कुलमणि देवकोटालाई २०५३ सालमा लुम्बिनी अञ्चलका सहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई दिइने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । चेत बहादुर कुंवरलाई २०५९ सालमा लुम्बिनी अञ्चका बाल साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कारद्वारा सम्मानित गरिएको  हो । जगत बहादुर जोशीलाई २०५० सालमा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर–गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको पाइन्छ । टीकाराम पन्थी (१९९६) लाई २०५७ सालमा लुम्बिनी अञ्चलका कला संस्कृतितर्फ उल्लेख्य योगदान दिने प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा विशिष्ट सम्मानद्वारा सम्मानित गरिएको हो । बूँद राना २०५६ सालमा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । भागीरथी श्रेष्ठ २०५७ सालमा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । मोदनाथ प्रश्रितलाई २०६५ सालमा राष्ट्रस्तरीय साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको पाइन्छ । रत्नाकर देवकोटालाई २०५५ सालमा नेपाली संस्कृतिमा विशिष्ट योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो ।  रामशरण दर्नाललाई २०६० सालमा संस्कृति क्षेत्रमा विशिष्ट योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । वामदेव पहाडीलाई २०५४ सालमा लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । विष्णु प्रभातलाई लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित

प्रतिभाहरूलाई प्रदान गरिने २०६५ सालको नूर-गङ्गा प्रतिभा पुरस्कारद्वारा सम्मान गरिएको हो । शशी पन्थीलाई लुम्बिनी अञ्चलका साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर-गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । सत्यमोहन जोशीलाई २०६६ सालको राष्ट्रस्तरीय साहित्य क्षेत्रमा योगदान दिने स्थापित प्रतिभाहरूलाई प्रदान गरिने नूर–गङ्गा प्रतिभा पुरस्कार प्रदान गरिएको हो । रामनिवास पाण्डेलाई २०५४ रालमा नूर-गङ्गा संस्कृति लेखन पुरस्कार प्रदान गरिएको हो । नूर-गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार सबैभन्दा पहिले वि.सं. २०५३ मा नेपाली बाल साहित्यका युवा स्रष्टा-द्वय कपिल लामिछाने (२०१५) र ध्रुव घिमिरे (२०१६) लाई संयुक्त रूपमा प्रदान गरिएको थियो । वि.सं. २०५४ को नूर-गङ्गा बाल साहित्य पुरस्कार नेपाली बाल साहित्यमा विशिष्ट योगदान पुऱ्याए वापत् वरिष्ठ साहित्यकार देवकुमारी थापा (१९८७) लाई प्रदान गरियो । त्यसै गरी वि.सं. २०५६ मा नेपाली साहित्यका आख्यान विधाका विशिष्ट स्रष्टा रमेश विकल (१९८५-२०६५) लाई प्रदान गरियो । वि.सं. २०५८ सालको नूर-गङ्गा बाल साहित्य पुरस्कार दुर्गालाल श्रेष्ठ (१९९२) लाई प्रदान गरियो । वि.सं. २०६१ मा बाल साहित्यमा समर्पित लेखक जनकप्रसाद हुमागाइँ (१९९४-२०६३) लाई प्रदान गऱ्यो । त्यसै गरी वि.सं. २०६४ मा नेपाली बाल साहित्यका विशिष्ट स्रष्टा कृष्ण प्रसाद पराजुलीलाई र वि.सं. २०६६ मा भने नया व्यवस्था अनुसार पहिलो पटक युवा बाल साहित्य प्रतिभा कार्तिकेय घिमिरे ( २०३३) लाई यो पुरस्कारका लागि चयन गरियो ।

# छैटौ परिच्छेद

# निष्कर्ष

नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको स्थापना वि.सं. २०४९ सालमा भएको हो । प्रतिष्ठित नूर प्रताप राणा र उनकी धर्म पत्नी गङ्गा राणाले यस पुरस्कार गुठीको स्थापना गरेका हुन् । नेपाली भाषा, साहित्य एवम् गीत सङ्गीतको क्षेत्रमा विशिष्ट योगदान दिने स्रष्टाहरूलाई सम्मान गर्ने उद्देश्यले उक्त पुरस्कार गुठीको स्थापना गरिएको हो । उक्त गुठीले राष्ट्रिय स्तरका र लुम्बिनी अञ्चल अन्तर्गत ६ जिल्लाका नवप्रतिभा र स्थापित प्रतिभाले नेपाली साहित्य, बाल  साहित्य र लोक गीत गायनका क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन गरी पुरस्कृत र सम्मानित गर्ने विशिष्ट उद्देश्य लिएको छ । साथै आवश्यकदेखिएमा स्रोतको विचार गरी पुरस्कृत कृतिको प्रचार-प्रसार गर्ने उद्देश्य पनि यस संस्थाले लिएको छ । प्रथम पटक यस गुठीका संस्थापक तथा संरक्षक श्री नूर प्रताप राणा र अध्यक्षमा श्रीमती गङ्गा राणा तथा उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षमा क्रमशः डा. चूडामणि वन्धु, श्री शिवभक्त शर्मा र श्री रामबाबु नेपाल रहेका थिए । त्यसै गरी गुठीका सदस्यहरूमा श्री विद्यानाथ नेपाल, श्री गोपीकृष्ण शर्मा, श्री शम्भुप्रताप राणा, श्री कुन्दन राणा तथा डा. गोविन्द नेपाल रहेका थिए । यस गुठीले राष्ट्रिय र क्षेत्रीय स्तरमा रहेका नवप्रतिभा र स्थापित प्रतिभा गरी आठ विधामा दुई-दुई वर्षमा पुरस्कार वितरण गर्दछ । यस गुठीले पाल्पा जिल्लाका सामुदायिक माध्यमिक विद्यालयबाट सर्वाधिक अङ्क प्राप्त गरी प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने एक जना छात्रा र एकजना छात्रलाई ५/५ हजारका दरले प्रत्येक वर्ष नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार प्रदान गर्दछ । यसरी हेर्दा यस गुठीले प्रत्येक दुई वर्षमा नौ प्रकारका पुरस्कार प्रदान गर्दछ । नेपालको मातृ भाषा साहित्य र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न स्थापना भएको नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीले आफ्नो उद्देश्य विधान मार्फत व्यवस्थित र नियमित गर्दै लगिएको देखिन्छ । नूर–गङ्गा साहित्य सङ्गमले आफ्नो १९ वर्षीय यात्रा विभिन्न आरोह अवरोह छिचोल्दै पार गरिसकेको छ । गुठीको स्थाई

अङ्गको रूपमा साधारण सभा र प्रबन्ध समिति रहेको छ । गुठीको उद्देश्यमा सघाउ पुयाउन सक्ने भनी संरक्षकले नियुक्ति गरेका व्यक्ति साधारण सभाको सदस्य हुने व्यवस्था छ । साधारण सभाका सदस्य मध्यबाट नै प्रबन्ध समितिको गठन हुने व्यवस्था मिलाइएको छ । यस गुठीमा पाँच पदाधिकारी र ८ सदस्य रहने गरी केन्द्रीय कार्यसमितिको गठन गरिएको पाइन्छ । वि. सं. २०४९ को सुरुवातसँगै स्थापना भएको नूर-गङ्गा प्रतिमा पुरस्कार गुठीले नेपाली भाषा, संस्कृति, कला साहित्य र इतिहासको प्रचार प्रसार र संरक्षणका साथै पुरातत्व सम्बन्धी खोज अनुसन्धान गर्दै यस क्षेत्रलाई राष्ट्रिय स्तरमा पहिचान गराउने उद्देश्य लिएर स्थापना भएको पाइन्छ । गुठीको स्रोत संरक्षकले अक्षय कोषका लागि प्रदान गर्नु भएको रकम र त्यसबाट आर्जित व्याज, लाभांश आदि रहेको छ । गुठीको कोष वाणिज्य बैङ्कमा मुद्धति वा वचत खाता खोलेर अथवा राष्ट्रिय वचत पत्र अथवा ऋण पत्रमा लगानी गर्न सक्ने व्यवस्था गरेको छ ।

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठीले २०५० सालदेखि पुरस्कार वितरण गर्न थालेको पाइन्छ । नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी स्थापना भएदेखि आजसम्म विभिन्न समयमा विभिन्न पुरस्कारहरू प्रदान गरेको छ । ती पुरस्कारहरूमा (१) नूर–गङ्गा राष्ट्र स्तरीय विशिष्ट पुरस्कार तथा सम्मान, (२) नूर–गङ्गा कला संस्कृति पुरस्कार, (३) नूर–गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार, (४) नूर–गङ्गा स्थापित राष्ट्रिय लोक गायन पुरस्कार, (५) लुम्बिनी अञ्चल स्तरीय स्थापित नूर–गङ्गा साहित्य पुरस्कार, (६) लुम्बिनी अञ्चल स्तरीय नूर–गङ्गा प्रतिभा पुरस्कार, (७) नूर–गङ्गा बाल साहित्य नव प्रतिभा पुरस्कार, (८) नूर–गङ्गा लोक गीत गायन पुरस्कार, (९)नूर–गङ्गा प्रतिभा पुरस्कार (१०) लुम्बिनी अञ्चल स्तरीय नव प्रतिभा नूर–गङ्गा लोक गायन पुरस्कार, र (११) नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार रहेका छन् । यस क्रममा यस गुठीबाट ११ प्रकारका पुरस्कारहरू प्रदान गरि सकिएको छ । यस क्रममा १०० जना जति प्रतिभाहरू यस गुठीद्वारा पुरस्कृत तथा सम्मानित भई सकेका छन्, जसले गर्दा नेपाली भाषा, संस्कृति, लोक गायनका क्षेत्रमा खोज अनुसन्धान गर्नेहरूलाई थप प्रेरणा मिलेको पाइन्छ ।

यस पुरस्कार गुठीले दुईवटा स्मारिका पनि प्रकाशित गरेको छ । यसले नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीको समग्र परिचय दिने काम गरिएको छ । साथै यसले गुठीका कार्य सञ्चालन विधि विधानलाई पनि छर्लङ्ग्याएको छ । यस गुठीले नेपाली कला, साहित्य, सङ्गीतका क्षेत्रमा पुऱ्याएको योगदानको पनि आकलन गरेको छ । साथै यसले नेपाली बाल साहित्य, कला, सङ्गीतका क्षेत्रमा विशिष्ट योगदान दिने प्रतिभा सम्बन्धी खोज अनुसन्धान गरी तिनका बारेमा पनि नवीन यथार्थ प्रस्तुत गर्ने काम गरेको छ । यस स्मारिकाले गुठीको ऐतिहासिक सन्दर्भलाई उच्च राख्ने काम गरेको छ ।

यस शोधपत्रमा नूर–गङ्गा प्रतिभा पुरस्कार प्राप्त गर्ने स्रटाहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । नूर–गङ्गा राष्ट्र स्तरीय विशिष्ट पुरस्कार तथा सम्मान २०५० सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा अयोध्या प्रसाद प्रधान, जगत बहादुर जोशी, डा. वामदेव पहाडी, रत्नाकार देवकोटा, हर्ष ध्वज राई, टीकाराम पन्थी, कवीन्द्र मान सिंह, भवदीप, हरि प्रसाद पोखरेल, जनक प्रसाद हुमागाई, मोदनाथ प्रश्रित, माधव प्रसाद घिमिरे, श्री सत्य मोहन जोशी रहेका छन् ।

कला संस्कृति लेखन पुरस्कार कला संस्कृति लेखनतर्फ उल्लेख्य योगदान दिने व्यक्तित्वहरूलाई २०५४ सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा प्रा. डा. राम निवास पाण्डे २०५४, रत्नाकार देवकोटा २०५५, हरि प्रसाद पोखरेल २०५७, टीकाराम पन्थी २०५७, कवीन्द्र मान सिंह २०५७, राम शरण दर्नाल २०६०, कवीन्द्र मान सिंह २०६१ रहेका छन् ।

नूर–गङ्गा बाल साहित्य प्रतिभा पुरस्कार राष्ट्र स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान गर्ने स्थापित प्रतिभालाई एक वर्ष बिराएर प्रदान गर्ने गरिने पुरस्कार हो । यो पुरस्कार २०५४ सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा श्रीमती देव कुमारी थापा २०५४, रमेश विकल २०५६, जनक प्रसाद हुमागाईं २०६२, कृष्ण प्रसाद पराजुली २०६४, शान्त दास मानन्धर २०६६ रहेका छन् ।

नूर–गङ्गा लोक गायन पुरस्कार राष्ट्रिय स्तरमा स्थापित प्रतिभाहरूलाई लोक गायन क्षेत्रमा योगदान गर्ने स्थापित प्रतिभालाई एक वर्ष बिराएर प्रदान गर्ने गरिने पुरस्कार हो । यो पुरस्कार २०५२ सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा बम बहादुर कार्की २०५२, श्रीमती हरि देवी कोइराला २०६५ रहेका छन् ।

लुम्बिनी अञ्चल स्तरीय स्थापित नूर–गङ्गा साहित्य पुरस्कार नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका स्थापित प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो पुरस्कार २०५० सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा जगत बहादुर जोशी २०५०, अयोध्या प्रसाद प्रधान २०५१, बम बहादुर कार्की २०५२, कुलमणि देवकोटा २०५३, डा. वामदेव पहाडी २०५४, होम बहादुर गन्धर्व २०५४ हर्ष ध्वज राई २०५५, शशी पन्थी २०५६, बूँद राना २०५६, श्री भगीरथी श्रेष्ठ २०५७, दुर्गालाल श्रेष्ठ २०५७, अशोक मान सिंह २०५८, डा. चेत बहादुर कुँवर २०५९, माधव लाल श्रेष्ठ २०५९, नारायण रायमाझी २०६०, कवीन्द्र मान सिंह २०६१, अजम्वर ध्वज खाती २०६२, यादव भट्टराई २०६४, विष्णु प्रभात २०६५ रहेका छन् ।

लुम्बिनी अञ्चल स्तरीय नूर–गङ्गा प्रतिभा पुरस्कार नेपाली लोक गीतका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अञ्चलका प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो पुरस्कार २०६३ सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा श्रीमती लक्ष्मी न्यौपाने २०६३, भरत देउराली २०६६ रहेका छन् ।

नूर–गङ्गा बाल साहित्य नव प्रतिभा पुरस्कार राष्ट्रिय स्तरमा बाल साहित्यको क्षेत्रमा योगदान गर्ने नव प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो पुरस्कार २०५३ सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा कपिल लामिछाने २०५३, ध्रुव घिमिरे २०५३, दुर्गालाल श्रेष्ठ २०५८, कार्तिकेय घिमिरे २०६५ रहेका छन् ।

नूर–गङ्गा लोक गीत गायन पुरस्कार राष्ट्रिय स्तरमा नेपाली लोक गायनको क्षेत्रमा विशिष्ट योगदान गर्ने नव प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो । यो

पुरस्कार २०५२ सालदेखि प्रदान गर्न थालिएको  हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा बम बहादुर कार्की २०५२, दिनेश काफ्ले  २०६३, श्रीमती हरिदेवी कोइराला २०६५, खुमन अधिकारी २०६६ रहेका छन् ।

नूर–गङ्गा प्रतिभा पुरस्कार नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय  योगदान गर्ने लुम्बिनी अञ्चलका नव प्रतिभालाई एक वर्ष बिराएर प्रदान गरिने पुरस्कार हो ।     यो पुरस्कार २०५४ सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा डा. वामदेव पहाडी २०५४,  डा. चेत बहादुर कुँवर २०५९, अम्मर ध्वज खाती २०६२, यादव भट्टराई २०६४, दल बहादुर गुरुङ २०६६ रहेका छन् ।

लुम्बिनी अञ्चल स्तरीय नव प्रतिभा नूर–गङ्गा लोक गायन पुरस्कार लुम्बिनी अञ्चलका  लोक गीत  गायनका  क्षेत्रमा  योगदान गर्ने नव प्रतिभालाई एक वर्ष बिराएर प्रदान गर्ने पुरस्कार हो । यो पुरस्कार २०५४ सालदेखि प्रदान गर्न थालिएको  हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा  इन्द्र जि.सी २०६५ नारायण रायमाझी २०६०,  भरत देउराली २०६६ र लक्ष्मी न्यौपाने २०६३ रहेका छन् ।

पाल्पा जिल्लाका सामुदायिक माध्यामिक विद्यालयबाट प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण गरेवापत प्रत्येक वर्ष प्रदान गरिने नूर-गङ्गा शैक्षिक प्रतिभा पुरस्कार २०५० सालदेखि प्रदान गर्न थालिएको हो । यो पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूमा २०५० दीपेन्द्र मल्ल र अजिता शर्मा २०५०, सुन्दर कुमार घिमिरे र निर्मला शर्मा २०५१, पदम बहादुर दर्लामी र पुष्पा श्रेष्ठ २०५२, अजयकान्त सिहं र मनु पन्थी २०५३, आशिष खनाल र आशा श्रेष्ठ २०५४, सुजन अधिकारी र दिव्या शर्मा २०५५, निर्मल पन्थी र निशा कार्की २०५६, अरविन्द पन्थी र चाँदनी बस्याल २०५७, सुन्दर कुँवर र श्रृजना भट्टराई २०५८, दीपक श्रेष्ठ र सरोज बस्याल २०५९,  आशिष रेग्मी र स्नेहलता सैजु २०६०, सुशिल घिमिरे र प्रिस्का खड्का क्षेत्री २०६१, विजय रायमाझी र अम्विका काफ्ले २०६२, अशोक भट्टराई, प्रिंयका भण्डारी र सुश्री रीना महर्जन २०६३, सुमन श्रेष्ठ  र प्रशंसा शाक्य २०६४, सङ्गीत पन्त र अर्पणा रेग्मी २०६५, सदीक्षा गौतम र राम प्रसाद सारु मगर २०६६, रहेका छन् ।

समग्रमा हेर्दा नूर–गङ्गा प्रतिभा पुरस्कार गुठीले नेपाली भाषा, साहित्य, संस्कृति, लोक गायनका क्षेत्रमा लागेका प्रतिभाहरूलाई सम्मान गरेर ऐतिहासिक योगदान दिएको छ । मदन पुरस्कार गुठी, नेपाल प्रज्ञा प्रतिष्ठान जस्तै यो पुरस्कार गुठीले पनि नेपाली भाषा, साहित्य र लोक गीत गायनका क्षेत्रमा योगदान दिने प्रतिभाहरूलाई सम्मान तथा पुरस्कृत गरेकाले यसको विशिष्ट मूल्याङ्कन गर्न सकिन्छ ।

## सन्दर्भ ग्रन्थ सूची

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस ।

कोइराला, मोहन (सम्पा.) (२०५०), **आजका नेपाली कविता**, काठमाडौँ : ने. रा. प्र. प्र. ।

तिवारी (लोहनी) शोभा (२०६०) **लोक सङ्गीत दर्पण** ललितपुर : साझा प्रकाशन ।

दर्नाल, राम शरण (२०३८) **नेपाली सङ्गीत साधक,** काठमाडौँ : ने. रा. प्र. प्र. ।

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी, विधान, २०४९ ।

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी- २०४९: नियमावली २०६६ ।

नेपाल, घनश्याम (२०५६) **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** सिक्किमः गान्तोक प्रकाशन ।

पराजुली, कृष्ण प्रसाद (२०५९) **नेपाली लोक गीतको आलोक,** काठमाडौँ : वीणा प्रकाशन ।

**पाल्पा दर्पण** (२०५६) काठमाडौँ : पाल्पाली संगम ।

**पाल्पा दर्पण** (२०५९) काठमाडौँ : पाल्पाली संगम ।

पोखरेल, बाल कृष्ण र अन्य (सम्पा.), (२०६०), **नेपाली बृहत् शब्दकोश**, पुनर्मुद्रित, काठमाडौँ : नेराप्रप्र ।

बराल, कृष्णहरि, (२०६०) **गीत सिद्धान्त र परम्परा** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, घटराज (२०५६) **नेपाली लेखक कोश** काठमाडौँ : लक्ष्मी प्रसाद देवकोटा प्रतिष्ठान ।

मिश्र, डिल्ली राम (२०५०) **नेपाली प्रतिभा पुरस्कार** काठमाडौं : हिसी प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेराप्रप्र ।

सुवेदी, राजेन्द्र र अन्य (सम्पा.), नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी **स्मारिका,** २०६६, काठमाडौं : नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी ।

……………… नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी **स्मारिका,** २०६७, काठमाडौं : नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी ।

सुवेदी, राजेन्द, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, (२०५३) काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल खगेन्द्र प्रसाद (२०५२), **शोधविध**, दो.सं., काठमाडौं : साझा प्रकाशन ।

# परिशिष्ट

## परिशिष्ट एक
## गुठी दर्ताको निवेदन

मिति:- २०४९।८।७

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
काठमाण्डौं ।

विषय:-संस्था दर्ता बारे ।

महोदय,

हामीले सामाजिक सेवा सम्बन्धी संस्था दर्ता गर्न चाहेकाले संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता गर्नका लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधान ४ (चार) प्रति र निवेदन २ (दुई) प्रति यसैसाथ छ ।

१. संस्थाको नाम :- रुद्र गंगा प्रतिभा पुरस्कार गुठी, २०४९

२. संस्थाको उद्देश्य:- साहित्य, कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने लुम्बिनी अंचल ६ जिल्ला (गुल्मी, पाल्पा, अर्घाखाँची, रुपन्देही, कपिलवस्तु र नवलपरासी) का प्रतिभा छाँट गरी प्रति वर्ष रु. २०,०००।-को पुरस्कार र सम्मानपत्र प्रदान गर्ने।

३. संरक्षक र प्रबन्ध समिति

| पद | नाम | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|
| संरक्षक | रुद्र प्रताप राणा | मैतीदेवी काठमाण्डौ | व्यवसाय | |

प्रबन्ध समिति

| | पद | नाम | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | श्रीमती गंगा राणा | मैतीदेवी काठमाण्डौ | व्यवसाय | |
| २. | उपाध्यक्ष, | श्री डा. चूडामणि बन्धु | पाल्पा | प्राध्यापन | |
| ३. | सदस्य-सचिव, | श्री शिवराज शर्मा | पाल्पा | सरकारी सेवा | |
| ४. | कोषाध्यक्ष, | श्री रामबाबु नेपाल | पाल्पा | सरकारी सेवा | |
| ५. | सदस्य, | श्री विद्यानाथ नेपाल | पाल्पा | सरकारी सेवा | |
| ६. | सदस्य, | श्री गोपीकृष्ण शर्मा | पाल्पा | प्राध्यापन | |
| ७. | सदस्य, | श्री कुन्दनप्रताप राणा | मैतीदेवी काठमाण्डौं | व्यवसाय | |
| ८. | सदस्य, | श्री शम्भुप्रताप राणा | ~~नवलपरासी~~ रुपन्देही | कृषि | |
| ९. | सदस्य, | श्री आर के.सी. | नवलपरासी | | |

४. आर्थिक स्रोत:- संस्थाद्वारा प्रदान गरिएको अक्षय कोष र त्यसबाट आर्जित ब्याज ।

५. संस्थाको कार्यालय :- राम कन्दरा, मैतीदेवी, काठमाण्डौ ।

भवदीय,

(शिव भक्त शर्मा)
सदस्य-सचिव

(गंगा राणा)
अध्यक्ष

(शुर प्रताप राणा)
संरक्षक

परिशिष्ट दुई

गुठी दर्ताको प्रमाण पत्र

श्री ५ को सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

काठमाडौं

द. नं. २४३/०४९/०५० मिति ०४९/८/२६

## प्रमाणपत्र

श्री अध्यक्ष ज्यू

न्हूर-ज्ञांजा प्रतिभा पुरस्कार गुठी

११ भोतिदेवी; काठमाडौं

न्हूर-ज्ञांजा प्रतिभा पुरस्कार गुठी ...नामक संङ्घ संस्था दर्ता ऐन २०३४ को दफा (४) बमोजिम मिति २०४९।८।२६। गते दर्ता गरी यो प्रमाणपत्र दिईएको छ।

स्थानीय अधिकारीको सही

पुरा नाम:- खेमराज कोइराला

दर्जा:- प्रशासकीय अधिकृत

कार्यालय.-


मिति:- ०४९।८।२६

द्रष्टव्य:- यो प्रमाणपत्र हरेक आर्थिक वर्ष भित्र नवीकरण गर्नु पर्ने छ।

परिशिष्ट तिन

गुठी दर्ता नवीकरणको प्रमाण पत्र

परिशिष्ट चार



## नवीकरण

| नवीकरण गरेको मिति | नवीकरणको बहाल रहने अवधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| २०४०।४।२१ | २०४१ साल आषाढ मसान्त सम्म | [illegible] | [illegible] २०४०।४।२१ |
| २०४१।४।२४ | २०४२ साल आषाढ मसान्त सम्म | रु. १००।– | [illegible] २०४१।४।२३ प्रशासकीय अधिकृत |
| २०४२।४।२६ | २०४३ आषाढ मसान्त सम्म | रु. १००।– | [illegible] प्रशासकीय अधिकृत |
| २०४३।४।२५ | २०४४ आषाढ मसान्त सम्म | रु. ३४०।– | [illegible] प्रशासकीय अधिकृत |
| २०४४।४।२४ | २०४५ आषाढ मसान्त सम्म | रु. २००।– | [illegible] प्रशासकीय अधिकृत |
| [illegible] | २०४६ आषाढ मसान्त सम्म | रु. ३००।– | [illegible] प्रशासकीय अधिकृत |
| [illegible] | २०४८ आषाढ मसान्त सम्म | रु. ६४०।– | [illegible] प्रशासकीय अधिकृत |
| | | | |
| | | | |

परिशिष्ट चार
आयकार छुटको प्रमाण पत्र

श्री ५ को सरकार

अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग

☎ ४२४१३०१ (प्र. प्रशासक) ४२२४९४२, ४२२६४४५, ४२२९८७२

# आन्तरिक राजश्व कार्यालय काठमाडौं क्षेत्र नं. १

(.......करदाता सेवा.......शाखा)

त संख्या :- २०६४३५
लानी नं. :- ०८

बबरमहल, काठमाडौं
मिति:- २०५८।४।५

(छाप: नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व कार्यालय, बबरमहल, आन्तरिक राजश्व क्षेत्र नं. १)

## आयकर छुट हुने संस्था दर्ताको प्रमाण-पत्र

आयकर ऐन, २०५८ को दफा २ (घ) को प्रयोजनको लागि देहायको निकाय, संघ संस्थालाई आयकर छुट हुने संस्थाको रुपमा दर्ता गरी यो प्रमाण-पत्र दिईएको छ।

१. निकाय संघ संस्थाको नाम:- नूर-गंगा प्रतिभा पुरस्कार गुठी

२ ठेगाना:- का० म० पा० ३३, [illegible], काठमाडौं।

३. स्थायी लेखा नं.:- ३०१६८८३८१

४. उद्देश्य:- साहित्य, कला र संस्कृतिको क्षेत्रमा गरेको योगदानको मूल्यांकन गरी पुरस्कृत गर्ने।

५. क्रियाकलाप सञ्चालन गर्ने स्थान:- नेपाल अधिराज्य भर।

(हस्ताक्षर) कर अधिकृत

## कर छुट पाउने संस्थाले ध्यान दिनुपर्ने कुराहरु

➪ आयकर ऐन २०५८ बमोजिम भुक्तानीमा कर कट्टी गर्नुपर्ने भए कट्टी गरी ऐनमा तोकिएको म्याद भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्दछ। कर कट्टीको विवरण म्याद भित्र पेश नगरेमा वा कर कट्टी गर्नु पर्नेमा कट्टी नगरे वा म्याद भित्र दाखिला नगरेमा अग्रिम कट्टी गर्नु पर्ने रकम संस्थाबाट अशुल गर्नको साथै शुल्क ब्याज तथा सजाय समेत हुन्छ।

➪ कर छुट हुने संस्थाको सेवा परीक्षण भएको वार्षिक वित्तीय अनिवार्य रुपमा आर्थिक वर्ष समाप्त भएका मितिले तीन महिना भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्छ। पूर्वादेशद्वारा एक आ.ब. भन्दा कम अवधिको लागि कर छुट पाउनेको हकमा कर छुट अवधि समाप्त भएको मितिले एक महिना भित्र त्यस्तो विवरण पेश गर्नु पर्छ।

➪ कुनै व्यक्तिद्वारा कर छुट हुने संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवा वापत कुनै भुक्तानी गर्दा कर छुट उपभोग गर्न पाइन्छ। सो बाहेक सो संस्थाको सम्पत्ति र सो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिले हुने फाइदा प्राप्त गरेको अवस्थामा कर छुट उपभोग गर्न पाउदैन।

➪ संस्थाले आफ्नो उद्देश्यदेखि बाहेक अन्य गतिविधि सञ्चालन गरी कर योग्य आय आर्जन गरेकोमा त्यस्तो आयमा कर छुट हुँदैन।

# परिशिष्ट पाँच
# गुठीको विधान

# नूर-गंगा प्रतिभा पुरस्कार गुठी, २०४९ को विधान

**प्रस्तावना**

पाल्पाली संगमको अनुरोधमा साहित्य, बालसाहित्य र लोकगीत गायनका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने नेपालका र लुम्बिनी अञ्चलका प्रतिभालाई पुरस्कृत र सम्मानित गर्न अक्षय कोषका लागि श्री नूरप्रताप राणा र श्रीमती गंगाराणाले उदारतापूर्वक प्रदान गर्नुभएको अहिलेसम्मको र पछि समय समयमा थपिने धनराशिको ब्याजबाट पुरस्कार र सम्मानको आवश्यक व्यवस्था गर्न गठन गरिएको नूर-गंगा प्रतिभा पुरस्कार गुठीको कामकाजलाई व्यवस्थित गर्न यो विधान बनाइएको छ।

## परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस गुठीको नाम नूर- गंगा प्रतिभा पुरस्कार गुठी, २०४९ रहनेछ। अंग्रेजीमा यसलाई "Noor Ganga Meritorious Award Trust, 1992" भनिनेछ।

(ख) यो विधान गुठी दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "संरक्षक" भन्नाले यस गुठीको स्थापनाका लागि सुरुमा सम्पूर्ण रकम प्रदान गर्ने श्री नूर प्रताप राणा वा निजद्वारा तोकिएको व्यक्तिलाई जनाउने छ।

(ख) "प्रबन्ध समिति" भन्नाले परिच्छेद-४ अनुसार गुठीका संरक्षकले अध्यक्षको सिफारिसमा गठन गरेको अध्यक्षसहितको ९ सदस्यीय समितिलाई जनाउने छ।

(ग) "मूल्याङ्कन उपसमिति" भन्नाले यस गुठीलाई प्रतिभा पुरस्कारका लागि उपयुक्त उम्मेदवारको छनौटमा सघाउन प्रबन्ध समितिले गठन गरेको मूल्याङ्कनकर्ताहरूको समूहलाई जनाउने छ।

(घ) "नियम" भन्नाले गुठीको कामकाजलाई व्यवस्थित गर्न साधारण सभाद्वारा दुई तिहाई बहुमतबाट पारित नियमलाई जनाउँछ।

३. **संस्थाको छाप**

गोलाकार पृष्ठभूमिमा "नूर-गंगा प्रतिभा पुरस्कार गुठी, २०४९" लेखिएको र बीचमा षट्कोण चिन्ह र त्यसको दुवैतर्फ कमलको फूल अङ्कित रहेको छाप यस गुठीको छाप हुनेछ।

४. **संस्थाको कार्यालय**

यस गुठीको कार्यालय काठमाडौं नगरपालिका-३२, मैतीदेवी रहनेछ र आवश्यक देखिएमा शाखा कार्यालय पाल्पा, तानसेनमा स्थापना गरिनेछ।

## परिच्छेद - २

## उद्देश्य

**५. गुठीको उद्देश्य तथा काम कर्तव्य**

गुठीका संस्थापकहरू श्री नूर प्रताप राणा एवं श्रीमती गंगा राणाको तर्फबाट गुठीका लागि प्रदान गर्नु भएको रकमको परिचालनबाट प्राप्त व्याज र अन्य रकमबाट प्रतिवर्ष छनौट भएका प्रतिभालाई पुरस्कृत र सम्मानित गर्नु साथै आवश्यक देखिएमा पुरस्कृत कृतिको प्रचारप्रसार गर्नु यस गुठीको उद्देश्य हुनेछ । सो उद्देश्य प्राप्तिका लागि गुठीले निम्न काम-कर्तव्य सम्पादन गर्न सक्नेछ ।

(क) राष्टिय स्तरका र लुम्बिनी अञ्चलअन्तर्गत ६ जिल्लाका नव प्रतिभा र स्थापित प्रतिभाले नेपाली साहित्य, बालसाहित्य र लोकगीत गायनका क्षेत्रमा गरेका योगदानको मूल्याङ्कन गरी पुरस्कृत र सम्मानित गर्ने,

(ख) पुरस्कार पाउने प्रतिभाको छनौटका लागि आधार निश्चित गर्ने,

(ग) पुरस्कार वितरण कार्यक्रम काठमाडौं वा काठमाडौं बाहिर आयोजना गर्ने,

(घ) आवश्यक देखिएमा स्रोतको विचार गरी पुरस्कृत कृतिको प्रचार गर्ने,

(ङ) गुठीको आय-व्ययको हिसाबकिताब व्यवस्थित राख्ने, एवं

(च) अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद – ३

## सदस्यता

**६. सदस्यका लागि योग्यता**

गुठीको उद्देश्यमा सघाउ पुऱ्याउन सक्ने भनी यस गुठीका संरक्षकले नियुक्ति गरेका व्यक्ति यस गुठीको सदस्य हुन सक्नेछन् ।

**७. सदस्यताको प्रकार**

यस गुठीको स्थापना हुँदा पहिलोपटक समावेश भएका जति संस्थापक सदस्य र पछि थप हुन आउनेलाई सदस्य मानिने छ । एकपटक सदस्य भइसकेको व्यक्ति समितिको निर्णयअनुसार काम गर्न सक्षम नदेखिएमा, मनासिब कारण देखाइ स्वेच्छाले सो पद त्याग गरेमा वा मृत्यु भएमा बाहेक सो पदबाट हट्ने छैनन् ।

**८. सदस्यताको लागि अयोग्यता**

निम्न अवस्थामा गुठीको सदस्यता रहने छैन ।

(क) मानसिक सन्तुलन बिग्रेमा,

(ख) सदस्य रहन नसक्ने मनासिव कारण देखाई अध्यक्षमार्फत दिएको राजिनामा संरक्षकबाट स्वीकृत भएमा,

(ग) अदालतबाट नैतिक पतन मानिने फौजदारी अभियोगमा सजायँ पाएमा,

(घ) मृत्यु भएमा ।

### परिच्छेद - ३

### साधारण सभा र कार्य समिति

**९. साधारण सभा गठन विधि**

गुठीको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने भनी संरक्षकले मनोनयन गरेका सबै व्यक्ति यस गुठीको साधारण सभाका सदस्य हुनेछन्।

**१०. साधारण सभाको अधिवेशन**

प्रत्येक वर्ष गुठीले प्रदान गर्ने पुरस्कार र सम्मान वितरण गर्ने कार्यक्रमको आयोजना गर्नु पूर्व साधारण सभा बस्नेछ। साधारण सभाका लागि ५० प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ।

**११. साधारण सभाको काम कर्तव्य**

साधारण सभाले मूल्याङ्कन परिषद् र प्रबन्ध समितिले पुरस्कारका लागि छनौट गरी सिफारिस गरेका प्रतिभाको सम्बन्धमा आवश्यक छानवीन गरी त्यस्तो सिफारिसको अनुमोदन गर्नेछ। आवश्यक ठानेमा वैकल्पिक प्रतिभाको नाम समेत पुनर्विचारका लागि सिफारिस गर्न निर्देशन दिन सक्नेछ। त्यस अतिरिक्त गुठीको हिसाबकिताबको अनुमोदन गर्ने, गुठीको काम कारवाहीलाई प्रभावकारी बनाउने उपायबारे सुझाव दिन सक्नेछ। कुनै सदस्यले गुठीको उद्देश्य विपरीत कार्य गरेमा दुईतिहाई बहुमतबाट सदस्यताबाट हटाउन सकिनेछ। तर त्यस्तो सदस्यलाई आफ्नो भनाइ व्यक्त गर्न मनासिब माफिकको मौका दिइने छ।

**१२. प्रबन्ध समिति**

साधारण सभाद्वारा निर्वाचित तथा संरक्षकद्वारा मनोनीत गुठीको ९ सदस्यीय प्रबन्ध समितिको गठन निम्नलिखित अनुसार हुनेछ :

| | | | |
|---|---|---|---|
| संरक्षकद्वारा मनोनित एकजना | .- | १ | अध्यक्ष |
| अध्यक्षको सिफारिसमा संरक्षकद्वारा मनोनित | - | १ | उपाध्यक्ष |
| अध्यक्षको सिफारिसमा संरक्षकद्वारा मनोनित पाल्पा र अन्य जिल्लाका जम्मा सातजना | - | ७ | सदस्य |

जम्मा :- ९ जना

यसरी मनोनयन भएका सातजनामध्येबाट दुईजनालाई सदस्य-सचिव र कोषाध्यक्षको कार्यभार सम्हाल्ने गरी अध्यक्षले तोक्न सक्नेछन्। पहिलो पटकलाई सदस्य-सचिव र कोषाध्यक्षको मनोनयन संरक्षकबाट नै हुनेछ। प्रबन्ध समितिका पदाधिकारीहरूको पदावधि ४ (चार) वर्षको हुनेछ।

**१३. प्रबन्ध समितिको बैठक**

(क) गुठीको प्रबन्ध समितिको बैठक आवश्यकतानुसार अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउने छन्। बैठक बस्नुभन्दा ७ (सात) दिन पूर्व बैठकमा छलफल हुने विषय, समय र स्थानबारे सदस्यहरूलाई सूचना दिनु पर्नेछ।

(ख) पचास प्रतिशत सदस्यको उपस्थिति बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ।

१४. **प्रबन्ध समितिको काम र कर्तव्य**

प्रबन्ध समितिको काम कर्तव्य निम्नअनुसार हुनेछ :

(क) प्रतिभा पुरस्कार र सम्मानपत्र प्रदान गर्नका लागि उपयुक्त प्रतिभा छनौट गर्न मूल्याङ्कन परिषद् गठन गर्ने र वैकल्पिक उम्मेदवरहरूको नाम सिफारिस गर्न लगाउने,

(ख) मूल्याङ्कन परिषद्ले सिफारिस गरेका साधारणतया नामहरूमध्येबाट पुरस्कारका लागि प्रतिभाको छनौट गर्ने,

(ग) पुरस्कार र सम्मानपत्र प्रदान गर्ने कार्यक्रमको आयोजना (काठमाडौं वा अन्य स्थान पनि हुन सक्ने) गर्ने,

(घ) गुठीको हिसाबकिताब व्यवस्थित रूपमा राख्ने प्रबन्ध मिलाउने,

(ङ) पुरस्कारको गरीमा बढाउन आवश्यक ठानिएका अन्य कार्यहरू गर्ने,

(च) गुठीको प्रबन्ध समितिको कुनै पद रिक्त हुन आएमा उपयुक्त व्यक्तिलाई प्रबन्ध समितिमा मनोनयन गर्ने।

१५. **मूल्याङ्कन उपसमिति**

आवश्यक परेमा पुरस्कार पाउने प्रतिभाको छनोट गर्नका लागि प्रबन्ध समितिबाट भाषा, साहित्य, बालसाहित्य, संस्कृति, लोकसंगीत आदि विषयमा दक्षता हासिल गरेका महानुभावहरू मध्येबाट पाँचजनासम्मको मूल्याङ्कन उपसमितिको गठन गर्न सकिने छ।

## परिच्छेद – ५

## संरक्षक एवं प्रबन्ध समितिका पदाधिकारीहरूको काम कर्तव्य

१६. **पदाधिकारीहरूको काम कर्तव्य निम्नअनुसार हुनेछ :**

(१) **संरक्षक**

गुठीको उद्देश्य प्राप्तिका लागि प्रबन्ध समितिबाट भएका कामकारवाहीको रेखदेख निगरानी राख्ने र त्यसमा देखा पर्न आएका समस्याहरूको समाधानका लागि अनुरोध गरिएमा निर्देशन दिने।

(२) **अध्यक्ष**

गुठीको बैठक बोलाउन सदस्य-सचिवलाई निर्देशन दिने, बैठकको अध्यक्षता गर्ने, गुठीको काम कारवाहीको रेखदेख गर्ने, समन्वय गर्ने र पुरस्कार प्रदान गर्ने विषयमा बराबर मत परेमा निर्णायक मत दिने।

(३) **उपाध्यक्ष**

अध्यक्षको काममा सघाउने र अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।

(४) **सदस्य-सचिव**

गुठीको सम्पूर्ण प्रशासनिक कामकारवाही गर्ने, अध्यक्षको निर्देशनअनुसार बैठक बोलाउने, निर्णय पुस्तिका व्यवस्थित र सुरक्षित गरी राख्ने गुठीको कामकारवाही बारे सदस्यहरूलाई आवश्यकतानुसार जानकारी दिने ।

(५) **कोषाध्यक्ष**

गुठीको कोषको हिसाबकिताब व्यवस्थित राख्ने, गुठीको उद्देश्यअनुसार कोषको परिचालन गर्ने, हिसाबकिताबको लेखापरीक्षण गराउने ।

## परिच्छेद – ६

## आर्थिक अवस्था

१७. **आर्थिक स्रोत**

गुठीको स्रोत संरक्षकले अक्षय कोषका लागि प्रदान गर्नु भएको रकम र त्यसबाट आर्जित ब्याज लाभांश आदि हुनेछ । गुठीको कोष वाणिज्य बैंकमा मुद्दती वा बचत खाता खोलेर अथवा राष्ट्रिय बचतपत्र अथवा ऋणपत्रमा लगानी गर्न सकिनेछ । पहिलो पटक अक्षय कोषलाई प्राप्त भएको रकममा संरक्षकको इच्छानुसार वृद्धि गर्न सकिनेछ । गुठीको कोषको सञ्चालन प्रबन्ध समितिको निर्णयअनुसार हुनेछ । प्रत्येक वर्ष कानूनी मान्यता प्राप्त लेखापरीक्षकबाट हिसाबकिताबको लेखापरीक्षण गराई जिल्ला प्रशासन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ७

## विविध

१८. **विधान संशोधन**

यस विधानमा संशोधन गठन गर्न आवश्यक भएमा साधारण सभाको दुई तिहाई बहुमतले संशोधन प्रस्ताव पारित गर्नुपर्नेछ । यसरी पारित विधान गुठी दर्ता भएको कार्यालयमा पेश गर्नु प्रबन्ध समितिको कर्तव्य हुनेछ र सम्बन्धित कार्यालयको पूर्वस्वीकृतिपश्चात् लागू हुनेछ ।

१९. **गुठीको विघटन**

गुठीको उद्देश्यबमोजिम कार्य सञ्चालन गर्न नसकी विघटन भएमा यस गुठीको सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ ।

२०. **गुठीसम्बन्धी अन्य कुरा**

(क) प्रतिभा पुरस्कारका लागि प्रत्येक वर्ष उपयुक्त उम्मेदवार छनौट हुन नसकेमा पुरस्कारको रकम उपयोग गर्ने तरिकाबारे निर्णय गर्ने अधिकार प्रबन्ध समितिमा रहनेछ ।

(ख) गुठीका संरक्षकले चाहेमा पुरस्कार प्रदान गर्ने व्यवस्थाको निरन्तरताका लागि ५ सदस्यीय स्थायी समिति गठन गर्न सक्नेछन् ।

(२०६५ सालको संशोधनसमेत)

परिशिष्ट छ

गुठीको नवीकरणको प्रमाण पत्र

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

काठमाडौं, २०६४

संस्थाको नाम : नुर-गेशा प्रतिभा पुरस्कार गुठी

ठेगाना : मैतीदेवी

म.न.पा./न.पा./गा.वि.स./वडा नं. ..............

दर्ता नं./नविकरण नम्बर : २५३/०४५/४०

आ.व. : [illegible] /०६४/०६५

| सि. नं. | नविकरण सिफारिस मिति | दर्ता मिति | दस्तखत गर्नेको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| [illegible] | [illegible] | | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | | [illegible] | [illegible] | [illegible] |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

यो कार्ड हराएमा रु. १००/- तिरी अर्को कार्ड लिनु पर्नेछ ।

## परिशिष्ट सात
## समाज कल्याण परिषद्मा आबद्धताको प्रमाण पत्र

आबद्धता नं. १५४०८

# समाज कल्याण परिषद्

**काठमाडौं, नेपाल**

**२०४९**

## आबद्धताको प्रमाण–पत्र

नुर गंगा प्रतिभा पुरस्कार गुठी, काठमाडौं ................ **लाई**

**समाज कल्याण ऐन, २०४९ को दफा १३ बमोजिम** २०६२ **साल** वैशाख **महिना**

...१५.....**गते आबद्धताको प्रमाण–पत्र प्रदान गरिएको छ ।**

समाज कल्याण परिषद् २०४९ Social Welfare Council

(शरद शर्मा)

सदस्य सचिव

मिति २०६२।१।१५

# परिशिष्ट आठ
# समाचार सङ्कलान तथा प्रसारण पत्र

जि. प्र. का. काठमाडौं द. नं. २५३/२०४८/४९

# नूर-गंगा प्रतिभा पुरस्कार गुठी
## २०४९
## Noor-Ganga Meritorious Award Trust, 1992

पो. ब. नं. ४६७, ठेगाना – ग१/६८, राग कन्दरा, मैतो देवी, काठमाडौं

संरक्षक
नूर प्रताप ज. ब. राणा
फोन नं. ४१४२८२

प्रबन्ध-समिति

अध्यक्ष
डा० चूडामणि बन्धु
फोन नं. ५२२७७६

उपाध्यक्ष
शिवभक्त शर्मा
फोन नं. २७२२७७

सदस्य-सचिव
रामबाबु नेपाल
फोन नं. ४७८८६५

कोषाध्यक्ष
सदीप प्रताप राणा
फोन नं. ४२४५८२

सदस्यहरू
गोपीकृष्ण शर्मा
फोन नं. ४१६५६०

डा. गोविन्द नेपाल
फोन नं. ४२८३२३

राजेन्द्र सुवेदी
फोन नं. ४७४०४६

शम्भु प्रताप राणा
फोन नं. ४२४५८५

कुन्दन प्रताप राणा
फोन नं. ४१८३४६

प. सं.:
च. नं.:

टेलिफोन नं. ४१४२८२
मिति:

**विषय:-** समाचार संकलन र प्रसारण प्रबन्ध गरि दिने सम्बन्धमा ।

श्री हेम बहादुर विष्टज्यू,
अध्यक्ष,
नेपाल टेलिभिजन ।

यस गुठीद्वारा प्रदान गरिने निम्न पुरस्कारहरूको वितरण समारोह २०५४ श्रावण २४ गते शुक्रवार दिनको ५ बजे कृषि आयोजना सेवा केन्द्र रामशाह पथको हलमा हुँदैछ । सम्माननीय प्रधान न्यायाधीश श्री त्रिलोक प्रताप राणाज्यू सो समारोहको प्रमुख अतिथि भइ पुरस्कार वितरण गर्नु हुने कार्यक्रम छ । सो समारोहको समाचार संकलन र प्रसारण गरि दिने प्रबन्धको लागि समितिकोतर्फबाट अनुरोध गर्दछु । कार्यक्रमको समय करीब एक घण्टाको हुनेछ ।


पुरस्कृत प्रतिभाहरु

१. नूर-गंगा संस्कृति लेखन प्रतिभा पुरस्कार – यो पुरस्कारको राशि रु.२१,५०१|- को छ । साथमा सम्मान-पत्र पनि दिइन्छ । यो पुरस्कार यस वर्ष (२०५४) मा प्रा.डा. राम निवास पाण्डेज्यूलाई उहाँको मेकिङ्ग अफ मडर्न नेपाल शीर्षक कृतिको लागि प्रदान गरिएको हो ।

२. नूर-गंगा प्रतिभा पुरस्कार – यो पुरस्कारको राशि रु.२०,०००|- छ र साथमा सम्मान-पत्र पनि दिइन्छ । साहित्य, कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने लुम्बिनी अन्चलका प्रतिभालाई प्रदान गरिने यो पुरस्कार यस वर्ष सिद्धार्थनगर रुपन्देहीका वरिष्ठ साहित्यकार एवं समालोचक डा.वासुदेव पाहाडीज्यूलाई प्रदान गरिएको छ ।

३. नूर-गंगा शैक्षिक प्रतिभा पुरस्कार – प्रत्येक वर्ष पाल्पा जिल्लाबाट एस.एल.सी. परीक्षामा सर्वाधिक अंक ल्याउने र छात्राहरु मध्ये अत्यधिक अंक ल्याउने विद्यार्थीलाई प्रदान गरिने यो पुरस्कार यस वर्ष सेन माध्यमिक विद्यालय तानसेनका छात्र श्री सुजन अधिकारी र मोहन कन्या मा.वि. तानसेनकी छात्रा सुश्री दिव्या शर्मालाई प्रदान गरिने भएको छ । प्रत्येक विद्यार्थीलाई पुरस्कार स्वरुप रु.५,०००|- र प्रशंसा-पत्र प्रदान गरिन्छ ।

## परिशिष्ट नौ
## पुरस्कार स्थापना घोषणा सभाको एक झलक


नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी
स्मारिका
नूर-गंगा प्रतिभा पुरस्कार
स्थापना घोषणा तथा
पुस्तक विमोचन समारोह
नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी
काठमाडौं

परिशिष्ट दस

पुरस्कार वितरण तथा अन्य कार्यक्रमका झलकहरू






## नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी

# स्मारिका




२

नूर-गङ्गा प्रतिभा पुरस्कार गुठी

काठमाडौं



